# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ५ अङ्क ११ | पूर्णाङ्क २०१ | २०७७ भदौ १५ गते सोमबार | Monday, 31 Aug., 2020 | पृष्ठ ८ | मूल्य रू. १०।–


## प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार डा. राजन भट्टराईमाथि आफ्ना पत्नीको नाममा संस्था खडा गरेर 'जासुसी गरेको' तथा 'आर्थिक लाभ' गरेको गम्भीर आरोप



एक जना कुटनीतिज्ञ भन्छन्– 'अनुसन्धानका नाममा राज्यका गोप्य सूचनाहरू बेच्दा कहिले भारत, कहिले चीन खुशी होला । तर, देश भने सधैं हारिरहन्छ ।'

प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार डा. राजन भट्टराईमाथि आफ्ना पत्नीको नाममा संस्था खडा गरेर एक देशबाट पैसा लिई अर्को देशविरुद्ध 'जासुसी गरेको' तथा 'आर्थिक लाभ' गरेको गम्भीर आरोप लागेको *बाँकी ६ पेजमा*

# माग पूरा नभए ११ दलले कडा संघर्ष गर्ने



काठमाडौँ । राष्ट्रियता, जनतन्त्र र जनजीविकासम्बन्धी विभिन्न विषयका साथै सरकारले लिएका कतिपय गलत निर्णय र क्रियाकलापका विषयमा सङ्घर्ष गर्दै आएका ११ दलले सरकारी कमजोरीकै कारण देशमा कोरोना भाइरसको महामारी विकराल बन्दै गएको जनाएका छन् ।

कोभिड १९ को रोकथाम र नियन्त्रणका लागि आफूहरू, अन्य पार्टी र स्वास्थ्यसम्बन्धी विज्ञहरूले दिएका सुझावहरूलाई सरकारले उपेक्षा गरेकै परिणामस्वरूप राजधानीलगायत देशका विभिन्न भागमा कोरोना भाइरसले महामारीको रूप लिएको ११ दलको ठहर छ ।

११ राजनीतिक दलले कोभिड रोकथाम र नियन्त्रणका लागि कन्ट्याक्ट ट्रेसिङ र परीक्षणको कामलाई व्यापकता र तीव्रता दिन, कोरोना भाइरसको उपचार सबैलाई निःशुल्क गर्न, संक्रमित सबैलाई मापदण्डअनुसारको आइसोलेसनको तुरुन्त व्यवस्था गर्न, होम आइसोलेसनमा बस्नेका लागि औषधी, चिकित्सक र नर्सको व्यवस्था गर्न, आईसीयू तथा भेन्टिलेटरको प्राविधिकसहित पर्याप्त मात्रामा व्यवस्था गर्न, विदेशबाट आउने सबैलाई क्वारेन्टाइन र आइसोलेसनमा राखेर मात्र घर पठाउन र विदेशमा अलपत्र परेका नेपालीहरूलाई उद्दार गरी सरकारी खर्चमा देशभित्र ल्याउने व्यवस्था गर्न सरकारसँग माग गरेका छन् ।

कोरोना भाइरस महामारीका कारण सरकारले धेरैजसो जिल्लामा जारी गरेको निषेधाज्ञाबाट श्रमिकहरूको बिचल्ली भएको भन्दै उनीहरूको अविलम्ब बस्ने, खाने व्यवस्था गर्न पनि ११ दलले माग गरेका छन् । यसका साथै आय नभएका र बिचल्लीमा परेका विद्यार्थीको समेत खाने, बस्ने व्यवस्था मिलाउन र भ्रष्टाचार तुरुन्तै नियन्त्रण गरी भ्रष्टाचारीहरूमाथि कारबाही गर्न पनि उनीहरूले माग गरेका छन् ।

जारी लकडाउन र ठाउँठाउँमा गरिएको निषेधाज्ञापछि खाद्यान्न, तरकारी र दैनिक उपभोग्य वस्तुहरूको असीमित रूपमा मूल्यवृद्धि गरिएको भन्दै यसमाथि नियन्त्रण कायम गरी सर्वसुलभ बनाउन र तरकारी बजारमा स्वास्थ्यसम्बन्धी नियमलाई कडाइपूर्वक पालना गराउन *बाँकी ४ पेजमा*

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष ईश्वर तिमिल्सिनाद्वारा प्रेस वक्तव्य जारी

## सशक्त विरोध, भण्डाफोर र प्रतिरोधमा समेत उत्रन महासंघद्वारा आम मजदुरहरुलाई आव्हान

कोभिड-१९ को त्रासदी सँगै राज्यले सुरु गरेको लकडाउन र हाल जारी निषेधाज्ञाले श्रमिक र उत्पीडित जनताको जीवन संकटग्रस्त बनेको स्थितिमा राज्यले श्रमिक र उत्पीडित जनताको पक्षमा काम गर्न असफल भएको भन्दै अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघले प्रेस वक्तव्य जारी गरेको छ। महासंघका अध्यक्ष ईश्वर तिमिल्सिनाद्वारा जारी गरिएको वक्तव्यमा भनिएको छ- कोभिड-१९ को त्रासदी सँगै विकसित परिस्थितिले विश्वव्यापी संकटको रूप ग्रहण गर्दैछ। डब्लुएचओले स्वास्थ्य महामारी भनेर घोषणा गरे पनि यो संकट मुख्यतः आर्थिक संकट हुँदै राजनीतिक, सामाजिक र अन्य संकटको रूपमा विस्फोटक बन्दै गएको छ ।

नेपालमा पनि कोभिड-१९ को कारण देखाई सरकारले ०७६ चैत्र ११ देखि श्रावणसम्म निरन्तर लकडाउन गर्यो । हाल संघीय राजधानी सहित देशका अधिकांश शहर तथा जिल्लाहरूमा निषेधाज्ञा जारी गरिएको छ। यसले देशको आर्थिक, राजनीतिक र सामाजिक क्षेत्रमा विविध संकटहरू उत्पन्न गरेको छ। करिब १ तिहाई मजदुरको पुर्ण रोजगारी गुमेको स्थिति छ भने मजदुर वर्गको तलब सुविधामा भीषण कटौती गरिएको छ। होटल, पर्यटन, अटो, यातायातको क्षेत्रमा काम गर्ने मजदुरहरूको संकट विस्फोटक बनेको छ भने यो स्थिति बिस्तारै निर्माण, उद्योग, संघ संस्था, सेक्युरिटी आदि क्षेत्रमा काम गर्ने मजदुरहरूको *बाँकी ८ पेजमा*

## दलित युवक हत्या प्रकरणमा गरुडाका डीएसपी अनुसन्धानका लागि प्रदेश २ प्रहरी कार्यालय जनकपुर तानिए

**मृतक विजयको भिडियो सार्वजनिक । भिडियोमा उनले भनेका छन्- 'मलाई हत्या स्वीकार गर भनेर प्रहरीले दुई दिनसम्म बाँस, फलामे पाइप र बुटले हान्यो'**



गरुडा नगरपालिका-८ जिंगडियाका १७ वर्षीय निरञ्जन रामको हत्या आरोपमा पक्राउ परेका विजय महराको भिडियो सार्वजनिक भएको छ। भिडियोमा उनले 'प्रहरीले हत्या स्वीकार नगरे *बाँकी ६ पेजमा*

## डबल नेकपामा राष्ट्रघाती 'एमसीसी' पास गर्ने बटमलाइनमा सहमति



काठमाडौँ । सत्तारुढ पार्टी डबल नेकपाभित्रको किचलो अन्ततः राष्ट्रघाती एमसीसी पास गर्ने बटमलाइनमै अन्त्य गराइएको पाइएको छ। सतहमा देखिएका तमाम अन्तरविरोध, नेताहरूबीचको घोचपेच र कित्ताबन्दी सबै एमसीसीकै वरिपरि केन्द्रित थिए भन्ने कुरा पनि प्रष्ट हुन पुगेको छ। अमेरिकन र इन्डियन खेमा बीचमा चर्किएको अन्तरविरोध अन्ततः इण्डो-अमेरिकन ब्लकको आपसी लेनदेनमा सहमतिसँगै नेकपाभित्रको विवादलाई पनि किनारा लगाइएको छ। ओली र प्रचण्डबीचको सहमति अमेरिकन र इण्डियन मार्काबीचको सहमति जस्तो देखिन पुगेको छ। प्रधानमन्त्री र पार्टी अध्यक्ष दुवै पदबाट राजिनामा दिनुपर्ने प्रचण्ड-नेपाल समूहको अडान अन्ततः ओलीलाई नै शक्तिशाली बनाउने सहमतिमा गएर टुंगिएको छ। प्रचण्ड-नेपाल समूहले राजिनामा माग्दै गर्दा प्रम ओलीले घुमाउरो भाषामा इण्डियाले पार्टीभित्रकै 'इण्डियन दलालहरू'मार्फत् *बाँकी ८ पेजमा*

## चार किसान संगठनहरुको संयुक्त भर्च्यूअल बैठक सम्पन्नपछि संयुक्त वक्तव्य सार्वजनिक

चार किसान संगठनहरू - अखिल नेपाल किसान महासंघ (अप्पो), अखिल नेपाल किसान महासंघ(क्रान्तिकारी), अखिल नेपाल किसान यूनियन र अखिल नेपाल प्रगतिशील किसान संघको संयुक्त भर्च्यूअल बैठक सम्पन्न गरेका छन् । बैठकले गरेका निर्णय र निष्कर्श संयुक्त बक्तब्य सार्बजनिक गरेका छन र सार्वजनिक गरिएका जानकारीहरू निम्नलिखित छन् :

***संयुक्त बक्तब्य***

हामी चार किसान संगठनहरू - अखिल नेपाल किसान महासंघ (अप्पो, अखिल नेपाल किसान महासंघ(क्रान्तिकारी, अखिल नेपाल किसान यूनियन र अखिल नेपाल प्रगतिशील किसान संघको संयुक्त भर्च्यूअल बैठक सम्पन्न भयो । बैठकले निम्न निर्णय गरेको र निष्कर्श सार्बजनिक गर्दछौ :

हामी चार किसान संगठनले हालै आयोजना गरेको 'कोभिड -१९ को कृषिमा परेको असर र राज्यको दायित्व' बिषयक भच्यूअल अन्तरक्रिया कार्यक्रममा आमन्त्रित बिभिन्न बिषय बिशेषज्ञ बिद्वानहरू बैज्ञानिक ब्यक्तित्वहरू, कृषि र किसानका बिभिन्न समस्यासँग जुधिरहेका बिभिन्न किसान संगठनका नेताहरू स्वदेश र प्रबासबाट समेत उपस्थित भएर बहुमूल्य सुझाव दिनुहुने विशिष्ठ महानुभावहरू सबैमा आयोजकको तर्फबा ट हार्दिक धन्यबाद दिन चाहान्छौँ र देशका किसान र कृषिका आधारभूत र गम्भीर समस्याहरूको सही समाधान गर्न आगामी दिनमा पनि अझ सशक्त सुझाव, साथ र सहयोग प्राप्त भइरने बिश्वास ब्यक्त गर्न चाहन्छौं ।

कोरोना महामारीबाट देश र जनतालाई जोगाउन सरकारले युद्धस्तरमा परिचालित भएर यसको रोकथाम र नियन्त्रण गर्न सबै उपाहरूको अबलम्बन गर्नु पर्नेमा सरकारी उदासीनता, लापरबाही र उपेक्षापूर्ण गतिबिधिले गर्दा करीब चार महिनाको पहिलो लकडाउन र त्यसपछिको दोश्रो लकडाउनका बीच पनि कोभिड-१९ को बढ्दो प्रकोपले देश र जनतालाई सन्त्रस्त पारेको छ ।खाशगरी श्रमिक, किसान, स्वयं चिकित्साकर्मी, सुरक्षाकर्मी, र यसमा खटिएका कर्मचारीहरू समेत यो कोरोनाको चपेटामा परेका छन् । हामी किसान लगायत आम जनतालाई यसको प्रकोपबाट *बाँकी ८ पेजमा*

## नेपालमा भारतको समानान्तर सरकारको अभ्यास गराईदै

***नेपालको आन्तरिक मामिलामा 'माइक्रो मेनेजमेन्ट' गर्दै आएको भारतले आफ्नो दूताबासमार्फत साना परियोजनामा लगानी गरेर नेपालमा समानान्तर सरकारकै हैसियतमा अर्बौं रूपैयाँ सिंधै परिचालन गर्दै आएको भारतलाई दशभक्तको पगरी भिरेको ओली सरकारले रातो कार्पेट बिच्छ्याएको छ***



● हुकुमबहादुर सिंह ●

नेपालका प्रधानमन्त्री केपी ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच टेलिफोन वार्ता भएको छ । ओलीका सल्लाहकारहरू भनिरहेका छन-'यो फोन संवाद त्यतिकै भएको होइन, नेपालको तर्फबाट लगातार भइरहेको कुटनीतिक प्रयासका कारण त्यो सम्भव भएको हो ।' नेपाली जनतालाई भ्रम दिन यो भनाई काफी छ ।

तर त्यो 'कुटनीतिक प्रयास' भनेको आफ्नो दूताबासमार्फत साना विकास परियोजना (एसडिपी) मा लगानी गरेर नेपालमा समानान्तर सरकारकै हैसियतमा अर्बौं रूपैयाँ सिंधै परिचालन गर्दै आएको भारतलाई ओली सरकारले परियोजनालाई अर्र्को ३ वर्ष लम्ब्याउने निर्णय गरेर भारतीय विस्तारवादको तावेदारी गरेको परिणाम हो ।

ओलीको यो तावेदारीसँगै २०७७ भाद्र १ गते साना विकास परियोजना (एसडिपी)को समिक्षा भर्चुअल बैठक पनि काठमाण्डौमा सम्पन्न गरिएकोछ। जसमा सिमा समस्यावारे सम्वादको अलिकति पनि संकेत देखिएन ।

***के हो साना विकास परियोजना (एसडिपी) ?***

साना विकास परियोजना (एसडिपी) कार्यक्रमअनुसार भारतीय दूतावासले नेपालका कुनै पनि स्थानका विद्यालय, स्वास्थ्य चौकी तथा अन्य भौतिक पूर्वाधार निर्माणमा तीन करोड(पछि पाँच करोड) रूपैयाँ सम्म सिधै *बाँकी ७ पेजमा*

## सम्पादकीय

# सिन्जो अबे र केपी ओली

जापान एउटा पुँजीवादी मुलुक हो । र, सिन्जो अबे त्यो देशका प्रधानमन्त्री । उनले स्वास्थ्य अवस्थाका कारण कोरोना महामारीमा देश जनताप्रतिको आफ्नो कर्तव्य पुरा गर्न नसकेको भन्दै प्रधानमन्त्री पदबाट राजिनामा दिए । र, जनतासँग माफी पनि मागे । उने भने, "भलै मेरो कार्यकालको एक वर्ष अझैं बाँकी रहेपनि मैले मेरो स्वास्थ्य अवस्थाका कारण प्रधानमन्त्री पदबाट राजीनामा दिने निर्णय गरेको छु । मैले आफ्नो कर्तव्य पुरा गर्न नसकेकोमा माफी चाहन्छु ।" गएको शुक्रबार टोकियोमा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री अबेले यस्तो भनेका थिए ।

सन् २०१२ देखि लगातार प्रधानमन्त्री रहेका अबेले जापानको इतिहासमै सबभन्दा बढी समय लगातार सरकार प्रमुखको जिम्मेवारी सम्हाल्दै आएका थिए । त्यसअघि पनि सरकारको नेतृत्व गरेका अबेले स्वास्थ्यकै कारण सन् २००७ मा एक वर्षमै पद छाडेका थिए । जापानमा आएको प्राकृतिक विपत्ति र कोरोनाभाइरस संक्रमणको महामारीका कारण अबेले १४७ दिनसम्म अनवरत काम गरेको समाचार एजेन्सीहरूले बताएका छन् । अबे मात्र होइन विश्वमा अरु धेरै पुँजीवादी नेताहरू छन् जसले अनुकरणीय नैतिकता प्रदर्शन गरेका छन् । तर आफूलाई 'कम्युनिस्ट' भएको दावी गर्ने नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले भने पटक पटक विरामी परेर लामो समयसम्म अस्पताल भर्ना हुँदा पनि प्रधानमन्त्री पदबाट राजिनामा दिएनन्, बरु अस्पतालको शैय्याबाटै क्याबिनेटको बैठक चलाए । आफू विरामी हुँदा नियमित र रणनीतिक महत्वका विषयहरूमा गरिनु पर्ने कार्यसम्पादन प्रभावित हुँदा पनि प्रधानमन्त्री ओलीमा त्यसको कुनै महसुस भएको पाइएन । आफ्नै पार्टी र आम जनताले राजिनामा दिनुपर्ने आवाज उठाउँदा पनि ओलीले राजिनामा दिएनन्, बरु दोस्रो पटक किड्नी फेरेर फेरि पनि प्रधानमन्त्री पदमा नै आसिन छन् । ओलीकै स्वास्थ्यका कारण राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू लगायत तत्कालीन र रणनीतिक महत्वका धेरै कार्यहरू, जसले मुलुकलाई धेरै पछाडि पार्‍यो तर ओलीलाई यसको कुनै पश्चाताप छैन । सडकदेखि सदन हुँदै सरकार र सम्बद्ध पार्टीले समेत राजिनामा माग्दा पनि ओली अनैतिक रूपमा प्रधानमन्त्री पदमा टाँस्सिइरहेका छन् । बरु उल्टै प्रधानमन्त्रीबाट राजिनामा दिनुपर्ने स्थिति आए अद्यादेशमार्फत् संसद नै विघटन गर्नेसम्मका षड्यन्त्रका तानाबाना बुनिरहेका छन् । राष्ट्रियता, जनतन्त्र, जनजीविका, कोरोना महामारी तथा सुशासनमा पूर्णतः असफल सावित हुन पुगेका प्रधानमन्त्री ओलीले 'कम्युनिस्ट' र 'वामपन्थी' शब्दकै अपमान र बद्नाम गरेका छन् । जस्तोसुकै परिस्थितिमा पनि राजिनामा दिन तयार नहुने ओलीलाई बलपूर्वक नगलहत्याएसम्म प्रधानमन्त्रीबाट हट्ने देखिन्न ।

गएको चुनावमा जनताले 'कम्युनिस्ट' अनि 'राष्ट्रवाद' भनेर ओलीलाई प्रधानमन्त्री बन्ने अवसर दिए । दुई तिहाइ जनमत पाएको सरकारले देश र जनताको हितमा रणनीतिक महत्वका काम गर्ला भन्ने जनताले ठूलो अपेक्षा गरेका थिए । तर ओलीले सत्तासिन भएयताको अवधिमा आफैले स्पष्ट पारिसके कि उनी कम्युनिस्ट पनि होइनन् र राष्ट्रवादी पनि थिएनन् । केवल कम्युनिस्ट र राष्ट्रवादी विशाल जनपंक्तिको भोटका लागि उनले 'खोल' मात्र ओढेका हुन् । उनी नक्कली कम्युनिस्ट, नक्कली राष्ट्रवादी भएको कुरा उनकै गतिविधिले पटक पटक पुष्टि गरिसकेको छ । र, हिजो अमूल्य मत दिएर प्रधानमन्त्रीको कुर्सीमा पुर्‍याएका जनताले नै आज ओलीको राजिनामा माग्नुपर्ने परिस्थिति सिर्जना हुन पुगेको छ । देश र जनताप्रति जिम्मेवार र जवाफदेही हुनेभन्दा पनि विदेशी शक्तिकेन्द्रको दलालीमा कुर्सी जोगिने विश्लेषण गर्दै ओली यतिखेर अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको नाङ्गो दलालीमा छन् । एमसीसी पास गर्ने र भारतलाई आफूखुशी नेपालमा परियोजना सञ्चालन गर्न दिने कामको अगुवाइ ओलीले गरिरहेका छन् । कोरोना महामारी लगायत रोग र भोकले जनताको जनजीवन अस्तव्यस्त, आक्रान्त र मृत्युको मुखमा धकेलिइरहँदा ओली सरकार भने पार्टीभित्र नाटकीय किचलो झिकेर आफ्नो असक्षमताको ढाकछोपतिर लागेको छ । भ्रष्टाचार, कमिसनले कलंकित बनेको ओली सरकार यतिखेर राज्यको ढुकुटी, स्रोतसाधनमाथि ब्रम्हलुट मच्चाउन मग्न छ । राज्यको पदीय हैसियत दुरूपयोग गरेर निजी बैभव जोड्न तल्लीन छ । बेलैमा ओलीलाई सत्ताच्युत नगरे देशै बेचिखाने हुन् कि भन्ने गम्भिर सवाल खडा हुन पुगेको छ । दलालहरूमा नैतिकता नामको 'न' पनि हुँदैन भन्ने तथ्यलाई ओलीले प्रदर्शित गरिरहेका छन् । यस स्थितिमा ओली पुँजीवादी मुलुकका प्रधानमन्त्री अबेसँग तुलनायोग्य छैनन् ।

परिवर्तनको सम्वाहक

मूलबाटो


सत्यतथ्य निषक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

## भाषाको बहस

# संस्कृत र किनाराकृत मातृभाषा


● सीताराम तामा ●

प्रथम पटक नेपालको संविधान २०४७ ले नेपालमा मातृभाषाको रूपमा बोलिने सबै भाषाहरूलाई राष्ट्रिय भाषा मानेपछि ती भाषाहरूमा पठनपाठनको लागि २०५४ सालमा भाषा सुझाव आयोग बन्यो र सो आयोगले तत्काल राज्यलाई सुझाव पनि दियो । अहिले नेपालमा बोलिने मातृभाषा १२३ भन्दा बढि छन् । तिनका लागि पाँच वर्ष भित्रमा पाठ्यक्रम र पाठ्य पुस्तक तयार गरी लागु समेत गरियोस । त्यो लागु गरिएन, त्यो अर्कै पाटो हो । तर संस्कृत कुनै जात-समुदायको मातृभाषामा नपरेपछि तत्कालीन एमालेको सरकारले संसदबाट पारित गराएर लागु गर्ने नीति लियो । तर एमालेको सरकारको त्यो प्रयास असफल भएपछि यो मुद्धा थन्किएको थियो ।

अहिले फेरी नेकपा(नेकपा)को सरकारले संस्कृत शिक्षा सरकारी विद्यालयमा पठनपाठन गराउने नीति लिएको छ । सरकारी स्कूल चलाउन नसकेर प्राइवेट स्कूललाई व्यवस्थापनको जिम्मा लगाउने शिक्षामन्त्री गिरिराजमणि पोखेलको अध्यक्षतामा राष्ट्रिय पाठ्यक्रम विकास केन्द्रले २०७६।१०।०२मा गरेको निर्णयबाट २०७७ सालदेखि संस्कृत शिक्षा १ कक्षाबाट लागु गर्दै जाने भएको, त्यसकालागि पाठ्यपुस्तक समेत तयार पारी सकेको पाठ्यक्रम विकास केन्द्रको २०७७/०१/०२को विज्ञप्तिमा छ ।

दुःखको कुरो ! जुन नगरिनु पर्ने हो त्यो गरियो र जुन गर्नु पर्ने त्यो गरिएन । २०५४ सालमा बनेको भाषा सुझाव आयोगले नेपालमा बोलिने १२३ भन्दा बढि मातृभाषाहरूको लागि पाँच बर्षभित्रमा पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी लागु गर्ने सुझाव दिएकोमा आज २०७७ सालमा आईपुग्दा जम्मा २४ वटा मातृभाषाको पहिलो पुस्तक छापिएका छन् । २५ बर्षमा २४ वटा पुस्तक छापिने हो भने बाँकी मात्रृभाषाका पुस्तकहरू छाप्न कति बर्ष लाग्ला ! त्यो अबस्थासम्म ती मातृभाषाहरूको हविगत के होला ? कतिपय त 'पित्तुङ' नै भईसकेको पनि हुँदो हो ! संवैधानिक हक प्राप्त मातृभाषाहरूलाई दुर्गति पारेर गैर संवैधानिक भाषाको पाठ्यक्रम बनाउने, पुस्तक छपाउने र लागु गर्ने अधिकार शिक्षामन्त्री र पाठ्यक्रम विकास केन्द्रका कर्मचारीलाई कहाँबाट प्राप्त भयो ? जुन कसैको मात्रृभाषा होइन, संविधानले मानेको छैन, जसको मुद्धा एक पटक किनारा लागि सकेको छ, त्यसलाई पुनः विउँताउनुको नियत के हो ?

अहिले स्थानीय सरकारको अधिकारभित्र आधारभूत तहको शिक्षा (१-८सम्म) र माध्यमिक तहको शिक्षा (९-१२) पारिएकोछ । मातृभाषा, संस्कृति, सामाजिक, इतिहास, भूगोल, आदि विषय स्थानीय आवश्यकतामा पठन पाठन गराइन्छ र मातृभाषाको पठनपाठनलाई नै प्राथमिकता दिनु पर्ने ब्यवस्था छ । स्थानीय तहमा यस्तो ब्यवस्था हुदा हुँदै पाठ्यक्रम विकास केन्द्रले यस्तो गैरकानुनी काम गरेको छ । मातृभाषा पठनपाठन हुन नसक्ने अवस्थामा संस्कृत भाषाको पठनपाठन हुनेछ भनेर संस्कृत शिक्षा घुसाएको छ । यो चोर बाटोबाट संस्कृत घुसाएपछि त्यसलाई अनिवार्य बनाउने चोर तरीका हो । यो त संस्कृतको बखेडा झिकेर मातृभाषाहरूलाई किनारा लगाउने कुत्सित नियत हो । त्यसैले पहिलेनै खारेज भै सकेको र राज्य सत्ताको दिल दिमागबाट समेत हराइ सकेको संस्कृतको विषय पुनः बहसको बिषय बनाइएकोछ, बनेको छ ।

***जसको जौं खानु उसैको जुङ्गा उखेल्नु***

बहुभाषिक, वहुधार्मिक, वहुसांस्कृतिक र बहुजातीय समाज नै नेपालको आफ्नोपन हो, नेपालको विशिष्ठता हो । विश्वमा लोकतन्त्रको निमित्त जतिपनि संघर्ष भएका छन् तिनको लक्ष्य मानव स्वतन्त्रता र समानता प्राप्ति नै हो । देशका सबै वर्ग र जाति तथा जनजातिका जनताका भाषा, धर्म, संस्कृतिले सबै क्षेत्रमा पूर्ण समानता र समान अधिकार प्राप्त गर्नु नै लोकतान्त्रिक क्रान्तिको मूल लक्ष हो । वहुभाषिक मुलुकमा कुनै एउटा भाषालाई राष्ट्रभाषा, सम्पर्क भाषा आदि भनी विशेष स्थानदिनु, एउटामात्र भाषालाई सरकारी कामकाजको भाषाभनी घोषणा गर्नु भनेको त्यो भाषाबोल्ने जनतालाई मात्र विशेषाधिकार दिनु हो । यसलाइ लोकतन्त्र विरोधि जातिवादी नीति भनिन्छ ।

वहुधार्मिक जनताको साझा देश नेपाललाई एक धर्मको राज्य भन्नु लोकतन्त्र नभएर प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उग्रजातिवाद हो । यस्ता उग्रजातिवादीहरू आज नेपालको शासन सत्तामा छन् र तिनैले आज नेपालमा सामाजिक सद्भाव (सोसियल हार्मोनी) खलल पारेर जातीय विभेदलाई बढवा दिएका छन् । पृथ्वीनारायण शाहको राज्य-विस्तारपछि नेपालको सामन्ति शासन ब्यवस्थाले अर्को मोड लियो र युगौंदेखि चल्दै आएको सामन्ती शोषणमाथि अर्को एउटा शोषण थपियो । त्यो शोषण हो-जातीय दमन ।

शाहवंशको शासनको कारण नेपाली जनताले अत्यन्तै क्रुर खालको सामन्ती शोषणको जाँतोमा पिल्सिनुका साथै जातीय भेदभावको कस्ट पनि भोग्नु पर्‍यो । उनैका जातिका *बाँकी ४ पेजमा*

# जनता प्राकृतिक प्रकोप र कोरोना (कोभिड-१९)को चपेटामा ओली सरकार भ्रष्टाचारमा


●धननाथ सापकोटा ●

*प्रदेश सरकारको काम प्रदेशको विकास गर्ने र जनतालाइ शुसासन दिने हो तर यसले यसका बदलामा विभिन्न विकासको नाममा आफ्ना मान्छेलाइ ठेक्का पट्टा पार्ने जङ्गल तथा नदिजन्य वस्तु को दोहन गर्ने जसका कारण आज जनताको यति धेरै नोक्सान भएको छ ।*

पृथ्वीमा प्रायगरेर प्रकृतिक प्रकोपहरू समय अनुसार फरक फरक ढङ्गले प्रकटहुँदै आएको हुन्छ । चैत वैसाख तिर हावाहुरी आएर घर गोठ उडाउनुको साथै वालिनालिको नोक्सान गर्दछ । गतसाल वारा जिल्लामा हावाहुरीले नसोचेको ठुलो क्षति गर्‍यो । वर्षादको समय असार श्रावणमा पानि पर्ने मौसम भएको हुनाले वाढीपहिरोको जोखिम हुन्छ । यो वाहेक भुकम्प चट्याङ्ग अधिकगर्मि अधिक जाडो विभिन्न खालका सरूवारोगहरूको पनि मानव जगत ले सामना गर्नु परीरहेको छ । यसवर्ष देशका पहाडि जिल्लाहरूले पहिरोको कारणले ठुलो धनजन को क्षति व्यहोर्नु पर्‍यो । यसरी पहिरो जानु र पहिरोवाट ठुलो मात्रामा क्षतिहुनुमा कसको जिम्मेवारी छ । जसको यहाँ चर्चा गरिएको छ । प्रकृतिक प्रकोपलाइ दुइ प्रकारबाट न्युनिकरण गर्न सकिन्छ ।

***(१) व्यक्ति स्वंय***

आफैले होसियार अपनाउने भुकम्प प्रतिरोध घर निर्माण गर्ने हावा पानिवाट छल्न घरभित्र वस्ने सकभर समथर भुभाग वाढि पहिरो को जोखिम कम हुने ठाँउमा घर वनाएर वस्ने प्रकोपलाइ छल्दै जिवनलाइ समयसापेक्ष वनाउँदै लग्ने ।

***(२) प्रकृतिमाथि अतिक्रमण***

विकासको नाममा होस, चाहे धन आर्जन गर्ने नाममा किननहोस प्रकृतिमाथि अतिक्रमण गरेर ठुला ठुला विपतिहरू हामिमाथि आइलागेकाछन । यस पृथ्विमा मानिसलगायत सिङ्गो जिवजन्तुसम्मलाइ संसारका शासकहरूवाट वस्न अयोग्य वनाइरहेका छन् ।

यस वर्ष देशको पहाडि जिल्लाहरूमा पहिरोले ठुलो धनजनको क्षति हुनगएको छ । श्रावणको अन्तिम साता सिन्धुपाल्चोकको जुगल गाविको लिदिगाँउमा पहिरोले वगाएर लग्यो जशवाट प्रारम्भिक रिपोर्टअनुसार २९ जनाको ज्यान गइसकेको छ, भने १० जना वेपता छन । मृतक र वेपत्ताको संख्या अझै वड्ने स्थिति रहेको छ यस्तै भाद्र २ गते राति अछाम जिल्लाको रामारोशनको सैनि वजार पहिरोले वगाएर लग्यो जसमा ६ जना को शव भेटियो ११ जना वेपता लगायत ठुलो धन जनको क्षति भयो । यो सगै दार्चुलामा पनि पहिरो ले ठुलो नोक्सान पुरायो कालिकोट,म्याग्दी,डडेल्धुरा,वैतडि,पर्वत,दैलेख, दोलखा लगायत जिल्लाहरू पनि वाढीको चपेटामा परेको छ । अछाम जिल्लामै श्रावण ३१ गते खोलाले वगाएर ४ जनाको ज्यान गयो । देशमा सरकार भएको कुनै अनुभुति जनताले गर्न पाएका छैनन । ओलि सरकारका मन्त्रिहरूले नैतिकताले नेपाली जनताको रगत पसिनावाट जम्मा भएको ढुकुटीवाट तलव खान्छन ? तलव मात्र खाए त हुन्थ्यो अझ भ्रष्टचार गरेर देशलाइ कङ्गाल वनाइ रहेका छन । पहिरो पिडितहरूलाइ ओलि सरकारका मन्त्रिहरूले एकदिनको भत्ताजति जावो एकलाख राहतको घोषणा गरेर झाराटार्न खोज्दैछन । पहिरो पिडितहरूलाइ पुर्णरूपमा उपचारको ग्यारेन्टि र वाँचेकाहरूलाइ पुर्णरूपमा गाँस वाँस कपासको ग्यारेण्टीको प्रतिवबध्दता गर्नु पर्नेमा एकलाख दिएर पन्छिन खोज्दैछ । ओलि सरकार जनताको भावनामा आगो बालेर इनार खन्नेकाम नगर । विचार गर त तिम्रो र तिम्रो मन्त्रिहरूको एकदिनको खर्चकति हुन्छ । मौसमविद्हरूले यस बर्ष धेरै वर्षाको संभावना छ, वाढिपहिरो को संभावना छ भनेर भनेकै थिए । उनिढरूले नभनेपनी सरकारले आफै जानेर विज्ञहरू खटाएर जोखिम युक्त वस्तिलाइ सुरक्षाको ग्यारेण्टि गर्नु पर्दथ्यो । वाढी आकस्मिक आएको होइन वर्सायाममा वाढी आउछ पहिरो जान्छ भन्नेकुरा यसै जान्नेकुरा हो, त्यसमा पनि मैसमविद्ले जानकारी गराएकै थिए । कतिपय ठाँउमा जनताले हाम्रो गाँउहरू वाढी पहिरोको जोखिममा छन भन्दाभन्दै पनि सरकारले कुनै टेर पुछर लगायन । ओलि र प्रचण्ड भुस्याहा कुकुरहरू हड्डिमा लड्दा झै पदककालागि लडेर रमिता देखाए जसकारण आज जनताको यति धेरै हताहति भयो । जनता कहाँ जाउन के गरून अफ्नो घर गाँउ खतरा छ भन्दा भन्दै पनि वाध्यताले त्यहि घरमा बस्नुपर्‍यो । अखिरमा छदा खादाको जिवन समाप्त भयो । शासकहरू सुरक्षित स्थलमा वसेकका छन, देशलुटेर खाएका छन्,त्यसतालाइ अन्तराष्ट्रिय अदालतमा मुद्दा हाल्नुपर्छ भन्ने भनाइ पनि आएका छन् । नभएपनि एक दिन नेपालि जनताको अदालतको कठघरमा त उभ्याउनै पर्छ । इतिहासमा भ्रष्ट दलाल राष्ट्रियताघाति ग्रैहजिम्मेवारीको रूपमा ओलि सरकार दर्ज हुनगएको छ । देशमा यति धेरै प्राकृतिक प्रकोपवाट धनजनको नोक्सान हुनमा ओलि सरकारका निम्न लापर्वाहि रहेका छनः-

***(१) केन्द्रीय सरकारबाट गरिएका लापर्वाहीहरु***

(क) सुचना गर्दा गर्दै पनि ओलि सरकारले कुनै प्रकारको तयार नगर्नु (ख) ओलि सरकारका मन्त्रिहरू तथा उनका आफन्तहरू वन फाँडेर धन आर्जन गर्ने धन्दामा लागेर भुक्षय वढेर जानाले आज यत्रो क्षति वेहोर्नु पर्यो । (ग) कुनै पनि भैतिक शंरचना निर्माण गर्न वनलाइ नै तारो वनाउने चाहे एयरपोटर्, वसपाकर्, सडक, मठमन्दिर, सार्वजनिक भवनहरू, भवनहरू, जे निर्माण गर्न परेपनि जङ्गलकै नास, जसले गर्दा भुक्ष्य भएर आज यो अवस्था सृजना भएको छ ।

***(२) प्रदेश सरकारका लापर्वाहिहरु***

प्रदेश सरकारको काम प्रदेशको विकास गर्ने र जनतालाइ शुसासन दिने हो तर यसले यसका बदलामा विभिन्न विकासको नाममा आफ्ना मान्छेलाइ ठेक्का पट्टा पार्ने जङ्गल तथा नदिजन्य वस्तु को दोहन गने ' जसका कारण आज जनताको यति धेरै नोक्सान भएको छ ।

***(३) स्थानीय निकायहरु***

स्थानीय निकायहरूले त गाँउ ठाँउ मुखिया राजामहाराजाको जस्तै जनताको ढाड सेक्नेगरी कर उठाउने सो करवाट जम्मा भएको रकम र माथिवाट आएको वजेटवाट डोजर एक्जाभेटर खरीद गर्ने, अफ्ना मान्छेलाइ ठेक्का पट्टा पार्ने, विकासको नाममा सारा वन फडानि गने ', अव्यवस्थित अवैज्ञानिक ढङ्गले प्रकृतिमाथि डोजर चलाएर आज यो दुर्दशा निम्त्याइएको छ ।

***निश्कर्ष***

एकातिर सरकारको गैरजिम्मेवारी गतिविधिवाट कोरोना भाइरस (कोभिड-१९) बाट धनजनको क्षति हुने राष्ट्रियतामाथि उस्तै अतिक्रमण भएको छ । यी यावत घटना को समिक्षा गरेर ओलि सरकारले आफुलाइ सच्याएर देश र जनता प्रति गम्भिर नहुने हो भने ओलि सरकारको मात्र होइन यो संसदीय व्यवस्थाको विकल्पमा नेपालि जनताले एकदिन कठोर निर्णय लिने पक्का पक्कि छ ।

*चितवन*

# राष्ट्रियता ,जनतन्त्र, जनजीविकाका समस्या र समाधान



● दिनेश शर्मा ●

*हाम्रो स्पष्ट दृष्टिकोण छ कि भारतसँग विगतमा गरिएका सबैखाले असमान सन्धि, सम्झौता वा सहमति खारेज गरि पारस्परिक हित र समानताको आधारमा हाम्रो असंलग्न परराष्ट्र नीति अनुरूप आवश्यक सन्धि सम्झौता वा सहमति गर्न सकिन्छ । परन्तु कुनै सन्धि सम्झौता वा सहमति बाहिरबाट कालापानी क्षेत्रमा तैनाथ गरिएका भारतिय सेना तुरुन्तै हटाई लिम्पियाधुरा सम्मको नेपाली भुभाग फिर्ताको माग गर्दै नेकपा(क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रीक मोर्चा, नेपालले विगत २ वर्ष अगाडिदेखि चुच्चे नक्सा प्रदर्शन र वितरण, पर्चा प्रकाशन, सभा, जुलुस, अन्तरक्रिया र विभिन्न सरकारी कार्यलयहरूमा अनुगमनलाई तीव्र रूपमा अगाडी बढाएको थियो । यो सँगै पार्टी र मोर्चाले संयुक्त रूपमा मेचि-महाकाली अभियान मार्फत राज्यको खबरदारी र जनसमुदायमा राष्ट्रिय जागरण पैदा गराउने अभियानको नेतृत्व गरेको विषय स्पष्ट नै छ*

*१.विषय प्रवेश*

समाजमा वर्ग उत्पति भएसँगै शोषण,दमन,उत्पीडन हुदै आएको विषय त आम नियम न्कि हुदै आएको छदै छ। हाम्रो सन्दर्भको कुरा गर्दा भुरे टाकुरे साना-साना राज्यहरू हुँदा देखि नै समाजमा वर्ग विभेद हुँदै आएको छदै थियो। जब सामन्तवादका नाइके राजाले राज्य एकीकरण सँगै सत्ताको सम्पूर्ण अधिकार आफ्नो हातमा लिए तब देखी व्यवस्थित रूपमा उत्पीडनको शुरूवात पनि हुदै आयो। खास गरि राजनीतिक,आर्थिक,सामाजिक, सांस्कृतिक,धार्मिक जस्ता विविध क्षेत्रहरूमा विभेद खडा गरेर समाजका मुठ्ठीभर व्यक्तिहरूले वहुसंख्यक जनतामाथि उत्पीडन गर्दै आएका थिए । आज २१ औं शताब्दीको युगसम्म पनि नेपाली जनता र नेपाल राष्ट्रले उक्त उत्पीडन भोगी रहेका छन् ।

यद्यपि राष्ट्रलाई स्वतन्त्र रूपमा विकास गर्न र सबै प्रकारका उत्पीडनबाट आफु र आफ्नो वर्गलाई मुक्त बनाउन नेपाली जनताले आफ्नो जिवनको बाजि लगाएर संघर्ष नगरेका होईनन । साना-साना संघर्षका फिल्कासँगै खास गरि २००७ साल, २०३६ साल, २०६२/०६३ सालमा भएका जनसंघर्षहरू आफैमा स्थापित जनसंघर्षहरू हुन । २००३ सालमा बिराटनगरका मजदुरहरूले चलाएको मजदुर आन्दोलन, २००८/०९ सालमा बारा,पर्सा,रौतहटका किसानहरूले चलाएको आन्दोलन, २०१०/११ सालमा पश्चिम कैलाली,कञ्चनपुरमा किसानहरूले चलाएको किसान आन्दोलन, २०४५ सालमा बालाजुका मजदुर हरूले चलाएको मजदुर आन्दोलनहरू वर्ग संघर्षका केहि कडिहरू थिए । २०२८ सालको झापाको वर्ग संघर्ष र २०५२ साल फागुन १ गतेबाट शुरु भई २०६३ वैशाख सम्म दश वर्ष चलेको महान जनयुद्ध वा वर्ग संघर्ष आफैमा एउटा महान युद्ध थियो । जनसंघर्षहरूमा मात्र होईन भीषण वर्ग संघर्षमा उत्पीडनमा परेका नेपाली जनताले केवल समर्थन र सहयोग मात्रै होईन सहभागिता नै जनाएर क्रान्तिकारी पहिचान व्यवहारबाट नै पुष्टि गरेका थिए। नेपाली जनताले त्याग,वीरता र वलिदानको एक नयाँ र महान इतिहासको कृतिमान खडा गरेर देखाई दिए। जुन वीरता,वलिदान र ठुला-ठुला फौजी आक्रमणको धक्काले सामन्तवादको जगमात्र हल्लाएन अपितु साम्राज्यवाद र विस्तारवादको समेत होस गुम्यो। वर्ग संघर्षको धक्का र जनसंघर्षको बलमा सामन्तवादको नाइके राजतन्त्र अन्ततः समाप्त भयो। तर राज्य सत्ताको वागडोर सर्वहारा वर्गको हातमा आउनुको सट्टा दलाल,नोकरशाही पुँजीपति वर्गको हातमा गयो । जसले गर्दा संघीयता,धर्म निरपेक्षता,समानुपातिक निर्वाचन प्रणाली जस्ता विषयहरू केवल कागजमा,दस्तावेजमा र भ्रष्ट दलाल नेताहरूको मुखमा मात्र सिमित बन्न पुगेको छ भने अन्य उपलब्धि पनि क्रमशःगुम्दै जाने अवस्थामा पुगेको छ ।

जहाँसम्म लोकतान्त्रिक गणतन्त्रको प्रश्न छ यो एउटा सामान्य परिवर्तन हो। यो एक प्रकारको सुधार हो। यस प्रकारका आंशिक सुधारले उत्पीडनमा परेका सबै खाले जनताका समस्यालाई सम्बोधन गर्न पनि सक्दैन, राष्ट्रिय स्वाधीनता कायम राख्न पनि सक्दैन । विगत देखिको अन्तराष्ट्रिय अनुभव त हामीसंग छदै थियो। यो सँगै २०६३ देखि २०७७ सम्मको १२ वर्षको इतिहासले सैद्धान्तिक मात्रै नभएर व्यवहारतः पुष्टि भएको छ कि लोकतान्त्रिक गणतन्त्रले नत समाजमा जनताको ठूलो हिस्सासे युगौ देखि भोग्दै आएका शोषण,दमन,उत्पीडनको समाप्तिको कुरै छाडौ सामान्य सुधारसम्म गर्न सकेन। राष्ट्रिय स्वाधीनता र सार्वभौमसत्ता झनै कायम हुन सकेन किनकि सत्तामा दलाल नोकरशाही पुँजीवाद छ। यतिबेला सामान्य रूपमा परिवर्तन चाहनेहरूले, देशलाई माया गर्नेहरूले एकपटक सोच्ने बेला आएको छ। अन्यथा हामीले हेर्दा हेर्दै न त प्राप्त सिमित अधिकार बच्ने अवस्थामा छ न त राष्ट्रिय स्वाधीनताको सामान्य अवस्था नै बाँकी रहने अवस्था छ। उपलब्धिको रक्षा गर्दै थप उपलब्धि प्राप्त गर्न जुझारु संघर्ष नै एक मात्र विकल्प हो। राष्ट्रिय स्वाधीनताको मुद्दालाई प्रधान बनाएर जनतन्त्र, जनजीविकाका सवाललाई समेत जोडेर मुलत नेकपा (क्रान्तिकारी माओवादी)ले सबै देशभक्त, परिवर्तनकामी शक्तिलाई एक ठाउँमा गोलबद्ध गर्दै आन्दोलन अगाडी बढाउन आवश्यक छ। सबै प्रकारका चुनौतीको सामाना गर्दै सम्भावनालाई पकड्न जरुरी छ।

*२ राष्ट्रिय स्वाधीनताको प्रश्नस*

राष्ट्रिय स्वाधीनता भन्ने बित्तिकै हामीले बुझ्दै आएको विषय हो सुगौली सन्धी पश्चातको नेपालको भूगोलको सुरक्षा। त्यो त हुँदै हो तर विषय त्यतिमा मात्र सिमित छैन। त्यति मात्रै हो भनेर बुझ्न पनि हुँदैन। यतिबेला सार्वभौम राष्ट्रमाथि मुख्यतः दुई तिर बाट चौतर्फी हमला भैरहेको छ। हाम्रो देशको दलाल सत्ता मुख्य गरेर अमेरिकी सम्राज्यवाद र भारतीय विस्तारवादको रक्षा कवज बनेर खडा भएको छ। साम्राज्यवाद र विस्तारवादका दलालहरू हिजो पनि थिए र आज पनि छन्। मात्र यति हो कि हिजो भन्दा आजका दलाल खुलेर नाङ्गो रूपमा आएका छन्। नयाँ तवरबाट साम्राज्यवाद र विस्तारवाद पनि नाङ्गो हस्तक्षेपमा लागेका छन्। यसको ज्वलन्त उदाहरण हेरौं।

*(क)अमेरिकी साम्राज्यवाद*

अमेरिकी साम्राज्यवादले विश्वका ६३ भन्दा बढी देशमा आफ्ना सेनालाई घोषित रूपमा उतारेको छ भने विश्वका सबै जसो देशहरूमा सिआईएको जालो बनाएको छ।

यतिबेला साम्राज्यवादी शक्ति विश्वमा नयाँ तवरबाट उपनिवेश कायम गर्न उद्धत छ। पहिले सत्तामा रहेकाहरूलाई आफ्नो दलाल बनाउने, यदि दलाल बन्न चाहेन भने आफ्ना दलाल एजेन्टहरू तयार गरि संघर्ष गर्न उद्धत बनाउने र सरकार ढालेर आफ्ना दलालहरूलाई सत्तामा पुर्याउने, अब आफ्नो दलाल सत्ता मार्फत सुरक्षा निकाय (सेना प्रहरी ), कर्मचारीतन्त्र, संविधान,कानुन, अदालत लगायत सबै क्षेत्रमा दलालहरूको जालो बनाएर उक्त देशमा भएका उच्च साधन र स्रोतमाथी कब्जा जमाउने उसको रणनीति हो। त्यतिले नपुगे सहयोगको नाममा सम्झौता गरेर सेना उतार्ने उसको दैनिकी हो। आज विश्वमा साम्राज्यवादले जसरी उक्त रणनीति लागु गर्दै आएको छ त्यही तवरबाट नेपालमा आफ्ना गतिविधिहरूलाई लागु गर्दै छ।

यसको ज्वलन्त उदाहरण भनेको केही वर्ष अगाडि काङ्ग्रेस पार्टीको सरकार भएको बेलामा नेपालको तत्कालीन अर्थ मन्त्री ज्ञानेन्द्र बहादुर कार्की र अमेरिकी संस्था मीलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)का बिचमा भएको मिलिनियम च्यालेन्ज सम्झौता हो। यतिबेला सुधारवाद, संशोधनवाद हुदै प्रतिक्रियावादमा नराम्रो सङ्ग पतन हुँदै गएको आफूलाई कम्युनिस्ट भन्ने ओलि सरकार उक्त सम्झौतालाई संसदको दुई तिहाई बहुमतबाट पारित गर्न टुप्पि देखि पैताला सम्मको बल लगाई रहेको छ।

एमसीसी कति घातक छ भन्ने कुरा धेरै पटक लेखमार्फत, भाषणमार्फत, बोलचालीमार्फत सार्वजनिक हुँदै आएको छ। तर पनि यस लेखमा राख्ने कोशिश गरिएको छ।

१. यो अमेरिकी साम्राज्यवादले इन्डो प्यासिफिक रणनीति अन्तर्गत तयार पारिएको एउटा पार्ट हो। जुन अमेरिकी सैन्य रणनीति हो भन्ने कुरा अमेरीकाको रक्षा मन्त्रालय पेन्टागनको रिपोर्ट, अमेरिकी विदेश मन्त्रीका विभिन्न समयमा व्यक्त विचार र अमेरिकी दूतावास नेपालले धेरै पटक स्पष्ट पारेको छ। २. ओलि सरकारका परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले दोस्रो पटक एमसीसीसँग गरेको सम्झौता आज सम्म गोप्य राखेका छन् किनकि त्यो झनै घातक भएका कारण बाहिर ल्याएका छैनन् । ३. उक्त सम्झौता अनुरूप मुख्य रूपमा चिनका विरुद्ध सैन्य लडाइ लड्नको लागि नेपालको भुमि प्रयोग गर्न यो सम्झौतालाई, राष्ट्रिय गौरवको आयोजनाका रूपमा संसदको दुई तिहाई बहुमतले पारित गर्न पर्ने । ४.एमसीसीले तयार पारेको प्रस्तावमा उल्लेखित विषयवस्तुका सम्बन्धमा पारित गर्नु अघि वा पछि प्रश्न गर्न, बुझ्न, व्याख्या गर्न, सोध्न नपाउने । ५. एमसीसीले लगानी गर्ने पाँच सय मिलियन डलरमा नेपालले हाल्नु पर्ने एक सय तिस डलरको कोष पनि स्वयमले परिचालन गर्ने नेपालले केही गर्न नपाउने । ६. एमसीसीले मागेको वा उसले आवश्यकता देखेको नेपालको जमीन निर्विवाद रूपमा प्रयोग गर्ने । ७. नेपाल सरकारले बुझ्न वा खारेज गर्न चाहेमा एमसीसीको स्विकृत लिन पर्ने खारेज गर्न नसक्ने । ८. एमसीसीले संचालन गर्ने भनेको सडक संजाल वा विद्युत ट्रान्समिसनलाई संचालन गर्दा स्वतन्त्र रूपमा आफ्ना नियमहरू लागु गर्ने । ९.एमसीसी संसदबाट पारित भए पछी नेपालको संविधानसँग बाझिएमा अमेरिकी संविधान मुताविक एमसीसी सक्रिय हुने, नेपालको संविधानमा बाझिएका धारा स्वतः निष्क्रिय हुने । १०. नेपालको कानुनले नसमात्ने गरि छुट्टै बैंक खाता हुने, ब्याजबाट आउने थप रकम पनि उसैको र त्यसको अडिटको व्यवस्था स्वयम अमेरिकी संस्थाले गर्ने । ११. वित्तीय नियम उपनियमको निर्माण ,परिचालन स्वयं एमसीसीले गर्ने त्यसमा नेपालको कुनै भुमिका नहुने । १२. उक्त प्रोजेक्ट संचालन गर्दा लाग्ने कर सबै छुट गर्ने । १३. एमसीसी प्रोजेक्टका लागि चाहिने आवश्यक सामान (सशस्त्र हतियार सम्म) ल्याउदा नेपाल सरकारले कुनै प्रश्न गर्ने अधिकार नहुने । १४. बौद्धिक सम्पत्तिको हक पुरै अमेरिकाको हुने, नेपाल सरकारको त्यसमा कुनै हक अधिकार नहुने । १५. यदि एमसीसीले काम गर्दै गरेको ठाउँमा असुरक्षा छ भन्ने लागेमा एमसीसीमार्फत अमेरिकी सुरक्षा सेना ल्याएर परिचालन गर्न पाउने जस्ता अत्यन्तै घातक विषय वस्तुहरू यो सम्झौतामा समावेश गरिएका छन् । यो त भयो एमसीसीका प्रमुख र ज्ञानेन्द्र बहादुर कार्कीका बिचमा भएका सम्झौताका बुँदा । अझ प्रदीप ज्ञवालि पछि अमेरिका गएको बेला गरिएको सम्झौता त्यो भन्दा बढी खतरनाक भएकाले त्यसलाई बाहिर ल्याइएको छैन । यतिसम्म की यो सम्झौता स्वयं सरकार संचालन गरिरहेको पार्टीले बनाएको आयोगलाई समेत नदिएर गोप्य राखिएको छ । अमेरिकी साम्राज्यवाद नेपालमा आफ्ना सेना उतार्न नेपाली दलालमार्फत वैधानिक बाटो खोजि रहेको छ । ओलि सरकार आफ्नो सत्ता जोगाउन अमेरिकी सम्राज्यवादको रक्षा कवज बनेर वफादार दलाल म नै हु भनेर देखाउन कम्मर कसेर लागेको छ । काङ्ग्रेस पार्टी र कतिपय दलाल बुद्धिजीवीहरू समेत लागिरहेका छन् । यसरी नेपाल अफगानिस्तान बन्दै छ ।

(ख)भारतीय विस्तारवाद

भारतीय विस्तारवादी शासकहरूको सम्बन्ध नेपालमा मात्र होइन अन्य छिमेकी मुलुकहरू संगको सम्बन्ध पनि त्यस्तै छ । राजनैतिक, सामाजिक, आर्थिक अवस्था कमजोर भएका देशहरूका शासकहरूलाई पहिलो काम आफ्नो वफादार दलाल बनाएर साधन स्रोत कब्जा गर्ने, दलाल बन्न नचाहने शासकहरूलाई धम्क्याउने, दलाल पार्टीहरूलाई उक्साएर आन्दोलन गराउने, तयारी माल बिक्री गरेर जनतालाई परनिर्भर बनाउदै अर्थतन्त्र कमजोर बनाएर समाप्त बनाउने उसको रणनीति हो । तर साम्राज्यवाद प्रति भने उसको भक्ति भाव रहदै आएको छ ।

जतिबेला बेलायती साम्राज्यवादले भारतमा उपनिवेश कायम गरेर नेपालमाथि हमला गर्दै थियो त्यति बेला नेपाली जनताले जीवनको बाजी लगाएर लडेका थिए । यद्यपि कतिपय भू-भाग गुमाउन बाध्य भए र अन्ततः १८१६मा सुगौली सन्धि भयो । सुगौली सन्धि पश्चातको सिमानालाई मानेर बाँकी रहेको भुभागलाई हामीले हाम्रो नेपाल भनिरहेका छौं । त्यही सुगौली सन्धि पश्चात एक प्रकारले नेपाल र हामी नेपाली पराधिन बन्दै आएको पनि पक्का हो । भारतबाट बेलायत भागे पछि पनि भारतीय शासकहरूको बिचारमा कुनै बदलाव आएन बरु वरिपरिका सबै देशहरूलाई शोषण, दमन, उत्पीडन गर्ने भन्ने उनिहरूको परराष्ट निति नै बन्यो । भारतले नेपालमा एक प्रकारले अघोषित उपनिवेश कायम गर्दै आएको छ । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत हरेक क्षेत्रमा भारतीय विस्तारवादले हस्तक्षेप गर्दै आएको छ। नेपाललाई एउटा स्वतन्त्र, सार्वभौम राष्ट्रका रूपमा हेर्ने दृष्टिकोण त छँदै छैन उसैको एउटा प्रान्तको जस्तो व्यवहार पनि गर्दैन । विडम्बना ! नेपालका शासकहरू भारतीय विस्तारवाद प्रति लम्पसार पर्दै आएका छन् । भारतले दलाल शासकहरू मार्फत नेपालका सुरक्षाकर्मीका कमाण्डरहरू, प्रशासनका हाकिमहरू, न्यायलयका न्यायाधीशहरू खास गरि उच्च तहकालाई आफ्ना दलाल बनाई सकेको छ । नेपालको संविधान, कानुन र नियम समेत भारतले आफ्नो अनुकुल बनाउदै आएको कुरा कहिल्यै छिपेको विषय होइन ।

नेपालमा चल्दै गरेका उद्योग व्यवसायीलाई धरासायी बनाएर राष्ट्रिय अर्थतन्त्र समाप्त बनाउने मात्रै होईन बाटो कहाँबाट खन्ने, पानी कहाँबाट ल्याउने र विद्युत कहाँ निकाल्ने र कहाँ रोक्ने भन्नेसम्मको योजना स्वयं भारतको निर्देशनमा हुने गर्दछ ।

त्यतिले मात्र नपुगेर सुस्ता महेशपुर सहित देशको ७२ भन्दा बढि स्थानमा सिमाना मिचिएको छ । लिम्पियाधुरा,लिपुलेक र कालापानी क्षेत्रको ३७२ वर्ग किमि भू-भाग सन १९६२ देखि आज पर्यन्त भारतिय विस्तारवादको कब्जामा रहेको छ । नेपालका क्रान्तिकारी कम्युनिस्ट र देशभक्तहरूको लगातार संघर्षको परिणाम स्वरूप दलालसत्ता नेपालको राजनीतिक नक्सा जारी गर्न बाध्य भयो । यद्यपि यसको कार्यान्वयनमा एकातिर नेपालका शासक वर्गले आवश्यक तत्परता देखाउन सकेको छैन भने भारतिय पक्षले शुरुदेखि नै असहमति राख्दै आएको छ ।

हाम्रो स्पष्ट दृष्टिकोण छ कि भारतसँग विगतमा गरिएका सबैखाले असमान सन्धि, सम्झौता वा सहमति खारेज गरि पारस्परिक हित र समानताको आधारमा हाम्रो असंलग्न परराष्ट्र नीति अनुरूप आवश्यक सन्धि सम्झौता वा सहमति गर्न सकिन्छ । परन्तु कुनै सन्धि सम्झौता वा सहमति बाहिरबाट कालापानी क्षेत्रमा तैनाथ गरिएका भारतिय सेना तुरुन्तै हटाई लिम्पियाधुरा सम्मको नेपाली भुभाग फिर्ताको माग गर्दै नेकपा(क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रीक मोर्चा, नेपालले विगत २ वर्ष अगाडिदेखि चुच्चे नक्सा प्रदर्शन र वितरण, पर्चा प्रकाशन, सभा, जुलुस, अन्तरक्रिया र विभिन्न सरकारी कार्यलयहरूमा अनुगमनलाई तीव्र रूपमा अगाडी बढाएको थियो । यो सँगै पार्टी र मोर्चाले संयुक्त रूपमा मेचि-महाकाली अभियान मार्फत राज्यको खबरदारी र जनसमुदायमा राष्ट्रिय जागरण पैदा गराउने अभियानको नेतृत्व गरेको विषय स्पष्ट नै छ । तर विडम्बना ! ओलि सरकारले जुलुसहरूलाई प्रतिबन्ध गर्दै लाठी बर्सायो, कयौं क्रान्तिकारी योद्धाहरूलाई घाइते बनायो । हाम्रो पार्टीका नेता सिपि गजुरेल सहित दर्जनौं नेता कार्यकर्तालाई गिरफ्तार गर्यो । यद्यपि राज्यको तीव्र दमनले पनि आन्दोलन रोक्न सकेन बरु दमनको प्रतिरोध गर्दै आन्दोलन सशक्त रूपमा अगाडि बढ्यो । कहिले एकल र कहिले अन्य राजनीतिक पार्टीहरूसँग मिलेर संयुक्त रूपमा आन्दोलन निरन्तर जारी रह्यो । आन्दोलन जुझारु ढङ्गले अगाडि बढ्दै जान थालेपछि स्वाभिमानी, देशभक्त नेपाली जनताको तप्काले पनि कुरा बुझ्यो र आन्दोलनमा सहभागिता जनायो । एकातर्फ पार्टीभित्र र बाहिर ओलि सरकारको अलोकप्रीयता चुलियो । यसले दलाल सत्तालाई ठुलो प्रेसर पर्यो । जसकारण ओलि सरकार लिम्पियाधुरा, लिपुलेक र कालापानी सहितको नयाँ राजनीतिक नक्सा जारी गर्न बाध्य भयो । संसदले यसको विरुद्धमा जाने आँट गर्न सकेन । यतिबेला देशको नयाँ राजनीतिक नक्सा बनेको छ, यो देशलाई माया गर्ने देशभक्त र क्रान्तिकारीहरूको जित हो ।

अब रह्यो कार्यान्वयनको प्रश्न । यसका लागि पहिलो शर्त भनेको भारतिय सेना कालापानी बाट फिर्ता जानु पर्छ । तर भारतले सेना हटाउन त परै जाओस यो विषयमा सामान्य छलफल गर्न समेत तयार छैन । त्यसो हुनाले कालापानी क्षेत्रबाट भारतिय सेना हटाई हाम्रो भू-भाग फिर्ता लिन पुनः एकपटक देशभक्त क्रान्तिकारीहरूले सशक्त आन्दोलन अगाडि बढाउन आवश्यक छ । जुझारु आन्दोलनको विकास गर्न आवश्यक छ । यसको लागि जनता एकताबद्ध भई जुरुक्क उठ्न सक्नु पर्छ । तब मात्रै भारतिय विस्तारवादी हस्तक्षेप र हर्कतलाई धुलो पिठो बनाएर नेपाललाई स्वतन्त्र र सार्वभौम राष्ट्रको रूपमा विकास गर्न सकिन्छ ।

क्रान्तिकारीहरूले देशभक्तिपुर्ण हातहरूलाई फैलाउनु पर्दछ भने बाहिर रहेका देशभक्तहरूले पनि सोच्नु र बुझ्नु जरुरी छ कि आन्दोलन अहिलेको अपरिहार्य आवश्यकता हो । हामि सबैले एकसाथ बुझ्नु पर्दछ कि भक्ति थापा, अमरसिंह थापा र बलभद्र कुँवरहरूले त्यो समयको चेतनाको जगमा टेकेर तत्कालीन इष्ट इन्डिया कम्पनीको विरुद्ध कफन टाउकोमा बाधेर आफ्नो जीवनको कुर्बानि गरेका थिए । अबको देशभक्तिपुर्ण आन्दोलन चिनियाँकाजि, सम्झना दाहाल र गोविन्द गौतम झै महान योद्धाहरूको रगतको टिका लगाएर लड्न जरुरी छ ।

*३. जनतन्त्रको प्रश्न*

जनतन्त्रको प्रश्न भनेको मुलतः सत्ताको प्रश्न हो । यो सत्ताको स्वरूप कस्तो हुने, सत्ताले कुन वर्गको सेवा गर्ने भन्ने संग सम्बन्धित छ । विश्वमा र स्वयं हाम्रो देशमा पनि विगत देखि जति पनि संघर्षहरू हुँदै आए ति सबै संघर्षहरू वर्गीय अन्तरविरोध कारण हुँदै आएका छन् । चाहे दासयुगको कुरा गरौं, चाहे सामन्तवादी युगको कुरा गरौं,चाहे पुँजीवादी युगको कुरा गरौं, चाहे वर्तमान साम्राज्यवादी युगको कुरा गरौं सबै आन्दोलनहरू वर्ग अन्तरविरोधका कारण हुँदै आएका छन् । हामीले वस्तु निष्ठ भएर सोच्न आवश्यक छ तर उत्पीडन वर्गीय छ त ? प्रश्न उठ्छ ! उत्पीडन वर्गीय मात्र छैन । हाम्रो नेपालमा मात्रै होइन अन्य कैयौं देशहरूमा पनि वर्गीय उत्पीडनसँगै अन्य समुदायमाथि पनि शासकहरूले उत्पीडन गर्दै आएका छन् । यो आजको यथार्थ हो ।

हाम्रो देशमा वर्गीय, लिङ्ग्य, जातीय, क्षेत्रीय रूपमा शासकहरूले उत्पिडन गर्दै आएका छन् । युगौं देखि सामन्तवादी सत्ताले मजदुर, किसान, आदिवासी जनजाति, महिला, दलित, मधेसी, मुस्लिम र दुर दराजमा रहेका जनता प्रति शोषण, दमन, उत्पीडन गर्दै आयो र उनीहरूलाई कहिल्यै न त सत्तामा पुग्न दियो नत उनीहरूको पक्षमा संविधान नै बन्यो । लामो समय देखि चल्दै आएको जनसंघर्ष वा वर्गसंघर्ष पछी बनेका सरकार वा सत्ताले त्यो वर्ग वा समुदायलाई अधिकार सुम्पन्नबाट बन्चित गर्दै आएको छ यसका लागि कहिले सामन्तवाद मुख्य बाधक बनेर देखा पर्यो भने कहिले साम्राज्यवाद व विस्तारवाद । संविधानसभामार्फत संविधान बन्ने क्रममा सामन्तवादी अवरोध त छ दै थियो त्यो भन्दा बढी अवरोध साम्राज्यवाद र विस्तारवादको रहेको विषय आम जनतामा स्पष्ट नै छ । पहिलो संविधान सभा विफल गराएर प्रायोजित रूपमा दोस्रो संविधान सभाको निर्वाचन गरेर प्रायोजित रूपमा संविधान बनेको घोषणा गरिनु साम्राज्यवाद र विस्तारवादको डिजाइन थियो ।

किनकि सामन्तवादको हातबाट खोसेको राज्य सत्ताको बाँकी ७ पेजमा

## संस्कृत...

जनताले पनि क्रुर सामन्ती शोषण दमन र अत्याचार भोग्नु पर्‍यो भने अरु जातिका जनताले सामन्ती शोषणमा थप जातीय, साँस्कृतिक, धार्मिक र भाषिक दमन पनि भोग्नु पर्‍यो । शाह वंशीय शासनकालमा, त्यस शासन अन्तर्गतको राणा शासन र २००७ साल पछिका विभिन्न चरणका शासनमा पनि नेपाली जनतामाथि सामन्ती शोषण र जातीय दमन कायम रह्यो र कायम रहि आएको छ ।

२०४६ साल भन्दा पहिलेको सामन्ती र जातिवादी शासनले देशलाई हिन्दुस्थान बनायो, संस्कृतलाई हिन्दु राज्यको धार्मिक भाषा बनायो र उनीहरूले बोल्ने भाषालाई नेपाली र सरकारी कामकाजको भाषा बनायो । हुकुम प्रमांगीबाट राजनीतिमा, प्रशासनमा, अदालतमा, सेनामा हिन्दु पहाडी सवर्ण (उच्च जातका) पुरुषको वर्चस्व कायम राख्यो । त्यसको दुस्परिणम आदिवासी जनजाति, मधेसी, महिला र दलितले भोग्नु पर्‍यो । जनजातिको भूमि खोसियो, उनीहरूको धर्म-संस्कृति र भाषा खोसियो, सरकारी जागीरमा पहुँच खोसियो । मधेसीको भाषा, संस्कृति र सरकारी जागीरमा पहुँच खोसियो । दलितको त सबै खोसियो । जसको जौं खायो, उसैको जुँङ्गा उखेलियो ।

***प्रजातन्त्रमा आशा मर्‍यो***

२०४६ सालमा जनजाति, मधेसी, दलित, धार्मिक अल्पसंख्यक, आदि प्रजातांन्त्रिक राजनीतिक अधिकारको साथसाथै धर्म-निरपेक्ष राज्य तथा वहुजातीय भाषा, बहु संस्कृति र स्वायत्तता जस्ता सामाजिक अधिकारको लागि आन्दोलनमा होमिए । २०४६ साल पछि राजा सहितका सवर्णी नयाँ राजाहरू थपिएर तिनीहरूको मिलिमतोबाट नयाँ संविधान घोषणा गरे । २०४७ सालमा बनेको नयाँ संविधानले नेपाललाई हिन्दु अधिराज्य, नेपालीभाषालाई राष्ट्र भाषा तथा सरकारी कामकाजी भाषा र गाई राष्ट्रिय जनवार तोकियो । (धारा-४,६ र ७) तापनि त्यसले दुइटा कुरा सकार्न बाध्यभयो : (१) नेपाल एक बहुजातीय, बहु भाषिक (धारा-४) र (२) नेपालमा मातृभाषाका रूपमा बोलिने सबै भाषाहरू नेपालका राष्ट्रिय भाषा हुन (धारा ६) । संविधानले राष्ट्रिय भाषामाने पछि तिनका संरक्षण र विकासहेतु सरकारले २०५४ सालमा मातृभाषा आयोग बनायो र आयोगले बुभाएको रिपोर्टमा आगामी पाँच बर्षभित्रमा पाठ्यक्रम, पाठ्यपुस्तक, तयार गरी लागु गरीसक्ने सुझाव दिएको थियो (जसमा संस्कृत परेन) । स्थानीय तहमा मातृभाषामा (मैथिल र नेवारी) कामकाज पनि सुरु गरियो । तर सर्वोच्च अदालतले २०५६ साल जेष्ठ १८ गते त्यो कार्यमाथि रोक लगायो ।

भाषा आन्दोलनकारीहरूले त्यस दिनलाई 'कालो दिन'को रूपमा लिने गरका छन् । जहाँसम्म २०५४को मातृभाषा आयोगको रिपोर्टको कुरो छ त्यसलाई शिक्षा मन्त्रालयले लागु गर्नुको सट्टा दराजमा थन्क्यायो र आरामले सुत्यो ।

***लोकतन्त्रमा जालझेल***

माओवादीको दशबर्षे जनयुद्धको तागत मिसिएकोले २०६३ मा बनेको नयाँ अन्तरिम संविधानले नेपाली भाषा सरकारी कामकाजको भाषा तोक्यो । तापनि नेपाललाई वहुजातीय, वहुधार्मिक, वहुभाषिक, वहुसांस्कृतिक विशेषतायुक्त मुलुक स्वीकार गर्‍यो । धर्मनिरपेक्ष राज्य मान्यो र नेपालमा वोलिने सबै मातृभाषाहरूलाई राष्ट्र भाषाको रूपमा स्वीकार गर्‍यो । मातृभाषामा कानुन वमोजिम आधारभूत शिक्षा पाउने हक समेतको ब्यवस्था गरियो । माओवादी नेतृत्वले यथास्थितिवादीसँग गला मिलाएपछि २०७२ सालमा नयाँ संविधान लेखियो । यो संविधान कतिपय सवालमा अन्तरिम संविधानभन्दा पछि हटेको छ । नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरिएको छ तर धर्म निरपेक्षताको ब्याख्यात्मक टिप्पणि गरेर नेपाललाई पुनः हिन्दु राज्यकै रूपमा स्थापित गरिएको छ । नेपालीभाषालाई सरकारी कामकाजको भाषा तोकियो र गाईलाई राष्ट्रिय जनवार मानियो । तापनि नेपाललाई वहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक विशेषतायुक्त देश नै मानिएकोछ र नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषाहरू हुन् भनिएकोछ र धारा-१३ मा कानुन वमोजिम मातृ भाषामा शिक्षा पाउने हक दिइएको छ । तर संविधान र कानुनभन्दा माथिबाट बाल-बालिकाको मातृ भाषामा शिक्षा पाउने हक मिच्दै संस्कृत शिक्षा कक्षा १ बाट पठनपाठन गराइदैछ । सत्तामा पहुच पुगेका जातीय नेतृत्वले चाह्यो भने संविधान र कानुनलाई उल्टाइदिन सक्छ भन्ने यो दरिलो उदाहरण हो ।

फेरी सरकारी विद्यालयमा संस्कृत शिक्षा किन लागु गर्नु पर्‍यो भन्ने विषयमा सोचौं ! अहिले नेपालमा १२३ मातृभाषा बोलिन्छ । संस्कृत मात्रभाषामा नपरेपछि २०४७ साल पछि बनेको एमालेको सरकारले यो मृतभाषालाई संसद मार्फत छिराउने कोशिष गरेको कुरो माथि परिसकेको छ । यहाँ यतिमात्र जोड्न खोजिएको छ कि त्यो कामको अगुवाई मदन भण्डारी, लिलामणि पोखरेल, गजेन्द्र नारायण सिंह (राजपुत), पशुपतिशमशेर राणाले गरेका थिए जसमा ७६ जना सवर्णी सांसदहरूले हस्ताक्षर गरी संसदमा पेश गरेका थिए । उनीहरूले किन गैर-सम्वैधानिक बाटो अवलम्वन गर्नु परेको थियो ? किनभने उनीहरूले हस्ताक्षर गरेको पत्रमा एउटा मुख्य रूपमा जोड दिएको बुँदा थियो, 'संस्कृत पढेमा नेपाली राम्रो हुने र शुद्ध लेख्न सक्ने र संस्कृत नेपाली भाषा तथा नेपालका अन्य भाषाहरूको पनि आधार भाषा वा श्रोत भाषा हो ।' तर यो कुराको व्यापक विरोध भएपछि आफ्नो तर्कको बचाउ गर्न नसकेपछि मदन भण्डारी र लिलामणि पोखरेलले हस्ताक्षर फिर्ता गरेको घोषणा गरे र संसदमा छिर्न पाएन ।

फेरी अहिले प्रधानमन्त्री ओलीले नेतृत्व गरेको ने.क.पा.को सरकार छ र यो सरकारले संस्कृत शिक्षालाई सरकारी स्कूलमा २०७७ सालदेखि १ कक्षाबाट लागु गर्दै जाने नीति लिएकोछ । किन ओली सरकारलाई यत्रो संस्कृत मोह ? संस्कृतले के दिन्छ यो सरकारलाई ! संसदीय व्यवस्थामा जातीय जनसंख्याको पनि ठूलो भूमिका हुन्छ, यद्यपि यो पिछडिएको सामन्ती सोच हो ! तर अग्रगामी राजनीतिक कार्यदिशा नभएको यथास्थितिवादी पार्टीहरूले जाति, धर्म, भाषा आदिको नारा दिएर पनि चुनाव जित्नु पर्ने हुन्छ । बाँकी भोटका लागि भने धनबल, बाहुबल र बुद्धिबल प्रयोग गर्छन् । अमेरिकामा ट्रम्पले गोरा रङ्गवादको, भारतमा मोदीले हिन्दु जातिबादको हतियार प्रयोग गरेर चुनाव जिते झै नेपालमा पनि ओलिले ब्राह्मणवादको वकालत गरेर चुनाव जितेका हुन् । ट्रम्पले कालो जातिलाई, मोदीले मुस्लिमलाई र ओलीले आदिवासीजनजाति, मधेसी र दलितलाई तीरको निसाना साँधेका छन् । ओली सरकारको यो संस्कृतले एकै पटकमा दुईटा काम गर्छ - प्रथम, पहाडे सवर्णको उद्धार गर्छ, राज्यको खर्चमा संस्कृतका पाठ्यक्रम, पाठ्यपुस्तक तयार हुन्छ र वटुकहरूले देशभरि जागीर पाँउछन्, अर्को निर्वाचनमा पुनःभोट पाउँछन् र दोश्रो, आदिवासी जनजाति र मधेसी भाषाहरूको पाठ्यक्रम नवनाएपछि र पाठ्यपुस्तक नै नछापीदिए पछि (पाठ्यक्रम विकास केन्द्रले सँधै बजेटको अभावले छाप्न नसकेको भनिआएकै छ) मातृभाषाहरू समाप्त हुन्छन् । वालवालिकाको आफ्नो मातृभाषाको माध्यमबाट शिक्षा पाउने अन्तराष्ट्रिय श्रम संगठन अभिसन्धि - १६९ र आदिवासि जनजातिका हक अधिकार सम्बन्धि राष्ट्र संघीय घोषणापत्र जस्ता अन्तराष्ट्रिय कानुन र आफ्नै देशको संविधानले दिएको हकलाई नै समाप्तपार्ने उदेश्यबाट प्रेरित भएर यो संस्कृत शिक्षा एक कक्षादेखि थालिएकोछ ।

***संस्कृत आधार भाषा वा श्रोत भाषा हो त !***

भाषाविद्ध प्रा .डा. के.पी.मल्लको भनाई छ,'संस्कृत र नेपालीको सम्वन्ध छ भन्नु अन्धविश्वास मात्र हो । विश्वमा जीवित भाषाहरू ६९७० छन् । नेपालमा बोलिने १२३ भाषा मध्ये ९ वटा मात्र भारोपेली परिवारका भाषा छन् । बाँकी भाषाहरू तिब्बती - बर्मेली, द्रविड र अष्ट्रोएशियाली परिवारका छन् ।'

सरकारी भाषा भनिएको नेपाली भाषा भारेपेली परिवारको भएकोले संस्कृतलाई जननी भनिएको हुन सक्छ, तर तिब्बती-वर्मन वा द्रविड वा अष्ट्रोएशियाली भाषाको पनि संस्कृत जननी वा आधार वा श्रोतभाषा हुन सक्छ ? प्रा.डा.मल्लको भनाई छ, 'नेपाली भाषाको पनि जननी संस्कृत होईन । किनभने नेपाली भाषा सोझै संस्कृतबाट आएको होइन । संस्कृत भाषा र नेपाली भाषाको दुरी करिव पैतिस सय बर्षको फरक छ । ऋग्वैदिक काल पछि शास्त्रीय संस्कृत हुँदै भाषाहरू बने । करिब ११-१२औं शताब्दीमा मात्र अहिले नेपाली भनेर मानिने भाषाको पूर्वरूपको जन्म भएको हो । अहिलेसम्म कुनै भाषाशास्त्रीले पनि ठोस प्रमाणको आधारमा नेपाली भाषाको 'माउभाषा' यही हो भनी देखाउन सकेका छैनन् । त्यसैले संस्कृत पढ्नसाथ नेपाली भाषाको विद्धान भइन्छ, नेपालीभाषा राम्रोसँग र शुद्ध लेख्न सकिन्छ भन्नु अन्धविश्वास मात्र हो । किनभने संस्कृत भाषा र नेपाली भाषा फरक फरक भाषाहरू हुन् । शायद भारोपेली परिवारभित्र यति फरक भाषाहरू अरु कुनै छैनन् ।'

प्रा.डा. मल्लको यो पनि कथन छ कि 'पृथ्वीनारायण शाहको दीब्य उपदेशमा अरबी र फारसी शब्दहरू बढ्ता छन्, संस्कृत कम छन् । टर्नरको शब्दकोषमा जम्मा ४६,००० शब्दहरू छन् । त्यसमा जम्मा ५ हजार मात्र (१३ प्रतिशतमात्र) संस्कृतबाट आएका शब्दहरू छन् । हाल नेपाल प्रज्ञा प्रतिष्ठानले निकालेको बालचन्द्र शर्माको शब्दकोषमा ७० प्रतिशतभन्दा बढी शब्दहरू संस्कृतबाट ल्याइएका रहेछन् ।' डा. हर्क गुरुङले सरकारी शब्दकोश प्रकाशनहरूको अध्ययन गरी तिनले नेपाली भाषालाई हिन्दी भाषाको हाराहारीमा उभ्याएको भनेका छन् ।

प्रज्ञा प्रतिष्ठानले त्यसपछि निकालेको शब्दकोषमा त संस्कृतबाट कति प्रतिशत शब्दहरू ल्याईएका होलान् - ८० वा ९० प्रतिशत ! अनि संस्कृत आधार वा श्रोत नभएर के हुन्छ त ? आफ्नोपन नभएपछि हुने यही हो - आमा खोज्दै हिड्ने ! ! तर तिब्बती-वर्मन, द्रविड वा अष्ट्रोएशियायी परिवारका भाषाहरूलाई आमाको दुःख छैन, खोजेर हिड्नु पर्दैन । यिनीहरूको संस्कृतसँग गोरु बेचेको साइनो पनि छैन । यी भाषाहरूको वंश संम्बन्ध नै फरक ! तसर्थ पण्डितहरूले सत्य र तथ्यमा आधारित तर्कहरू दिनु वेश होला न कि मिथकमा !

***शिक्षामा संस्कृत, पालि, संभोटा र मातृभाषा***

२०४८ को काण्डबाट तत्कालीन नेकपा (एमाले)को सरकार संस्कृत भाषा तथा हिन्दू धर्म र गौमाताको विवादमा तानिएको थियो । आज फेरी ओली सरकार तानिएको छ । यसो गर्नाका पछाडि केही कारण छन् :

क) नारदमुनि थुलुङका अनुसार गोर्खा राजासँग किरातीको हार भएदेखि किरातीहरूले किरात लिपिमा लेखापढी गर्न नपाउने र लेख्यो भने बधेनी (राजद्रोह) मुद्दा लाग्ने र दण्ड तिर्नु पर्नेछ भनी प्रतिवन्ध समेत लगाइएको थियो ।

*ख) अैल्हे टाठो हुँदै हामी उठाऔं संस्कृतकन*
*भिजौं त्यसैमा चुर्ल्लुम्म अनि आर्यत्व खुल्ला*
*सिरी खुरी धर्म कर्म धन दौलत जो भन सर्वस्व आर्यको त्यही एक मात्र छ संस्कृत ।*
***राममणि आदि (ई.१९३२)। (साभार डा.हर्क गुरुङ, कइरन ' बाट)।***

राज्यको जातीय दमन नीतिको अभिव्यक्ति र परिणाम हुन् यी भनाईहरू । राजनीतिक दलको नाम जे राखिएपनि सत्तामा रहिआएको जातीय मानसिकताको प्रतिनिधित्व अहिलेको सरकारले गरेकोछ । त्यसैले पुनः संस्कृत भाषा, हिन्दु धर्म र गौमाताको विवादमा तानिएको छ । प्रा.डा.चैतन्य मिश्रले भनेका छन् कि ट्रम्पको उदयपछि अमेरिकामा जातीयता चर्को छ, । त्यहाँ जातवाला र गोराहरूको बोलाबाला बढ्यो, त्यसले लोकतन्त्र मर्दैछ । भारतलाई लोकतान्त्रिक राष्ट्र भन्छौं तर मोदी आएपछि मुसलमान विरुद्ध झनै आक्रमण बढेकोछ र दलितपना झन् चर्को छ । यहा हामीपनि क्षेत्रवादी, जातिवादी र लिङ्गवादी सबै छौं । साथै उनले यो पनि प्रष्टै गरेका छन् कि एक पटक उनलाई संसदको सामाजिक समितिमा 'सामाजिक न्याय र दलित' बिषयक छलफलमा बोलाएछन् । छलफलपछि उनीहरूले भनेछन्, 'दलितमाथि भएको हिंसा, अपमान विरुद्ध बोल्यो भने अरुबाट भोट नआउने त्रास हुन्छ ।' यही भोट ल्याउने मानसिकताबाट पुनःल्याइएको छ, शिक्षामा संस्कृत भाषा !

नेपालमा परापूर्वकालदेखि बौद्धधर्म चलेको हो, त्यसको भाषा संस्कृत, पालि र संभोटा पनि हो । बुद्धधर्म त विश्व धर्महरूमध्ये एक हो । यसको 'धम्मपद' गाथा प्रकाशन विश्वमा एक नम्वरमा आउँछ । नेपालमा पनि यो नेवारी, तामाङ, थारु, मगर, गुरुङ र संभोटा लिपिमा पढ्न पाईन्छन् । अंग्रेजी, पालि, संभोटा र चिनियाँ, जापानि, वर्मी, थाई आदि लिपिमा यसका शास्त्रीय ग्रन्थहरू पढिन्छन् । खरोष्टी लिपिमा अप्रभ्रंस संस्कृतमा लेखिएका कृतिहरूको संभोटा र चिनियाँ भाषामा पुरै अनुवाद भएको र भारतमा हिन्दु र मुसलमानबाट बौद्धधर्म मासिदा त्यहाँका संस्कृत कृतिहरू पनि मासिएकाले तिब्बति वा चिनियाँ भाषाबाट अनुवाद गरिएका छन् - संस्कृत र हिन्दीमा । संस्कृत शिक्षासँग ती भाषाका पढाइको कुरो किन ल्याइएन ? संस्कृत पढाईनको लागि संस्कृत विश्वविद्यालय छ, त्यसको १७ वटा शाखा कलेजहरू छन् माध्यमिक तहमा पनि पढाइन्छ, गुरुकुल छ, वेद विद्याश्रामहरू छन्, विद्यापिठ छन् । संस्कृतको लागि राज्यले प्रसस्त लगानी गरेको छ । हिन्दु धर्म अल्पसंख्यकको धर्म हो, यसको आफ्नै सीमा छ, विस्तार हुन नसक्नुमा ।

तर पालि होस वा संस्कृत वा ल्याटिन वा ग्रिक वा अरबी वा रोमन, नेपालमा कुनै समुदायको मात्र भाषामा पर्दैनन् । कुनै समुदायले नबोल्ने भाषालाई मृतभाषा (डेड ल्याङ्ग्वेज) भनिन्छ । यस्ता भाषालाई शास्त्रीय भाषाको मान्यता छ । यस्तो शास्त्रीय भाषाको अध्ययनको स्थान (प्राज्ञिक) छ तर यो स्थान बालबालिका होईनन् । कुनै नाममा (प्रत्यक्ष वा अप्रत्यक्ष) बालबालिकाको मातृभाषाको पठनपाठनको हक छिन्न पाईदैन ।

***भाषाको राजनीति***

जगजाहेरै छ कि हाम्रो जस्तो लोकतन्त्रमा राजनीतिक जालझेल र षड्यन्त्रको भूमिका ठूलो हुन्छ । अग्रगामी राजनीतिक कार्यदिशा नभएपछि निर्वाचन जित्नका लागि दलहरूले संविधान मिचेर-थिचेर-उल्टो पारेर भएपनि आफ्नो पकड बलियो बनाउन चाहन्छन् । ट्रम्पको जातिवाद, मोदी र ओलीको ब्राह्मणवाद यसैको नतिजा हो । जातीय भोट बलियो बनाउन यो भाषा राजनीतिले पनि गतिलै टेवा पुर्‍याउने छ ।

तर सत्ताकेन्द्रमा रहेकाले बुझ्नु पर्ने के छ भने मातृभाषाको विषय अत्यन्त गम्भीर र संवेदनशील विषय हो । भाषाकै कारणले पाकिस्तानबाट बंगलादेश अलग भएको घटनालाई हामीले विर्सनु हुँदैन । अन्तर्राष्ट्रिय तथा राष्ट्रिय नियम, कानुनले दिएको निर्देशनभित्र रही काम गर्नु नै उनीहरूको बुद्धिमानी हुनेछ । हरेक समुदायको विद्यार्थीलाई प्रथम स्टेजमा उसको मातृभाषा, दोश्रो स्टेजमा सम्पर्क भाषा र तेश्रो स्टेजमा अन्तर्राष्ट्रिय भाषामा शिक्षा दिंदै जानु पर्ने अन्तराष्ट्रिय तथा राष्ट्रिय कानुन छन् । जहाँसम्म मृतभाषाहरू, जसलाई शास्त्रीय भनिन्छन्, पढ्न चाहनेहरूका लागि सम्वन्धित विश्वविद्यालय, त्यसका आँगिक कलेजहरू, विश्व भाषा क्याम्पस, आदिमा व्यवस्था गर्नु उचित हुन्छ । बालअधिकारको विरुद्ध, प्रत्यक्ष वा अप्रत्यक्ष, संस्कृत शिक्षा थोपर्नु वेइमानी हुन्छ । बरु आवस्यक बजेट व्यवस्था गरेर बाँकी ९९ वटै मातृभाषामा पाठ्यपुस्तक तयार गर्ने, शिक्षक-शिक्षिकाको तालिम र रोजगारीको व्यवस्था गर्नु सकेमा बहुजाति, बहुभाषी मुलुकको विशेषताको रक्षा हुन्थ्यो । अन्यथा जेम्स टोकेरेज बडको यो भनाई सार्थक हुनेछ, 'जवसम्म एउटै देशमा कुनै विशेष जात शिक्षा र विज्ञानमा सबै प्रविधिको सुविधाको उपभोग गर्दछ, जवकी अन्य ठूलो संख्याको लिपिसम्म पनि हुँदैन, सामाजिक शान्ति, एउटा हास्यास्पद सपनामात्र हुनेछ ।'

कतै सत्ता उपभोग गरेका जातिवादीहरूले नेपालको सामाजिक शान्तिलाइ छिट्टै हास्यस्पद सपना बनाउन त खोजेका छैनन् ! उनीहरूलाई चेतना भया ।

## माग...

पनि ११ दलले माग गरेका छन् ।

रासायनिक मलको अभावका कारण किसानको लगानीसमेत गुम्ने खतरा भएकाले किसानहरूलाई सुपथ र कम मूल्यमा रासायनिक मल स्थानीय रूपमा अविलम्ब उपलब्ध गराउन माग गर्दै ११ दलले सरकारका महत्वपूर्ण निकायमा भएका बदनाम र विवादास्पत बिचौलियाहरूको र वरिष्ठ मन्त्रीका अयोग्य नातेदारहरूको नियुक्ति खारेज गर्न पनि माग गरेका छन् ।

भारतले अतिक्रमण गरेको नेपाली भू-भागमाथि दाबी स्थापित गर्नका लागि यसलाई अन्तर्राष्ट्रियकरण गर्ने र नेपाली सेनालाई सिमानामा तैनाथ गर्ने, भारतसँगको सिमानामा तारबार लगाउनेजस्ता कामहरूलाई अविलम्ब अघि बढाउन र अमेरिकी सरकारको एमसीसीसँग विगतमा गरिएका सम्झौता खारेज गर्न ११ दलको माग छ ।

यस्तै बाढीपहिरोबाट देशैभरि किसानको जनधनको ठूलो क्षति भएकाले पीडित परिवारको खाने, बस्ने र औषधोपचार गर्ने व्यवस्था तदारुकताका साथ मिलाउन र जोखिममा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा सार्ने प्रबन्ध मिलाउन पनि ११ दलले माग गरेका छन् । सरकारले आफ्ना मागप्रति बेवास्ता गरेमा सङ्घर्षमा उत्रन बाध्य हुने चेतावनी दलहरूले दिएका छन् ।

गएको बिहीबार बसेको ११ दलको बैठकले लिएका निर्णय भएअनुसार उल्लेखित ९ बुँदे माग अगाडि सार्दै माग पुरा नगरिए कडा संघर्षमा उत्रने चेतावनी दिएका हुन् ।

बैठक नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंह, नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण', नेकपा मालेका महासचिव सीपी मैनाली, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेल, नेपाल कम्युनिस्ट पार्टीका सहसंयोजक लोकनारायण सुवेदी, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष गोपाल किराँती, जनसमाजवादी पार्टी नेपालका अध्यक्ष सुभासराज काफ्ले, राष्ट्रिय जनजागरण परिषद् नेपालका साध्यबहादुर भण्डारी, नेकपा (संयुक्त) का महासचिव केदारचन्द्र शर्मा र राष्ट्रिय जागरण मञ्चका संयोजक गुणराज लोहनीको उपस्थिति भएको बताइएको छ । बैठकले लिएका निर्णयहरू ११ दलको तर्फबाट देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले विज्ञप्ति मार्फत् सार्वजनिक गरेका थिए ।

**यस्तो छ वक्तव्यको पूर्णपाठ :**

**११ दलीयसंयुक्त विज्ञप्ति**

राष्ट्रियता, जनतन्त्र र जन जीविका सम्वन्धी विभिन्न विषयका साथै सरकारले लिएका कतिपय गलत निर्णय र क्रियाकलापका विषयमा संघर्ष गर्दै आएका हामी ११ दलको नेतृत्वले आपसमा छलफल गरी निम्नप्रकारका निर्णयहरू लिएका छौं । उक्त निर्णयहरूलाई सार्वजनिक गर्नकालागि यो संयुक्त विज्ञप्ति जारी गरेका छौं ।

***निर्णयहरू :***

१. कोभिड- १९को विषयमा :

(१) कोभिड - १९ को रोकथाम र नियन्त्रणका लागि हामीले, अन्य पार्टीले र स्वास्थ्य सम्वन्धि विज्ञहरूले दिएका सुझावहरूलाई सरकारले उपेक्षा गरेकै परिणामस्वरूप आज राजधानी लगायत देशका विभिन्न भागमा कोरोना भाइरसले महामारीको रूप लिएको छ । यस स्थितिमा निम्न अनुसारका कामलाई अविलम्ब लागु गर्न हामी सरकार सँग जोडदार माग गर्दछौं : १) कन्ट्याक्ट ट्रेसिङ र परीक्षणको कामलाई व्यापकता र तीब्रता दिने २) कोरोना भाइरसको उपचार सबैलाई निशुल्क गराउने ३) संक्रमित सबैलाई मापदण्ड अनुसारको आइसोलेसनको तुरुन्त व्यवस्था गर्ने । ४) होमआइसोलेसनमा बस्नेका लागि औषधी, चिकित्सक र नर्सको व्यवस्था गर्ने, ५) आइ.सी.यु. तथा भेण्टिलेटरको प्राविधिक सहित पर्याप्त मात्रामा व्यवस्था गर्ने । ६) विदेशबाट आउनेहरू सबैलाई क्वारेण्टाइन र आइसोलेसनमा राखेर मात्र घर पठाउने । ७) विदेशमाअलपत्र परेका नेपालीहरूलाई उद्दार गरि सरकारी खर्चमा देशभित्र ल्याउने व्यवस्था गर्ने ।

२.श्रमिक र विपन्नहरूको व्यवस्थापनबारे :

कोरोना भाइरस महामारीका रूपमा फैलिएको हुनाले सरकारले धैरै जसो जिल्लामा निषेधाज्ञा लागु गरेको छ । यसबाट श्रमिकहरूले काम गर्न नपाएर परिवारहरूको विचल्लीभएकोले उनीहरूको अविलम्ब बस्ने, खाने व्यवस्था गरियोस् । यसका साथै आय नभएका र विचल्लीमा परेका विद्यार्थीहरूको समेत खाने, बस्ने व्यवस्था मिलाइयोस् । यसमा हुने गरेको भ्रष्टाचार तुरुन्तै नियन्त्रण गरी भ्रष्टाचारीहरू माथि कारवाही गरियोस् ।

३) खाद्यान्न, तरकारी र दैनिकउपभोग्य वस्तुहरूको असीमित रूपमामूल्य बृद्धि गरिएको छ । यसमाथि नियन्त्रण कायम गरी सर्व सुलभ गराइयोस् । तरकारी बजारमा स्वास्थ सम्वन्धी नियमलाई कडाईपूर्वक पालना गराइयोस् ।

४)समयमा वर्षा हुनाको कारण यस वर्ष ९७ प्रतिशत जमिनमा रोपाईं हुनु खुसिको कुरा हो । तर समयमा रासायनिक मलको अभावका कारण किसानको लगानी समेत गुम्ने खतरा भएको हुनाले किसानहरूलाई सुपथ र कममूल्यमा रासायनिक मल स्थानीय रूपमा अविलम्ब उपलव्ध गराइयोस् ।

५) सरकारका महत्वपूर्ण निकायमा भएका बदनाम र बिवादास्पद बिचौलियाहरूको र वरिष्ठ मन्त्रीका अयोग्य नातेदारहरूको नियुक्ति खारेज गरियोस् । अब आइन्दा यसप्रकारका कृयाकलाप नगरियोस् ।

६) नेपालको भूभाग सहितको नक्शा जारी गर्नु सकारात्मक काम हो । उपरोक्त भूभाग माथि दावी स्थापित गर्नका लागि यसलाई अन्तर्राष्ट्रियकरण गर्ने, नेपाली सेनालाई सिमानामा तैनाथ गर्ने, भारत सँगको सिमानामा तारवार लगाउने जस्ता कामहरूलाई अविलम्ब अघि बढाइयोस् ।

७) अमेरिकी सरकारको एम.सी.सी. सँग विगतमा गरिएका सम्झौताखारेज गरियोस् ।

८.बाढी पहिरोले किसानको जनधनको ठूलो क्षतिभएकोमा हामी त्यस प्रति गहिरो चिन्ता ब्यक्त गर्दछौं र सरकारले पीडित र बिचल्लीमा परेका बाढी पहिरो पीडित परिवारको खाने, बस्ने र औषधोपचार गर्ने ब्यबस्था तदारुकताका साथ मिलाईओस् भन्ने जोडदार मागगर्दछौं र जोखिममा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा सार्ने प्रबन्ध मिलाइयोस् भन्ने माग गर्दछौ ।

९) कृषिमा मलको अत्यन्त अभाव भएको हुनाले त्यसबाट कृषि उत्पादनमा ठूलो क्षती पुग्ने खतरा देखिएको छ । त्यसकारण रासायनिक मलको शिघ्र पूर्तीको व्यवस्था गर्नको लागि माग गर्दछौं ।

हामीले शान्तिपूर्ण रूपमा राखेका मागहरूलाई अविलम्ब पुरा गरियोस् भनी सरकार समक्ष प्रस्तुत गरेका छौं । अन्यथा हामी कडा संघर्षमा उत्रन वाध्य हुने कुरा पनि जानकारी गराउन चाहन्छौं ।


*अभिवादन सहित !*
*सीपी गजुरेल*
*११ दलको तर्फबाट"*

**आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।**

**खोटाङ यातायात प्रा.लि.**
काठमाडौंबाट- **हलेसी,**
ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।

**सम्पर्क–**
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

# माओवादी आन्दोलन र प्रचण्ड प्रवृत्ति



● हस्तबहादुर केसी ●

***प्रचण्डले पार्टीको पहिलो अध्यक्ष केपी ओलीसित रहेको प्रधानमन्त्री पद खोस्नका लागि पार्टीका वरिष्ठ नेता द्वय माधवकुमार नेपाल र झलनाथ खनाल तथा प्रधानमन्त्री पदका लागि र्‍याल काड्दै हिड्ने गरेका वामदेव गौतमलाई विविध प्रकारका प्रलोभन, आश्वासन दिएर प्रचण्डले बलियो गुट बनाएर केपी ओलीलाई एक्ल्याउदै आएका थिए । तर केपी ओली प्रधानमन्त्री पद छोड्न कुनै पनि हालतमा तयार नभए पछि, टसकोमस नभए पछि अहिले पार्टीको कार्यकारी पद समेत धरापमा पर्न पुगे पछि त्यसलाई बचाउनकै लागि माधवकुमार नेपालहरूलाई छोडेर प्रचण्ड केपी ओलीको गुटमा टाँसिन पुगेका छन । यहाँनिर प्रचण्डको चरम अवसरवाद र व्यक्तिवाद नराम्ररी उदांगिएको छ***

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)द्वारा २०५२ साल फाल्गुन १ गतेदेखि शुरु गरेर दश वर्षसम्म सञ्चालन गरिएको जनयुद्ध अर्थात माओवादी आन्दोलन र प्रचण्ड प्रवृत्ति संगसंगै जोडिएर आउने गरेको छ। यस लेखमा माओवादी आन्दोलन र प्रचण्ड प्रवृत्ति नेपालको कम्युनिस्ट आन्दोलनभित्र र नेपालको राजनीतिमा पर्ने गरेको प्रभावका बारेमा लेख्ने प्रयास गरिएको छ।

तत्कालीन नेकपा (माओवादी) मुख्य नेतृत्व (प्रचण्ड महामन्त्री)ले जनयुद्धको ऐतिहासिक पहलका सात प्रतिबद्धताहरू (यसमा तत्कालीन केन्द्रीय समिति १७ रहेको र सबैले त्यस प्रतिबद्धता पत्रमा हस्ताक्षर गरिएको) जाहेर गरिएको थियो।

सात प्रतिबद्धतामाः

(१) माओद्वारा विकास गरिएको सर्वहारा वर्गको सार्वभौम र अपराज्य मार्क्सवादी सैन्य सिध्दान्तका रूपमा जनयुद्धको सिध्दान्तप्रति अविचल रहने प्रतिज्ञा गर्दछ।

(२) जनताको राजनीति सत्ता कब्जा गर्नु नै सशस्त्र संघर्षको प्रमुख उद्श्ये हो भन्ने कुरामा दृढ रही यस प्रश्नमा देखा पर्ने अर्थवाद, सुधारवाद, अराजकतावाद लगायतका सबै प्रकारका विचलनवादी चिन्तन र विचलनवादी चिन्तन र प्रवृत्तिका विरुद्ध संघर्ष गर्न पार्टी आफ्नो प्रतिबद्धता जाहेर गर्दछ।

(३) हाम्रो सशस्त्र संघर्ष सबै प्रकारका निम्न पुँजीवादी, संकीर्ण, राष्ट्रवादी, धार्मिक, साम्प्रदायिक एवं जातिवादी विभ्रमहरूबाट सम्पूर्ण रूपले मुक्त रहनेछ।

(४)क्रान्तिकारी अन्तर्राष्ट्रियवादी आन्दोलन (रिम) (जसको हाम्रो पार्टी पनि सदस्य छ ) को विकासमा अझ बढी सहयोग पुर्याउने कुरालाई गम्भीरतापूर्वक लिन्छ।

(५) पुरा ह्रदयले जनताको सेवा गर्न जनतासंग घनिष्ट संबन्ध कायम राख्ने जनदिशाको सिध्दान्तमा अविरल रहने कुरामा पार्टी कठिबध्द छ।

(६) कहिल्यै र कुनै पनि हालतमा पार्टी देशी एवं प्रतिक्रियावादी गुटहरूको दवाव धम्की र प्रलोभनमा पर्ने छैन।

(७)जीत र हार, उपलब्धि र क्षतिका चक्रहरू पार गरेर नै जनयुद्ध विजयी बन्नेछ। खराब कुरालाई असल कुरामा रूपान्तरण गर्ने अन्तर्विरोधको नियमलाई ठीक ढंगले पकडेर नै हामीले जनयुद्धको नेतृत्व गर्न सक्ने छौ। जनयुद्धले विजय प्राप्त नगरेसम्म हतियार बिसाउने छैनौ।

यी सात प्रतिबद्धताका साथै नयाँ जनवादी, राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं ! भन्ने मुख्य नारा र चार तयारी (१) वैचारिक तयारी (२) संठनात्समक तयारी (३) संघर्ष सम्बन्धि काम (४) प्राविधिक काम पुरा गर्ने प्रतिबद्धताका साथ सशस्त्र जनयुद्धको थालनी गरिएको थियो।

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को नेतृत्वमा २०५२ साल गतेदेखि पहल गरिएको महान जनयुद्ध नेपाली नयाँ जनवादी क्रान्ति तथा नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा एक महान परिघटना हो।

यसको समीक्षा वैज्ञानिक तथा मार्क्सवादी द्वन्द्ववादका आधारमा निश्पक्ष रूपले गरिनु पर्दछ। नेतृत्वले सात राजनीतिक प्रतिबद्धता र चार तयारी पुरा गर्ने गरी नेपालमा सर्वहारा वर्गको नेतृत्वमा सामन्तवाद र साम्राज्यवादका विरुद्ध नयाँ जनवादी गणतन्त्र स्थापना गर्दै वैज्ञानिक समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्नका लागि महान जनयुद्धको पहल गरिएको थियो।

यो जनयुद्ध रणनीतिक रक्षाबाट सन्तुलनको स्थितिमा विकसित हुदै ग्रामीण इलाकाहरूमा आधार इलाकाहरू बन्दै गए।

देशका तमाम जिल्लाहरूमा नयाँ जनसत्ताहरू, जनअदालतहरू, जनकम्युनहरू, जनसरकारहरू निर्माण गरेर सञ्चालन हुन पुगे।

सैन्य क्षेत्रमा छापामार दस्ता, जनमिलिसिया हुदै सातौं डिभिजनसम्मको जनमुक्ति सेना निर्माण गरियो।

यस प्रकारको विकासले नेपाली सर्वहारा वर्ग, मुक्तिकामी नेपाली जनता र विश्व भाइचाराहरूमा ठूलो आशावादी बनायो। र, त्यतिबेला भनीयो कि नेपालमा मुलुकको ८० प्रतिशत भूभाग माओवादीको कब्जामा आइसक्यो ।

तर २०६२ सालको असोजतिर पुगेर माओवादी जनयुद्धको मुख्य नेतृत्व गरिरहेका प्रचण्ड र बावुरामभित्र मौलाउँदै गएको चरम अवसरवाद र व्यक्तिवाद बाहिर पनि प्रकट हुन थाल्यो।

त्यस प्रक्रियामा प्रचण्ड र बावुराममा वैचारिक, सैद्धान्तिक विचलन खुला रूपमा देखा पर्यो र २०६२ असोज-कार्तिकमा सम्पन्न चर्चित चुनवाङ बैंठकमा उजागर भयो।

माओवादी पार्टीको उक्त चुनवाङ बैंककले नयाँ जनवादी क्रान्तिको सशस्त्र जनयुद्धको कार्यदिशालाई स्थगित गरेर लोकतान्त्रिक गणतन्त्रको पुँजीवादी संसदीय नारा पारित गर्यो र तत्कालीन नेपाली काँग्रेस, एमाले, राप्रपा लगायत सात संसदीय राजनीति दलहरूसित सहकार्य गर्ने नीति पारित गर्यो।

यसलाई कार्यान्वयनमा लिनको निम्ति २०६२ साल मंसिर ७ गते भारतको राजधानी नयाँदिल्लीमा सात राजनीतिक दल र विद्रोही नेकपा (माओवादी)का विचमा १२ बुँदे सहमति पत्रमा हस्ताक्षर भयो। यस प्रक्रियासंगै सशस्त्र जनयुद्ध सञ्चालन गरिरहेको नेकपा (माओवादी)ले सशस्त्र जनयुद्धको कार्यदिशा परित्याग गरेर शान्तिपूर्ण संसदीय कार्यदिशा प्रवेश गर्ने बाटो तय गर्न पुग्यो। यो नै नेकपा (माओवादी) पार्टीको मुख्य नेतृत्व ( प्रचणड, बावुराम) मा पैदा भएको वैचारिक, सैद्धान्तिक विचलनको टाट पल्टाइको प्राकाष्ठा थियो। किनभने त्यतिबेला प्रचण्ड, बावुरामले जे भन्थे, जे गर्दथिए, ती कुराहरू कार्यकर्ताहरूले आँखा चिम्लेर समर्थन गर्ने र एकोहोरो ताली पिट्ने वातावरण थियो। भयो पनि त्यही।

यसै प्रक्रियामा जनयुद्धको जग र १२ बुँदे सहमतिका आधारमा २०६२/२०६३ को ऐतिहासिक १९ दिने जनआन्दोलन सफल भयो र निरंकुश राजतन्त्रले घुडा टेक्यो र विघटित संसद पुनःस्थापना गरियो। तत्कालै काँग्रेस र एमाले मिलेर संयुक्त सरकार बनाए।

विद्रोही माओवादी पार्टीले पनि भूमिगत अवस्थाबाट पार्टी खुला गर्ने नीति लियो र कास्की जिल्लाको शिखलेसबाट प्रचण्ड-बावुराम सहितको टोली सरकारी हेलिकप्टर चढेर काठमाडौंमा आएर पार्टी खुला भएको घोषणा गरियो।

२०६३ साल असार २ गते तत्कालीन सरकार र नेकपा (माओवादी) का बिचमा दश वर्षे जनयुद्धका प्रक्रियामा निर्माण गरिएका नयाँ, जनसत्ता, जनअदालत, जनकम्युन, जनसरकार लगायतका सबै संरचनाहरू खारेज गर्ने प्रस्ताव पत्रमा सहमति भयो र हस्ताक्षर गरियो र कार्यान्वयनमा ल्याइयो।

२०६३ साल मंसिर ५ गते दश वर्षदेखि सञ्चालन गरिदै आएको माओवादी सशस्त्र जनयुद्धको अन्त्य गरिएको घोषणा सहित तत्कालीन सरकारका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र विद्रोही नेकपा (माओवादी) अध्यक्ष प्रचण्डका बिच बृहत शान्ति संझौता पत्रमा हस्ताक्षर गरियो। त्यस दिनदेखि नेकपा (माओवादी) दश वर्षदेखि सञ्चालन गर्दै आएको सशस्त्र जनयुद्ध स्वयं पार्टी अध्यक्ष प्रचण्ड कै हातबाट समाप्त गरियो।

२०६३ माघ १ गते सरकारले अन्तरिम संविधान जारी गर्यो। नेकपा (माओवादी) ८३ सिट सांसदहरू सहित संसद (सिहंदरवार) मा प्रवेश गर्यो। २०६३ चैत १८ गते नेकपा ( माओवादी) पनि तत्कालीन संयुक्त सरकारमा सामेल भयो। घटना प्रक्रिया यिनै थिए।

यसै प्रक्रिया अन्तर्गत २०६४ साल चैत २८ गते संविधानसभाको पहिलो ऐतिहासिक निर्वाचन सम्पन्न भयो। संसदमा सबैभन्दा ठूलो दलको हैसियतमा नेकपा (माओवादी) प्रचण्डको नेतृत्वमा सरकार गठन गरेर नौ महिनासम्म सरकार पनि चलायो।

यसै प्रक्रिया अन्तर्गत २०६५ साल पुस ११ गते माओ दिवसको अवसरमा नेकपा ( माओवाद) र नेकपा (एकता केन्द्र) बिच पार्टी एकता भयो र पार्टीको नाम पनि नेपाल कम्युनिस्ट पार्टी) (एमाओवादी) मा रूपान्तरण भयो।

त्यसअन्तर्गत एकातिर प्रचण्ड-बावुराम भित्र रहेको वैचारिक विचलन पनि चुलिदै गयो भने अर्कोतिर २०६५ साल मंसिरमा सम्पन्न एमाओवादीको राष्ट्रिय कार्यकर्ता भेला र २०६६ साल मंसिरमा सम्पन्न पालुङटार प्लेनम हुदै एमाओवादी पार्टी भित्रको वैचारिक,सैद्धान्तिक विवाद चुलिदै गयो र त्यसै बेला बावुराम प्रधानमन्त्री रहेकै बखत २०६८ चैत २८ गते जनमुक्ति सेनालाई प्रतिक्रियावादी (तत्कालीन शाही सेना) सेना सामु आत्मसमर्पण गर्न लगाएर विघटन गराइयो र हतियार पनि प्रतिक्रियावादी सत्तालाई बुझाइयो।

प्रचण्ड-बावुरामभित्र पैदा भएको वैचारिक विचलनको प्राकाष्ठाका रूपमा प्रकट हुने सिलसिलावर प्रक्रिया अन्तर्गत २०६९ साल जेठ १४ गते मध्य रातमा पहिलो संविधानसभा विघटन गराइयो र दोस्रो संविधानसभाको निर्वाचनको घोषणा गरियो। यी सबै कार्यहरू साम्राज्यवाद र विस्तारवादको ग्राण्डडिजाइन र निर्देशन तथा योजनामा सम्पन्न गरिएको थियो।

यसै सिलसिलामा तत्कालीन नेकपा (माओवादी) वरिष्ठ उपाध्यक्ष कमरेड मोहन वैद्य किरणको नेतृत्वमा उक्त एमाओवादीको नवसंशोधनवादी हिस्सासित वैचारिक, सैद्धान्तिक र सांगीठनिक रूपमा विद्रोह गरी २०६९ साल असार २-५ मा सम्पन्न वौध्द भेलाबाट नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को गठन हुन पुग्यो।

यसरी नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को गठनसंगै माओवादी आन्दोलन विधिवत रूपमा विभाजित हुन पुग्यो। र, कमरेड मोहन वैद्य किरणले नेतृत्व गरेको माओवादी आन्दोलनको क्रान्तिकारी धारा आज नेकपा (माओवादी) हुदै नेकपा (क्रान्तिकारी माओवादी )मा रूपान्तरित हुदै महान नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै वैज्ञानिक समाजवाद हुदै साम्यवादमा पुग्ने लक्ष्यका सात नेपाली क्रान्ति सशस्त्र जनविद्रोहको सैन्य कार्यदिशा अंगिकार गर्दै महान नेपाली नयाँ जनवादी क्रान्तिका कार्यभार पुरा गर्ने ऐतिहासिक कार्यभारका सात देशभर छरिएर रहेका क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूलाई एकीकृत गर्दै महान लक्ष्यमा पुग्ने प्रतिद्धधाता सात अगाडि बढिरहेको छ।

अर्कोतिर नवसंशोधनवादको बाटो अख्तियार गरेको प्रचण्डको नेतृत्वमा सञ्चालन हुँदै आएको तत्कालीन एमाओवादी पार्टी नेकपा (माओवादी केन्द्र, माके ) हुँदै सैद्धान्तिक, वैचारिक रूपमा पूर्णरूपमा टाट पल्टिसकेपछि पहिले आफैंले प्रतिक्रियावादी घोषणा गरिएको नेपाल कम्युनिस्ट पार्टी (एमाले) मा २०७५ साल जेठ ३ गते विलय हुन पुग्यो र अहिले प्रतिक्रान्तिकारी तथा प्रतिक्रियावादी केपी ओलीले नेतृत्व गरेको सामाजिक फासीवादी सरकारमा सामेल भएर एकातिर क्रान्तिकारी कम्युनिस्टहरूलाई भीषण दमन गरेर नेपाली क्रान्तिलाई समाप्त गर्ने र अर्कोतिर चरम भ्रष्टाचार गरेर देशलाई कंगाल बनाई छाड्ने भूपू एमालेको केपी गुटले गरेका चरम भ्रष्टाचार काण्डहरू र हत्या बलत्कारका जघन्य अपराधहरूलाई अनुमोदन गर्ने र संरक्षण गर्ने तथा चोख्याउने खेलमा तल्लीन भइरहेको छ।

अब यहाँ थोरै प्रचण्ड प्रवृत्तिका बारेमा चर्चा गर्न जरुरी यो छ कि सिंगो माओवादी आन्दोलन र नेपाली कम्युनिस्ट आन्दोलनभित्र प्रचण्ड प्रवृत्ति अत्यन्तै खतरनाक प्रवृत्तिका रूपमा रहेको छ र यसले मूलतः आज क्रान्तिकारी माओवादी धारा र सिंगो नेपाली कम्युनिस्ट आन्दोलन भित्र ठुलो प्रभाव पारिरहेकोले यसको चिरफार गर्न जरुरी छ।

प्रचण्ड प्रवृत्ति भनेको मुख्यतः चरम व्यक्तिवाद, अवसरवाद, आर्थिक विचलनवाद, अस्थिरतावाद, संकीर्णवाद, वितण्डावाद, नातावाद, कृपावाद, फरियावाद, षड्यन्त्रवाद, छलछामवाद, मुखियावाद, कायरतावाद, पुच्छरवाद, भ्रमवाद, अहंकारवाद र ढाँट, सिल्लीपना जस्ता कुप्रवृतिहरू मुख्य रूपमा नेपाली कम्युनिस्ट आन्दोलनभित्र एउटा खतरनाक प्रवृत्तिका रूपमा घर जमाएर बसेको छ।

यस प्रवृत्तिले बेलाबखत क्रान्तिकारी माओवादी धारा भित्रका नेता, कार्यकर्ताहरूमा समेत नकारात्मक प्रभाव पारेर आन्दोलनलाई क्षति पुर्याउदै आएको तथ्यलाई पनि नकार्न सकिदैन।

लामो समय पहिलेदेखि सत्ताधारी नेकपाभित्र खास गरी केपी ओली र पुष्पकमल दाहाल प्रचण्ड बिचको पदको लुछाचुडी चल्दै आएको छ। यतिबेला त्यस पदस्वार्थको केपी ओली र प्रचण्ड बिचको लुछाचुडी चरम अवस्थामा पुगेको छ।

प्रचण्डले पार्टीको पहिलो अध्यक्ष केपी ओलीसित रहेको प्रधानमन्त्री पद खोस्नका लागि पार्टीका वरिष्ठ नेता द्वय माधवकुमार नेपाल र झलनाथ खनाल तथा प्रधानमन्त्री पदका लागि र्‍याल काड्दै हिड्ने गरेका वामदेव गौतमलाई विविध प्रकारका प्रलोभन, आश्वासन दिएर प्रचण्डले बलियो गुट बनाएर केपी ओलीलाई एक्ल्याउदै आएका थिए। तर केपी ओली प्रधानमन्त्री पद छोड्न कुनै पनि हालतमा तयार नभए पछि, टसकोमस नभए पछि अहिले पार्टीको कार्यकारी पद समेत धरापमा पर्न पुगे पछि त्यसलाई बचाउनकै लागि माधवकुमार नेपालहरूलाई छोडेर प्रचण्ड केपी ओलीको गुटमा टाँसिन पुगेका छन । यहाँनिर प्रचण्डको चरम अवसरवाद र व्यक्तिवाद नराम्ररी उदांगिएको छ।

अहिले व्यक्तिगत स्वार्थ र पदस्वार्थपुर्तिका लागि महान दश वर्षे जनयुद्धका सम्पूर्ण उपलब्धि र विरासतहरू र नेपाली क्रान्तिका लक्ष्यहरू मुठो पारेर खोलामा फ्याक्दै आफैले प्रतिक्रियावादी घोषणा गरिएको एमाले भित्र छिर्दै आज केपी ओलीको काखमा पुग्दासम्म पनि प्रधानमन्त्री पद हत्याउन असफल भए पछि वितण्डा फैलाउन माहिर गनिएका प्रचण्डले पहिलो हप्ता पत्रकार नाक भूषणले लिएको एक अन्तर्वार्तामा प्रचण्डले 'मैले मोहन वैद्य किरण, नेत्र विक्रम चन्द विप्लव,डाक्टर बावुराम भट्टराईलाई साथमा लिन नसक्नुमा ठूलो कम्जोरी भएको छ, मैले उहाँहरूलाई साथैमा लिएर जानै पर्छ' भनेर अन्तर्वार्ता दिए पछि प्रचण्डको त्यो सिल्ली आवाजलाई सकारात्मक ढंगले बुझ्नेहरूका लागि केही तरंगित पारेको पाइएको छ।

नेकपा (क्रान्तिकारी माओवादी) भित्रका केही जिम्मेवार (सिसिएम) तहका व्यक्तिहरू समेत प्रचण्ड प्रति आशावादी रहेको आसय सहितका लेख,रचनाहरू पार्टी नजिकका सञ्चार माध्यमहरूमा प्रकाशित भएका छन । केन्द्रीय नेताहरूमा अहिलेसम्म प्रचण्ड प्रति आशावादी बनिरहनु र प्रचण्ड आए हुने थियो भन्ने चिन्तन बाहिरिनु भएको उनीहरूमा रहेको अध्ययनको कमि हो। मालेमावादका आधारभूत सिध्दान्तप्रतिको बुझाइको कम्जोरी हो ।

यस प्रकारको सद्धधान्तिक कम्जोरी देखा पर्नु र पार्टीको केन्द्रीय तहमै आजसम्म प्रचण्डलाई चिन्न नसक्नुको प्रमुख कारण पार्टी भित्र स्कुलिङको अभाव भैरहनु नै हो । लामो समयदेखि पार्टी भित्र जुन स्कुलिङको अभाव छ, यो त्यसकै परिणाम हो। यसलाई पार्टीले सञ्चालन गर्न नियमित पार्टी स्कुलिङले मात्र निराकरण गर्न मद्दत गर्न सक्छ।

केपी ओलीसित पद प्राप्तिको लडाइँमा पराजित भए पछि प्रचण्डले एकातिर केपी ओली गुट सहित भूपू एमालेका भ्रष्टहरूलाई अब प्रचण्डहरू युध्दतिरै फर्कि हाल्ने हुनकि भनेर तर्साएर पदका लाभहरू प्राप्त गर्ने खेलको रूपमा र मूलतः भूपू एमालेहरू र आफ्ना देशीविदेशी महाप्रभुहरूलाई प्रचण्डहरू फेरी युध्दमा फर्किने हुन कि भनेर तर्साउनका लागि प्रचण्डले जति बेला आफूलाई अप्ठ्यारो परेको हुन्छ र स्वार्थपूर्ति भैराखेको हुदैन, त्यतिबेला प्रचण्डले यस प्रकारका षड्यन्त्रका जालहरू फ्याक्ने गर्दछन।

अर्कोतिर क्रान्तिकारी माओवादी, विप्लव नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू भित्र रहेका सैध्दान्तिक, वैचारिक स्तर कम्जोर भएका, मालेमावादका आधारभूत सिध्दान्तले लैस नभइसकेका, पार्टी स्कुलिङको अभावले रुमल्लिरहेका र चरम अवसरवादी, व्यक्तिवादी चरित्र भएका नेता कार्यकर्ताहरू जो द्न्द्ववादी ढंगले कुनै पनि घटना, परिघटनाहरूको बारेमा सही विश्लेषण गरेर वैज्ञानिक निश्कर्षमा पुग्न सक्तैनन, त्यस्ता नेता कार्यकर्ताहरूका बिचमा भ्रम छर्नका लागि प्रचण्डले यस प्रकारका खेलहरू खेलेर क्रान्तिकारी माओवादी आन्दोलनभित्रका नेता कार्यकर्ताहरू चोर्दै र तान्दै आएका छन। बिगतदेखि यस्तो हतियार प्रचण्डले प्रयोग गर्न खोजेको स्पष्टै छ। यस्ता ताना बुन्न र माओवादी आन्दोलनभित्र रहेका नेता, कार्यकर्ताहरूको मानसिकता र आचरण पनि प्रचण्डले नबुझेको भएन।

प्रचण्ड को हुन ? प्रचण्ड प्रवृत्ति के हो ? नेपाली क्रान्तिको बाटोमा प्रचण्डले के कति सकारात्मक र नकारात्मक कार्य गर्दै आएका छन ? भन्ने बारेमा माओवादी आन्दोलनभित्र मात्र होइन, सबै देशीविदेशी अर्थात देश दुनियाँले नजानेको, नबुझेको विषय भएन।

प्रचण्ड एण्ड बावुराम कम्पनीले नेपाली क्रान्तिप्रति, नेपाली जनता प्रति के कस्तो गध्दारी गरे भन्ने बारेमा सबैलाई जानकारी नभएको विषय पनि भएन।

प्रचण्ड-बावुरामहरूले आफ्नो निहित व्यक्तिगत स्वार्थ पुरा गर्नका निम्ति, आफ्नो परिवारजनहरूको,नाता,गोता र स्टमित्रहरूको स्वार्थ पुरा गरिदिनका निम्ति, आफ्ना भाई -भतिजाहरूको स्वार्थ पुरा गरिदिनका निम्ति उनीहरूले जनतालाई हेरेनन।

बरु उनीहरूले देशी विदेशी प्रतिक्रियावादीहरूको इच्छा पुरा गरिदिने उद्श्येले महान दश वर्षे जनयुद्धको प्रक्रियामा निर्माण हुन पुगेका क्रान्तिका आधार इलाकाहरू, नयाँ जनसत्ताहरू, जनअदालतहरू, जनकम्युनहरू, जनसरकारहरू विघटन गरे। जनमुक्ति सेनालाई प्रतिक्रियावादी सेना भित्र विलय गराई दिए। हतियारहरू प्रतिक्रियावादी सत्तालाई बुझाए। पहिलो जननिर्वाचित संविधानसभाको विघटन गरेर दोस्रो संविधानसभा मार्फत प्रतिक्रियावादी तथा पश्चगामी संविधान बनाउन महत्त्वपूर्ण भूमिका खल्न समेत पछाडि परेनन।

त्यति मात्र होइन प्रचण्डले महान दश वर्षे जनयुद्धका उपलब्धिहरू र विरासतहरू, सम्पूर्ण नेपाली क्रान्तिका योजना र सपनाहरूलाई एउठै मुठो पारेर खोलामा फ्याकेर आफ्ना देशीविदेशी मालिकहरूलाई खुसी तुल्याउँदै एमालेमा छिरेका व्यक्तिलाई फेरी क्रान्तिकारी बन्लान भनेर आशावादी हुनु भनेको गोरु ब्याउला र बेगुतो खाउला भने जस्तै हो ।

प्रचण्ड प्रवृति भनेको आफ्नो वरिपरी आशेपासेहरू, धुपाउरेहरू, चाकडीबाजहरू, भ्रष्ट र कमिशनखोरहरू, वैचारिक विचलनमा परेर सिध्दान्तविहिन भुसतिघ्रेहरू, चरम अवसरवादीहरूलाई वरिपरि राखेर आफ्नो स्वार्थपूर्ति गर्ने र पार्टी भित्रका क्रान्तिकारीहरूलाई, आफ्नो विरोध गर्नेहलाई समाप्त पार्नु हो।

अहिले पनि नारायण काजी श्रेष्ठ( प्रकाश) लगायत राल्पा, रुकुम, जाजरकोट, कालीकोट, कैलाली, कास्की, अर्घाखाँची, धादिङ, चितवन, गोर्खा, मधेसतिर र देशका विभिन्न भागमा रहेका सिध्दान्तहिन, एमाले कार्यकर्ता भन्दा पनि तल्लो दर्जाका अघोर अवसरवादीहरूलाई वरिपरि झुण्डाएर आफ्नो स्वार्थपूर्ति गरिरहेका छन । समग्रमा यही नै हो प्रचण्ड प्रवृत्ति।

महान नेपाली क्रान्तिको हितका खातिर कुनै पनि क्रान्तिकारीले आफूलाई बचाउनु पर्छ। यो आलेखको मुख्य आसय पनि यही नै हो।

**१३ भदौ २०७७, काठमान्डौं**

*(लेखकः नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय पार्टी स्कुलिङ विभागका सचिव हुन्)।*

## प्रधानमन्त्रीका...

छ। पदीय हिसाबले राज्यको सूचना र स्रोतमाथि सोझै पहुँच राख्ने भट्टराईमाथि लागेको यो आरोप निकै संगीन प्रकृतिको रहेकोले यसबारेमा राज्यले छानविन गरी सत्यतथ्य बाहिर ल्याउनुपर्ने आवाज उठ्न थालेको छ।

पञ्चायतकालीन केही दृष्टान्तहरूलाई हेर्ने हो भने पनि यस्तै प्रकृतिका घटनामा राज्यले छानविन गरेको, सो घटनामा मुछिएका जिम्मेवार व्यक्तिले पदबाट राजीनामा दिएको र दोषी सावित भएकाहरू दण्डित भएका पाइन्छन।

घटना एक

प्रहरी प्रधान कार्यालय आ.वा. शाखाका ई. (इन्सपेक्टर) पूर्णकुमार प्रधानले २०२६ चैत्र २६ गते तत्कालीन 'गुप्तचर विभागको गोप्य सरकारी कागजहरू विदेशी राष्ट्रको हितका लागि दिई आर्थिक लाभ हासिल गर्ने उद्योग गरेको' आरोपमा पक्राउ परे। उनीमाथि जासुसी मुद्दा लाग्यो।

प्रधानले चेकपोष्ट र प्रहरी आ.वा. बाट प्रहरी प्रधान कार्यालयलाई पठाएका सूचनाहरू नरेश कौशिक नामका व्यक्तिलाई दिएका थिए। चाइनिज दुतावासका सचिव, भारतीय चेकपोष्टका स्टाफहरूको गतिविधि र मुस्ताङमा खम्पा विद्रोहीहरू ठाउँ सर्दैछन भन्ने सूचना उनले त्यसरी उपलब्ध गराएका थिए।

'गुप्तचर विभागको गोप्य सरकारी कागजहरू विदेश राष्ट्रको हितमा' जासुसी गरेको आरोपमा प्रधान, कौशिक, वीरबहादुर लामा लगायत पक्राउ परेका थिए। कौशिकले ती सूचनाहरू भारतीय दुतावासमा बुझाएका थिए। 'गुप्तचर विभागको गोप्य सरकारी कागजहरू विदेशी राष्ट्रको हितमा' जासुसी गरेको आरोपमा प्रधान, कौशिक, वीरबहादुर लामा लगायत पक्राउ परेका थिए। सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश रत्नबहादुर विष्ट, न्यायाधीशहरू बासुदेव शर्मा र विश्वनाथ उपाध्यायको फुल वेन्चले ०३२ साल पुस १५ गते उनीहरूलाई पाँच वर्ष कैद हुने फैसला गर्यो।

घटना दुई

०३२ वैशाखमा नगेन्द्रप्रसाद रिजाल नेतृत्वको मन्त्रिमण्डल तेस्रो पटक 'हेरफेर' भयो। भोजपुरका ध्यानबहादुर राई एक नम्बर सूचीमा जलविद्युत सहायक मन्त्री भए। त्यसबेला सहायक मन्त्रीको पनि ठूलो महत्व र मान थियो।

राईले भोजपुरकै विजयराज चापागाईलाई स्वकीय सचिव नियुक्त गरे। ०३२ साल साउन २७ गते 'मन्त्रिपरिषदका निर्णयहरू बेच्दै गर्दा' सहायक मन्त्री राईका स्विकिय सचिव चापागाई र उनका सहकर्मी मिनप्रसाद खतिवडा पक्राउ परे।

चापागाई र खतिवडाद्वयले मन्त्रिपरिषदका निर्णयहरू भारतीय दुतावासलाई प्रतिनिर्णय एक सय ५० भारूमा बेचेका थिए। ०३२ साल साउन ४ गतेपछिका मन्त्रिपरिषदका निर्णयहरू बेचेको आरोपमा उनीहरूमाथि मुद्दा चल्यो। मन्त्रिपरिषदका निर्णय बेच्दै गरेको अवस्थामा आफ्ना स्वकीय सचिव पक्राउ परेपछि ०३२ साल भदौ १० गते राईले सहायक मन्त्रीबाट राजीनामा दिए।

तत्कालीन मध्यमाञ्चल क्षेत्रीय अदालतले उनीहरूमाथि छानविन गर्न एक सदस्यीय अदालत गठन गर्यो। अदालतले दोषी ठहर्याए उनीहरूलाई पाँच वर्ष कैद फैसला गरेको थियो। पञ्चायतकालमा गोप्य सूचना बेचेको आरोपमा जेल परेका उदाहरण हुन यी।

गोरखापत्र संस्थानका पूर्व अध्यक्ष गोविन्द पोखरेलले आफू राजनीतिक बन्दीका रूपमा नख्खु कारागारमा रहँदा चापागाई पनि मन्त्रिपरिषदका सूचना बेचेको अभियोगमा दोषी ठहर भई कैद भुक्तानका लागि नख्खु जेलमा आएको र सोही क्रममा उनीसँग भेट भएको बताए।

पोखरेलका अनुसार पञ्चायतकाल राज्यका सूचनाहरू बिक्री गरेको आरोपमा कडा कारवाही भएको प्रमाण थियो त्यो।

त्यस प्रकारका आरोप अहिले पनि लागिरहेका छन, सूचना बेचेका वा पदको दुरुपयोग गरेका विषयहरू उठिरहेका छन। तर तिनको न प्रभावकारी ढङ्गले छानविन हुन्छ, न कारवाही प्रक्रिया नै अघि बढेको पाइन्छ।

डा. राजन भट्टराईमाथि १५ लाख लिएको आरोप

प्रधानमन्त्री केपी शर्मा ओलीका परराष्ट्र सल्लाहकार राजन भट्टराई (पिएचडी) माथि 'रिसर्च अन नेपाल इन्डिया रिलेसन' (नेपाल-भारत सम्बन्धको अनुसन्धान) का लागि चिनियाँ दुतावासबाट सन २०१७ अक्टोबर १५ अर्थात ०७४ असोज २९ गते १५ लाख रूपैयाँ लिएको आरोप लागेको छ। त्यसबेला भट्टराई एकातिर नेपाल र भारतले दुई देशको सम्बन्ध अध्ययन गर्न बनाएको प्रवुद्ध व्यक्ति समुह (इपीजी) का सदस्य थिए भने अर्कातिर ०७४ मंसिरमा हुँदै गरेको संघीय निर्वाचनमा तत्कालीन नेकपा एमालेका तर्फबाट काठमाडौं क्षेत्र नम्बर ४ का उम्मेदवार थिए।

०६६ जेठ ११ मा तत्कालीन एमालेका नेता माधवकुमार नेपाल प्रधानमन्त्री भएका बेला भट्टराई प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार बनेका थिए। संविधानसभाको दोस्रो निर्वाचनमा उनलाई तत्कालीन एमालेले समानुपातिक कोटाबाट सभासद मनोनित गरेको थियो। स्वाभाविक रूपमा तत्कालीन इन्सपेक्टर पूर्णकुमार प्रधान र सहायक मन्त्रीका स्वकीय सचिवको भन्दा भट्टराईसँग राज्यको सूचनाको पहुँच कता हो कता बढी छ। उनीहरूले हासिल गर्न सक्ने र विक्री गर्न सक्ने सूचनाको तुलनामा भट्टराईले हासिल गर्न सक्ने सूचनाको स्तरमा निकै फरक र निकै महत्वपूर्ण हुन्छ भन्ने कुरा परराष्ट्रमामिलाका सामान्य जानकारले पनि बुझ्न सक्छन।

'बाइल्याटरल् कर्पोरेसन प्रोजेक्ट प्रपोजल' नामक परियोजना खडा गरी नेपाल-भारत सम्बन्धमाथि प्रतिवेदन बनाएर 'बिक्री' गरी भट्टराईले चीनसँग १५ लाख रूपैयाँ लिएको आरोप छ। रोचक त के छ भने त्यस प्रोजेक्टको कोअर्डिनेटर भट्टराईकी पत्नी गीता गौतमलाई राखिएको छ। तर मोवाईल नम्बर र इमेल ठेगाना भने भट्टराईकै उल्लेख छ। त्यहाँ उल्लेख गरेको मोवाइल नम्बर भट्टराईले अहिले पनि प्रयोग गरिरहेका छन।

इपिजीको सदस्य रहेकै बखत परियोजना खडा गरी अनुसन्धानका नाममा नेपाल-भारत सम्बन्धको विवरण चीनलाई उपलब्ध गराएको गम्भीर आरोप लागेकोले यसबारे उच्चस्तरमै छानविन हुनुपर्ने सैनिक, कुटनीतिक क्षेत्रका विज्ञहरू बताउँछन। नेपाली सेनाका अवकाश प्राप्त एक जना रथीका अनुसार भट्टराईमाथि लागेको आरोप 'राज्य विरुद्धको अपराध' हो, जुन सबभन्दा गम्भीर अपराध मानिन्छ।

'नेपालले असंलग्न परराष्ट्र नीति अँगाल्ने भनेको छ। भट्टराईले लेख (सूचना) बेचेर रकम लिएकै हो भन्ने प्रमाणित भएमा त्यो राज्य विरुद्धको अपराध हो', उनी भन्छन, 'गम्भीर रूपमा छानविन गरेर सत्यतथ्य पत्ता लगाउनुपर्छ।'

पदीय मर्यादाका हिसावले भट्टराई उपल्लो जिम्मेवारीमा रहिसकेकाले उनीमाथि राज्यको कानून आकर्षित हुने ती रथीको भनाइ छ।

विगतमा भट्टराई र लेखक गेजा शर्मा वाग्लेले विदेशी रकममा नेपालको सुरक्षा नीति अध्ययन गर्ने भन्दै नीति अध्ययन प्रतिष्ठान (निप्स) स्थापना गरेका थिए। भट्टराई नीति अध्ययन प्रतिष्ठान परियोजनाको अध्यक्ष थिए भने वाग्ले संयोजक। उनीहरूले ०६७ सालमा 'नेपालको सुरक्षाका नयाँ चुनौती' नामक ४३९ पृष्ठको पुस्तक नै प्रकाशित गरेका थिए।

त्यसबेला पनि विदेशी गैरसरकारी संस्थाको रकममा मुलुकको सुरक्षा मामिलामाथि बहस गर्न नमिल्ने भन्दै उनीहरूको कदमको खरो आलोचना भएको थियो। कतिसम्म भने सुशासन, अनियमितता र नैतिकतामाथि दरिलो कलम चलाउँदै आएका पत्रकार हरिबहादुर थापा र सूचना बेचेको आरोप लागेका भट्टराईसँग बिबिसी नेपाली सेवामा रमा पराजुलीले बहस नै चलाएकी थिइन। बहसमा थापाले भट्टराई र वाग्लेले गरिरहेको काम मुलुकको हितविरुद्ध रहेको बताएका थिए।

दुर्भाग्यवश, फेरि भट्टराईमाथि नेपाल-भारत सम्बन्ध अध्ययन गर्न गठन गरिएको प्रबुद्ध व्यक्ति समुह -इपीजी) को सदस्य रहेकै बेला त्यही शीर्षकमा अनुसन्धान गर्न चिनियाँ दुतावासबाट रकम बुझेर राष्ट्रहित बिरुद्ध उभिएको गम्भीर आरोप लागेको छ।

परराष्ट्र मामिलामा लामो समय काम गरेका एक जना कुटनीतिज्ञ भट्टराईमाथि लागेको अभियोगको छानविन हुनुपर्ने बताउँछन। 'अनुसन्धानका नाममा राज्यका गोप्य सूचनाहरू बेच्दा कहिले भारत, कहिले चीन खुशी होला। तर, देश भने सधैँ हारिरहन्छ। पछिल्लो समय यस्तै प्रवृत्तिले नै देशलाई उभो लाग्न नदिएको हो,' उनले भने, '०३२ सालमा चापागाईले मन्त्रिपरिषदको निर्णय मात्र चोरी गरी बेच्दा पाँच वर्ष जेल परे। मन्त्रिपरिषदको निर्णय त जुन कुनै समय सार्वजनिक हुन्थ्यो नै। राज्यसँग कतिपय यस्ता गोप्य सूचना हुन्छन, जो कहिल्यै सार्वजनिक गर्न वा अरु देशलाई दिन हुन्न। भट्टराईमाथि आर्थिक लाभका खातिर त्यस्तो सूचना बेचेको आरोप लागेको हो।'

ओली सरकारले गुप्तचर विभागको दैनिक प्रतिवेदनसमेत आफैंले पढ्ने अधिकार क्षेत्रभित्र तानेको छ। गुप्तचर विभागले प्रधानमन्त्रीलाई दिनदिनै लामा-लामा प्रतिवेदनहरू बुझाउँछ। ती प्रतिवेदन प्रधानमन्त्रीले पढिरहने फुर्सद पाउँदैनन, उनको सल्लाहकार समूहका सदस्यले नै त्यस्ता प्रतिवेदन पढेर आवश्यकताअनुसार प्रधानमन्त्रीलाई सुनाउने/देखाउने गर्दछन। 'त्यस तहमा रहेका व्यक्तिमाथि सूचना बेचेको अभियोग लाग्नु भनेको मुलुकका लागि दुर्भाग्य हो,' उनले भने, 'प्रधानमन्त्री ओलीको दरिलो इच्छाशक्ति छ भने उनले भट्टराईमाथि लागेको अभियोगको छानविन गरी दोषी ठहरिएमा आवश्यक कारवाहीसमेत गर्नुपर्छ।'

भट्टराईमाथि लागेको संगिन आरोपबारे कुरा गर्न पत्रकारहरूले खोज्दा,

जो चिनियाँ दूतावाससँग उनकी पत्नीको नाममा रहेको संस्थाले गरेको सम्झौतापत्रमा समेत उल्लेख थियो। उनले फोन 'रिसिभ' नगर्ने र 'प्लिज टेक्स्ट मी' भनेर सन्देश निदने गर्दछन्। र भने गर्दछन्-'मेरो आरोपको बारेमा मैले बताइसकेको छु। मेरो कुरा त्यही हो।'

वास्तवमा उनले गत बुधबार ट्वीटरमार्फत त्यसबारे प्रष्टीकरण दिएका थिए। त्यसमा उनले ट्वीटर गरेका थिए,- 'भारतीय एक मिडियामा आएको समाचारलाई पछ्याएर नेपालका केही अनलाइनहरूले मेरो विषयमा गरेको अतिरञ्जित प्रचारमा सत्यता छैन। मैले राज्यको जिम्मेवारी लिइरहँदा जिम्मेवारीको मर्यादा र सीमालाई उल्लंघन गरेर देश र जनतालाई आघात पार्ने काम गरेको छैन। इपीजीको जिम्मेवारी लिएको बेला त्यसले निर्धारण गरेको आचारसंहिता र नियमलाई उल्लंघन हुने काम भएको छैन। दुष्प्रचारबाट भ्रममा नपर्न सबैमा अनुरोध गर्दछु।'

इपिजीको सदस्यका रूपमा रहेकै समयमा त्यस प्रकारको जिम्मेवारी लिनु उचित थियो वा थिएन, पत्नीको नाममा रहेको संस्थामा भट्टराईले आफ्नो सम्पर्क नम्बर र आफ्नै इमेल राखेर सम्झौता गर्नु, त्यस प्रकारको भूमिका निर्वाह गर्दै आएको व्यक्तिले प्रधानमन्त्रीको सल्लाहकारका रूपमा रहेर काम गर्दा सूचना चुहावट भइरहेको छैन भन्ने भरपर्दो आधार के हुन सक्छ लगायत दर्जनौं अनुत्तरित प्रश्नहरूबाट बँच्नकै लागि उनले ट्वीटरमा एकोहोरो दावी गरेर उम्किने प्रयास गरेका थिए। तर स्वयं प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकारमाथि नै आर्थिक लाभका लागि 'जासूसी' गरेको सङ्गीन अभियोग लाग्नु गम्भीर कुरा हो। यसबारेमा सत्यतथ्य प्रकाशमा ल्याउनका लागि राज्यले छानविन गरी यो कालो दाग मेट्न सक्ला कि नसक्ला भन्ने प्रश्न पनि खडा भएको छ।

दुई देशको आन्तरिक सम्बन्ध, गोप्य सूचनाहरूबारे राम्रो जानकारी राख्ने पूर्व गृहसचिव श्रीकान्त रेग्मीका शब्दमा 'राज्यसँग गोप्य र अति गोप्य सूचनाहरू हुन्छन। यस्ता सूचना कहिल्यै बाहिर ल्याउन वा अरु कसैलाई दिन हुँदैन। ती सूचनाहरू विदेशीलाई बेच्नु त झन दण्डनीय अपराध नै हो। 'भट्टराईजीमाथि लागेको आरोप सत्य सावित भयो भने त्यो राष्ट्रिय हित विरुद्धको कदम हो'। पूर्व सचिव रेग्मीको कथन छ, 'त्यसैले छानविन गर्नुपर्छ र दोषी पाइए त्यस्ता व्यक्तिले प्रचलित कानून अनुसार कारवाही हुनुपर्छ।'

## दलित...

ज्यान मार्ने धम्की दिएको' बताएका छन। प्रहरीको यातनाबाट घाइते उनको उपचारका क्रममा वीरगञ्जस्थित नेसनल मेडिकल कलेजमा गत बिहीबार बिहान मृत्यु भएको पीडित परिवारको भनाइ छ।

निरञ्जनको साउन ३१ गते राती घाँटी रेटी हत्या भएको थियो। त्यसको भोलिपल्ट घरमा सुतिरहेका विजयलाई इलाका प्रहरी कार्यालय गरुडाको टोलीले पक्राउ गरेको थियो। पक्राउ गर्ने बेला पनि उनीमाथि निर्मम कुटपिट भएको परिवारका सदस्यले बताएका छन। प्रहरीले समेत विजयलाई पक्राउ गर्ने क्रममा गाडीमा बस्न नमानेपछि सामान्य बल प्रयोग गर्नुपरेको स्विकारेको छ।

घटनापछि हत्यामा संलग्न भन्दै प्रहरीले विजयलगायत गाउँकै ७ जनालाई पक्राउ गरेको थियो। हिरासतमै सिकिस्त भएका विजयलाई उपचारका लागि भदौ ४ गते साँझ प्रहरीले वीरगन्ज लगेको थियो। आफूलाई प्रहरीले चरम यातना दिएको अस्पतालको शैयाबाट विजयले भिडियोमा बताएका छन। 'मलाई निरञ्जनको हत्या स्वीकार गर्न भनेर सादा पोसाकको प्रहरीले दुई दिनसम्म बाँस, फलामे पाइप र बुटले हान्यो। हत्या स्वीकार नगरे प्रहरी कार्यालयबाट तेरो लास बाहिर निस्कन्छ भनेर धम्क्याए,' उनले भिडियोमा भनेका छन। मृत्यु हुनुअघि विजयले बोलेको झन्डै २ मिनेटको भिडियो सार्वजनिक भएको हो। जहाँ उनले निरञ्जनको हत्यामा आफ्नो कुनै संलग्नता नरहेको बताएका छन।

घटनाको राष्ट्रिय मानवअधिकार आयोगले पनि छानबिन थालेको छ। पीडित परिवारले इलाका प्रहरी गरुडा डीएसपी ज्ञानकुमार महतोलगायतका प्रहरीलाई कारबाही गर्न माग गरेका छन। प्रहरीले छोरालाई जबर्जस्ती हत्या स्विकार्न लगाउने क्रममा कुटपिट गरेको पीडितका बुबा पनिलाल महराको आरोप छ। हत्या गरिएका निरञ्जनका बुबा नन्दलाल रामले समेत विजय निर्दोष भन्दै आएका थिए। हत्या आरोपमा प्रहरीले विजयलगायत शेख अजाद, अजयकुमार रञ्जन, विवेकराय यादव, अर्जुन राम, सिकन्द्र पासवान र राजाराम साह गरी ७ जनालाई पक्राउ गरेर कर्तव्य ज्यान मुद्दा चलाएको छ। निरञ्जनका बुबाले प्रहरीमा दिएको किटानी जाहेरीमा पनि विजयको नाम छैन। विजयको शव पोस्टमार्टमका लागि काठमाडौं लगिएको छ।

*डीएसपी प्रदेश तानिए*

विजयको उपचारका क्रममा मृत्यु भएपछि इलाका प्रहरी कार्यालय गरुडाका डीएसपी ज्ञानकुमार महतोलाई अनुसन्धानका लागि शनिबार प्रदेश २ प्रहरी कार्यालय जनकपुर तानिएको छ।

महतोलाई प्रदेश झिकाई घटनाको अनुसन्धान भइरहेको प्रदेश २ प्रहरीका एसएसपी यज्ञविनोद पोखरेलले बताए। डीएसपी महतोले भने आफूले विजयलाई कुटपिट नगरेको दाबी गरेका छन। महतोको ठाउँमा जिल्ला प्रहरी कार्यालय रौतहटका डीएसपी भरत श्रेष्ठलाई पठाइएको छ। घटनाको अनुसन्धानका लागि गृह मन्त्रालयले इलाका प्रशासन कार्यालय चन्द्रनिगाहपुरका उपसचिवको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति पनि गठन गरेको छ।

हिरासतमा यातना दिएकै कारण मृत्यु भएको भन्दै प्रहरीलाई कारबाहीको माग गर्दै गरुडामा शनिबार पनि प्रदर्शन भएको छ। पीडित परिवार र जिल्लाभरका दलित भेला भएर प्रहरीको विरोध गरिरहेका छन।

## कविता

# फुलको कुरा


● प्रा.डा.जगदीश चन्द्र भण्डारी ●

*टाङ्गिनु र औंला ठड्याउनु*
*एक अर्को कित्तामा उभिनु*
*र एकअर्कोलाई प्रहार गर्नु*
*बमबर्सा गर्नु*
*त्यस्तै रहेछ त*
*गतिको नियम*
*अचम्म किन मान्नु*
*एउटै वर्णमालामा*
*उनिनु र फरक बन्नु*
*भिन्न बनेरै*
*शब्दसत्ता स्थापित गर्नु*
*अर्थरहित कथित मन्त्र बन्नु*
*ढोंग गर्नु छल्नु*
*कायिक अभिनय गर्नु*
*जादुटुना गरेरै*
*शब्दमहल खडा गर्नु*
*तत्त्वार्थविन शब्द हुनु*
*अर्थ विचलित हुनु*
*सारा भाष्य संशोधन गरि*
*शब्द र अर्थका*
*अन्तःलय विस्थापित गर्नु*
*र विसर्जनमा विलीन हुनु*
*उसले उसलाई*
*सधैँका लागि बिर्सनु*
*हराउनु र बगरे बन्नु*
*आफैंले आफ्नै*
*इतिहास र स्मृतिलाई*
*भयानक दुस्मन ठान्नु*
*विवेक र चेतनाका*
*सबै झ्यालढोका बन्द गर्नुलाई*
*राम्रो र महान ठान्नु*
*र बिचेत भै भाग्नु*
*प्रिय कुरा त*
*के हुन्थ्यो भने*
*भित्र र बाहिर द्वैतैर*
*कहिल्यै ननिभ्ने*
*रक्तवर्णी स्फिलिङ्गी*
*आगो हुर्हुर बाल्नु*
*र त्यसैमा आफुलाई*
*सुन्दर आकर्षक फुल*
*बनाउनु फुलाउनु*
*जुन हुन सकेन !*

# व्यवस्था


● सुनाखरी ●

संसदीय ,
लोकतन्त्र ,
प्रजातन्त्र र गणतन्त्र जे जे भनिए पनि ,
यो व्यवस्था !
निर्धन ,
किसान ,
श्रमिक , उत्पीडित वर्ग , जाती र जनजातिको हुदैहोइन ।

यो !
व्यवस्था !
भ्रष्ट ,
ठेकेदार ,
बिचौलिय ,
माफिया ,
कालाबजारी,
तस्कर ,
व्यभिचारी , र लुटेराहरूको व्यवस्था हो ।
देशीविदेशीका दलालहरूको व्यवस्था हो ।

हो !
यो ,
व्यवस्था ,
अनैतिक र अपराधीहरूको व्यवस्था हो ।

त्यसैले ,
यहाँ ,
निर्धनका ,
किसानका ,
श्रमिक ,
महिला ,
युवा ,
जाती ,
जनजाति र समग्र उत्पीडित वर्गका ,
प्रिय मनहरूका ,
भोक ,
रोग ,
शोक र चीत्कार सुनुवाइ हुँदैन ।

र !
कथा ,
व्यथा र आँसु पढिदैन ।
बाढी र पहिरो छेकिदैन ।
अभाव र छट्पटी देखिदैन ।
अनि !
त्याग ,
बलिदान र समर्पण ,
इतिहासमा कहिल्यै लेखिदैन ।
यो !
व्यवस्थाका ठेकेदारहरूले ,
चिथोर्दै ,
लुछ्दै ,
कुल्चदै ,
मार्दै र टुक्राटुक्रा पारेर मिल्काउदै हिड्दा !
स्वतन्त्र , छोडिदिने अदालत ,
निर्दोष ,र निर्धन खोजीखोजी ल्याउछ !
संगीनले घोच्दै अपराध स्वीकान लाउछ !

यी !
बिक्री भैसकेका अदालत ,
प्रशासन ,
शिक्षा , स्वास्थ्य र रोजगार सबै सबै उनकै बिर्ता !

यस्तो व्यवस्थाले जोडेका संचालकहरू,
उनकै ,
भाइ भतिजा ,
श्रीमती ,
साला ,साली ,
जेठान ,जेठिसासु ,
मामा भानिज,
छोराछोरी ,
सम्धी ,
सम्धिनी ,
पुजारी र लुटेरा बाहेक अरु कोहि हुनैसक्दैन ।

त्यसैले !
उत्पीडित वर्गका छोराछोरी ,
जतिसुकै !
परिपक्व ,
योग्य ,
दक्ष ,
क्षमतावान ,
इमानदार ,
स्वाभिमान र देशभक्ति भए पनि ,
यो व्यवस्थामा अयोग्य सावित हुन्छन ।
यिनको प्रवेश निशेध गरिन्छ ।
यिनको आवाज बन्द गरिन्छ ।
यिनको क्षमता र दक्षतालाई हतकडी लगाइन्छ ।
यिनको इमानदारीता, स्वाभिमान र देशभक्तिमा , देशद्रोहीको ट्याग लगाइन्छ ।

यस्तो व्यवस्थामा !
जनताले के आशा गर्ने ?
के भरोशा गर्ने ?
कसरी अभिभावकत्तोको अनुभुती गर्ने ?
त्यसैले !
सबै सबै देशभक्तिहरू ,
जाती र जनजातिहरू ,
युवा ,
महिला ,
उत्पीडित वर्गका प्रिय मनहरू ,
एकगठ्ठा हुनैपर्छ
यो व्यवस्था ध्वस्त बनाई, नयाँ आधार निर्माणको अभियानमा जुटौं ।

## राष्ट्रियता...

मुख्य बागडोर आफ्नो हातमा राख्न आफ्ना दलालहरूलाई सत्तामा पुर्याउनु थियो । त्यसरी मात्र सर्वहारा वर्गको हातमा सत्ता जानबाट रोक्न सकिन्छ भन्ने उनीहरूको मान्यता थियो र अन्ततः त्यहि भयो । जसले गर्दा मजदुर, किसानमाथि गरिदै आएको शोषण, दमन, उत्पीडनलाई कायम राख्नु मात्र होइन आदिवासी जनजाति, महिला, दलित, मधेसी, मुस्लिम र दुर दराजका जनतामाथिको शोषण, दमन र उत्पीडनलाई पनि कायम राख्न सकिन्छ भन्ने उनीहरूको अध्ययन थियो । आज त्यही भैरहेको छ । यो गहिराइलाई हामी सबैले एकरूपताका साथ बुझ्न सकेनौं र आन्दोलनको तिर ठिक तवरबाट सोझ्याउन सकेनौं भने थप अधिकार प्राप्त गर्ने विषय त कता हो कता विगतका संघर्षको बलमा प्राप्त सिमित अधिकार पनि बाँकी नरहन सक्छ ।

अहिले विश्वमा मार्क्सवाद-लेनिनवाद-माओवादले विकास गरेको दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको एउटा वैचारिक खाका छ भने अर्को पुँजीवादले विकास गरेको वैचारिक खाका छ । मालेमावादले विकास गरेको वैचारिक खाका नै आजको विश्वको सबैभन्दा अग्रगामी, सबै वर्ग वा समुदायको मुक्तिको वैचारिक एक मात्र विचार हो । सर्वहारा वर्गको नेतृत्वमा मजदुर, किसानको अगुवाइमा हुने वर्गसंघर्षद्वारा साम्राज्यवाद र विस्तारवादका हातमा रहेको सत्ता खोसेर सर्वहारा वर्गले आफ्नो हातमा सत्ता लिए पछि मात्र सबै प्रकारका शोषण, दमन र उत्पीडनको अन्त्य सम्भव छ । संघीय जनगणतन्त्रात्मक राज्य व्यवस्थाको स्थापनाले मात्र उक्त कार्य पुरा हुन सक्छ ।

क्रान्तिकारीहरूले विगतदेखि नै भन्दै आएको र रुस, चिन लगायतका सर्वहारा वर्गको हातमा सत्ता आएका देशहरूमा व्यवहारतः प्रमाणित भएको के हो भने वर्ग संघर्षमा सबै प्रकारका आन्दोलनलाई जोडौं र सत्ता प्राप्त भए पछी वैज्ञानिक तवरबाट अधिकारको बाडफाँड गरौं । यो सर्वहारा वर्गको घोषित नीति हो र व्यवहारमा पुष्टि पनि भै सकेको अवस्था हो । हाम्रो देशको सन्दर्भमा पनि त्यही हो । विगत देखि नै नेपालका क्रान्तिकारीहरूले भन्दै आएका र हाल नेकपा (क्रान्तिकारी माओवादी) ले भन्दै आएको विषय भनेको वर्ग संघर्षमा जातीय, लिङ्गीय, क्षेत्रीय आन्दोलनलाई केन्द्रित गर्ने साम्राज्यवाद, विस्तारवादका दलालहरूको हातमा रहेको सत्ता खोसेर सबै वर्ग, जाति, लिङ्गका समुदायहरूको अधिकारलाई समान तवरबाट वितरण गर्ने भन्ने नै हो । किनकि यतिबेला मजदुर, किसानमाथिको शोषण यथावतै छ । आदिवासी जनजातिहरूलाई बिना अधिकारको सात प्रदेशको नाउँमा ठगीदै छ । त्यो पनि पहिचान बिनाको । तेत्तीस प्रतिशतको घाँस देखाएर महिलाहरूलाई ठगीदै छ । जातीय उन्मुलनका नाममा दलितहरूलाई ठगीदै छ । स्थानीय सरकारका नाममा दुर दराजका जनतालाई ठगीदै छ र धर्म निरपेक्षताको नाममा मुस्लिमहरूलाई ठगीदै छ र मधेसका नाममा मधेसका उत्पीडित जनतालाई ठगीदै छ । त्यसैले सबैले बुझ्नुपर्दछ कि संसदीय व्यवस्था भनेको पुँजीवादी व्यवस्था हो । त्यसैले यो लोकतान्त्रिक गणतन्त्र भनेको स्वतन्त्र तवरबाट बनेको जनतन्त्र नभएर दलालहरूको हातमा रहेको गणतन्त्र हो जसले उत्पीडनमा परेका जनताका निमित्त केहि गर्न सकेन र गर्दैन पनि । सर्वहारा वर्गको वास्तविक सत्ता प्राप्तिका निमित्त सर्वहारा वर्गको नेतृत्वमा एकपटक निर्णायक लडाइ लड्न आवश्यक छ ।

*४.जन जिविकाको अवस्था*

जन जिविका भन्ने बित्तिकै सर्वसाधारण जनताको दैनिक उपभोग वा परिचालन गर्ने विषय वस्तुहरू नै हुन । खासगरी खाने, लाउने, बस्ने, शिक्षा र स्वास्थ्यलगायत जस्ता आधारभुत विषय बस्तु हुन । नेपालको कृषि प्रणाली करिब समाप्त जस्तै भएको छ । किनकि जनताले नत राम्रो सिचाइ को सुबिधा पाएका छन् नत समयमा मल, बिउ प्राप्त गर्न सक्छन । नत उब्जनी गरेको माल बिक्री बितरण गरेर राम्रो आम्दानी गर्ने अवस्था नै छ । यी सबै चिजहरूको अभावमा गाउँका सबै किसानका छोराछोरी कि त शहरमा असंगठित श्रमको क्षेत्रमा आउन बाध्य छन् या बिदेशका खाडि मुलुकहरूमा पलायन हुन बाध्य छन् । मुख्यतः उनीहरू श्रमको खोजीमा भौतारिदै आधा जीवन व्यतीत गर्न बाध्य छन । जसका कारण दैनिक पाँच जनाको लास, तिन जना अंगभंग भएर फर्कन बाध्य छन् । श्रम गरि राखेका कयौंको परिवार विघटन हुने गर्दछ । गाउँका खेतबारीमा बनमारा घारि बनेको अवस्था छ ।

कतिपय शहरमा रोजगारी गर्ने मजदुरहरूको स्थिति त्यो भन्दा कहालीलाग्दो छ । कम भन्दा कम ज्यालामा श्रम गर्नु पर्ने बाध्यता त छँदै छ त्यसमा पनि रोजी रोटी कति बेला खोसिने हो त्यो पनि अनिश्चित छ । यस्तो अवस्था बाट गुज्रि रहेका श्रमिक वर्ग मात्र होइन मध्यम वर्गको अवस्था समेत कमजोर बन्दै गइरहेको छ । यसको कारण केहो भने राज्य सत्ताको नत कुनै निति छ नत भएको नीतिलाई इमान्दारीका साथ कार्यान्वयन गर्ने इच्छा शक्ति नै छ । हरेक उपभोग्य वस्तु दिन दुई गुणा रात चार गुणाका दरले महँगो हँदै गएको छ । काला बजारियाहरूको सरकारका मन्त्रीहरूसंग, सांसदहरूसंग, कर्मचारीका उच्च ओहोदाका व्यक्तिहरूसंग भित्र भित्रै सेटिङ्ग हुन्छ र निरन्तर कमिसन खाइरहेका हुन्छन । केन्द्र देखि गाउँ तहसम्म कमिसनको जालो बनेको छ । जसले गर्दा सामान्य जनता आफ्नो जीवन धान्न नसक्ने अवस्थामा पुग्दै छन् । बजारमा महङ्गिले आकाश छुने अवस्था बन्दै गएको छ भने खाद्य वस्तुको मिसावटले आम जनताको जीवन त्यसै पनि समाप्त हुने अवस्थामा पुग्दै छ । आज कुनै गणनामा नभएको तर दैनिक जीवनयापन गर्न नसकेर आत्महत्या गर्ने देखि अखाद्य वस्तुको मिसावटका कारण मर्ने हरूको संख्या निरन्तर बढि रहेको छ जस्को कुनै वास्तविक आँकडा छैन ।

जनताका छोराछोरीले शिक्षा सर्वसुलभ तवरबाट हासिल गर्न पाईरहेका छैनन भने स्वास्थ्य उपचार महङ्गोका कारण सर्वसाधारणको पहुच भन्दा बाहिर छ । उपचार गर्न नपाएर मर्ने हरूको संख्य त्यतिनै बढी छ ।

राज्य सत्तामा पहुँच भएका र त्यसका आसेपासेहरूले भ्रष्टाचार, कमिसन र तस्करीको बाटो भएर अकुत सम्पत्ति आर्जन गरेको कुरा सेटिङ्ग नमिले वा मिलाउन नसकेर एक अर्काको पोल खोला खोलमा बाहिर आएका घटनाको मात्र लेखा जोखा गर्ने हो भने मात्रै पनि दैनिक आधा दर्जन घटनाका समाचार बन्ने गरेका छन् । कोरोना जस्तो घातक रोगको उपचारका निमित्त झिकाइएको उपकरण, औषधि जस्ता विषयमा मात्र होइन बाहिर अलपत्र परेका नेपालीहरू झिकाउदा होस या नेपालमा अलपत्र परेका विदेशी पठाउदा होस, क्वारेन्टाइन बनाउदा होस या क्वारेन्टाइनमा बसेकालाई खाना खुवाउदा होस यस्तो संवेदनशील अवस्थामा समेत राज्यमा बसेकाहरूले कमिसन खान र भ्रष्टाचार गर्न छोडेनन । यसरी राज्य सत्तामा बसेर सत्ताको दोहन गरिदै छ । जनता एक पछि अर्को कंगाल बन्दै गएका छन भने देशको अर्थतन्त्र टाट पल्टिदै गएको स्थिति छ ।

*५. अन्त्यमा*

राष्ट्रिय स्वाधीनता माथिको वैदेशिक हस्तक्षेपलाई रोक्न, जनताका दैनिक सरोकारका विषय हरूलाई समयमा समाधान गर्न, देशको राष्ट्रिय अर्थतन्त्र माथिको लुटपाटलाई रोकेर उन्नतिको दिशातिर लैजान, हत्या, बलात्कार, तस्करी, कालाबजारी, घुसखोरी, कमिसन तन्त्र जस्ता असामाजिक विषयहरूलाई संधैका निमित्त समाप्त बनाउन एउटा मात्र विकल्प छ क्रान्ति । संघर्षद्वारा, विद्रोहद्वारा, क्रान्तिद्वारा स्थापित सर्वहारा वर्गको राज्य सत्ताले मात्र यी सबै समस्याको समाधान सम्भव छ । त्यसका लागि सबै भन्दा पहिले सर्वहारा वर्गले त्यसको नेतृत्व गर्ने आँट, हिम्मत र साहास गर्न आवश्यक छ । आन्दोलनको अग्र भागमा समाजका सबै भन्दा उत्पीडित मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम र दुर दराजका जनताहरूको कसिलो एकता, विश्वास र वलिदानि भावनाको आवश्यक छ । त्याग, वीरता र वलिदानको आवश्यकता छ । यसका लागि छरिएर रहेका देशभक्तहरू, क्रान्तिकारीहरू, परिवर्तनका वाहकहरूको बिचमा संघर्षका लागी कार्यगत एकता, बृहत संयुक्त मोर्चा र कतिपय अवस्थामा पार्टी एकताको सम्भावनालाई समेत अगाडि बढाउन त्यतिकै जरुरी छ । यी महान सम्भावनालाई पकडौं, अग्रगामी परिवर्तनका निमित्त अगाडि बढौं ।

## नेपालमा...

उपलब्ध गराउन सक्छ । यो अन्तरगत दूतावासले आफूखुशी तथा पहुँचका भरमा कलेज, विद्यालय, पुस्तकालय, अस्पताल भवन, सामुदायिक भवन, सडक र खानेपानी आयोजनाको निर्माण तथा दमकल,एम्बुलेन्स र हेभी इक्विपमेन्ट खरिद गर्न रकम उपयोग गर्दै आएको छ । यस्ता परियोजनामा ३करोड देखि ५ करोडसम्म लगानी गर्दै आएको छ ।

साना विकास कार्यक्रम(एसडिपी)अन्तर्गत काठमाडौंस्थित भारतीय दूतावासले विगतमा जिल्ला विकास समितिहरूमार्फत विद्यालय, स्वास्थ्यचौकीजस्ता साना विकास आयोजनाका लागि अधिकतम पाँच करोड रूपैयाँ बराबरका परियोजना आफूखुसी सोझै बाँड्ने गरेको थियो ।

कार्यक्रमको इतिहास र वर्तमान

सन २००३ मा प्रधानमन्त्री सूर्यबहादुर थापाको कार्यकालमा नेपाल-भारतबीच यस्ता कार्यक्रमका लागि सम्झौता भएको थियो । त्यस समयदेखि नेपाल सरकारले साना विकास परियोजना (एसडिपी) कार्यक्रममार्फत साना आयोजनाहरूमा भारतलाई प्रत्यक्ष सहभागी गराउँदै आएको छ ।

सन २००३ देखि नेपाल सरकारले साना विकास परियोजना (एसडिपी) कार्यक्रममार्फत साना आयोजनाहरूमा भारतलाई प्रत्यक्ष सहभागी गराउँदै आएकोमा सन २००९ मा तत्कालीन अर्थमन्त्री डा. बाबुराम भट्टराईले नेपाल-भारतबीच यस्ता कार्यक्रमका लागि गरिएको सम्झौतालाई निरन्तरता दिने काम गरेका थिए । सुरु (सन २००३) मा तीन करोडसम्मका आयोजनाहरू दूतावासमार्फत चलाउन दिने गरी सम्झौता भएकोमा सन २००९ मा तत्कालीन अर्थमन्त्री डा. बाबुराम भट्टराईले भारतले पाँच करोड रूपैयाँसम्म खर्च गर्न सक्ने गरी निर्णय गराएका थिए । त्यसअघि सन २०११, २०१४ र पछि पनि उक्त सम्झौता नवीकरण हुँदै आएको थियो । पछिल्लो पटक थपिएको म्याद यहि श्रावण २१( अगष्ट ५) मा सकिदै थियो । मन्त्रिपरिषद्को श्रावण २९ गते सोमबार बसेको बैठकले यो परियोजनालाई अर्को ३ वर्ष लम्ब्याउने निर्णय गरेर ओली सरकारले भारतीय दुतावासलाई खुशी पार्ने काम गरेको छ ।

ओली सरकारले विगत सरकारलेजस्तै यस बर्षका लागि पनि भारतीय दूतावासलाई धेरै परियोजना छान्न दिएको छ । नेपालमा आफ्नो स्वार्थ पूरा गर्न सहयोग पुग्ने गरी परियोजना र मान्छे छानेर भारत सरकारले नेपालमा आफ्ना दलालहरू तयार पार्ने कामलाई ओली सरकारको यो निर्णयले निरन्तरता दिने भएकोछ ।

नेपाल सरकारले स्थानीय तहमार्फत यस्ता आयोजनाका प्रस्ताव संकलन गरेपनि आफूले चाहेका परियोजना राख्न दूतावासले दबाव दिदै आएकोछ र यो यसको चाहनाअनुसार नै लैनचौरले परियोजना र मान्छे छान्ने कामगर्दै आएको छ । दूतावासले यो वर्ष नेपालमा ६७ वटा साना विकास परियोजना फरक-फरक स्थानीय तहमा सञ्चालन गर्दैछ । त्यसमा करिब ३ अर्ब रूपैयाँ खर्च हुने भनिएको छ । स्रोतका अनुसार यो वर्ष ओलीको भारतप्रतिको थप सदासयताका कारण विगतमा भारतीय दूतावासले प्रस्ताव गरेका तर, अर्थमन्त्रालयले स्वीकृत गर्न बाँकी परियोजनाहरू पनि स्वीकृत भएका छन ।

***भारतले आफैं छान्छ परियोजना र मान्छे***

परियोजनामार्फत आउने भारतीय दुताबासको लगानीलाई नेपाल सरकारले हस्तक्षेप र नियन्त्रण गर्न सक्दैन । परियोजनासँग जोडिएका संस्था र व्यक्तिहरू नेपाल सरकारसँग भन्दा पनि भारतीय दुताबास र भारतप्रति बफादार देखिने र परियोजना प्राप्त गर्नका लागि भारतीय दुतावासकै ताबेदारी गर्ने प्रवृत्ति मौलाउने हुँदा यसले नेपालको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतामा गम्भीर आँच पुर्याउने विश्लेषण हुँदै आएको छ । यस्ता परियोजनाहरू नेपाल सरकारको योजना अनुसार सशर्त रूपमा स्थानीय तहमा सञ्चालन गर्ने कार्यविधि बनेपनि भारतीय दूतावासले परियोजना छनोटमा ती शर्त पालना गरेको छैन । परियोजना छनोटमै भारतीय दुतावासको भूमिका हुने भएकाले यस्ता कार्यक्रमबाट नेपाल र नेपाली जनताको फाइदाका लागि अपेक्षित सुधार गर्न नसकिने स्पष्ट छ ।

***नेपालमा भारतको समानान्तर सरकारको अभ्यास कसरी गराइँदै छ त ?***

भारतको समानान्तर सरकारको यस्तो अभ्यासलाई नेपालमा 'माइक्रो म्यानेजमेन्ट'मा भारतको संलग्नता भनिदै आएको यथार्थता हो । सन २००३ मा प्रधानमन्त्री सूर्यबहादुर थापाको कार्यकालमा नै भारतलाई स्थानीय तहसम्म खुलेआम 'माइक्रो म्यानेजमेन्ट' गर्न बाटो खोलिदिएको इतिहास छ । स्थानीय तहसम्म खुलेआम यसरी 'माइक्रोम्यानेजमेन्ट' गर्न दिन नहुनेमा तत्कालिन नेपाल सरकारका कर्मचारीहरूले सुझाव दिएका थिए भनिन्छ । तर, प्रधानमन्त्री थापाको भारत भक्तिको अडानपछि भारतसँग सम्झौता भएको त्यससमयका कर्मचारीले अहिले पनि बताउने गरेका छन । 'भारतलाई यसरी स्वेच्छाचारी ढंगले सिधै पैसा खर्च गर्न दिनु मुलुकको दीर्घकालीन हित र स्वार्थमा हुँदैन । भारतलाई यसरी हावी हुन दिनु हुँदैन, यसले हाम्रो सार्वभौमिकतामाथि प्रश्न चिह्न उठाउँछ भन्ने कुरा प्रधानमन्त्रीसमक्ष राख्यौं । तर, उहाँले हामीलाई ओभररुल गर्नुभयो । हाम्रो केही सीप लागेन र सम्झौता भयो ।' थापानिकट रहेर काम गरेका नीःवर्तमान एक वरिष्ठ अधिकारीले भन्ने गरेका छन् । अहिले पनि ओली सरकारका लागि भारसंग बन्द वार्ता सुचारु कसरी गर्ने होला भन्ने चिन्तालाई ओली मन्त्रिपरिषद्को श्रावण २९ गतेको बैठकले भारतीय दुतावासलाई खुशी पार्ने काम गरेर तत्कालका लागि हटाएकोछ ।

विगतमा दरवार नजिकका तर भारतीय तावेदारी गर्नेहरू, नेपाली काँग्रेसका नेताहरू, नेपालमा भारतीय सेनाबाट रिटायर्ड आर्मि अफिसरहरूमार्फत यस्ता परियोजनाहरू आ-आफ्नो क्षेत्रमा लगेर व्यक्तिगत पहँचका आधारमा भारतीय राजदुत नभए दुतावासका कर्मचारीहरूको भ्रमण गराउने र उनीहरूको सक्दो चाकडी गर्ने गर्दथे । अहिले पनि आफ्नो निर्वाचन क्षेत्रमा यस्तो साना परियोजनाहरू लैजान भारतीय दूतावासमा धाउने नेपाली नेता, सांसद र उच्च कर्मचारीको संख्या उल्लेख्य रहने गरेको छ । जसका कारण भारतीय दूतावासको नेपालमा राजनीतिक पहुँच र प्रभाव तल्लो तहसम्म परेको देखिन्छ । भारतले यस्ता कार्यक्रममार्फत नेपालमा आफ्ना दलालहरू तयार पार्दै आएको देखिन्छ ।

'दूतावासले यसरी विभिन्न छात्रवृत्ति, आयोजनाहरू र एम्बुलेन्स बाँड्दा त्यसले नेपालको राजनीतिमा कसलाई जिताउने र कसलाई हराउने भन्ने सम्मको अर्थ राख्दै आएकोछ,' नेपालका राष्ट्रवादी तथा देशभक्तहरू भन्ने गर्दछन । र अहिलेसम्मको इतिहासको समिक्षा गर्दा भारतीय दुतावासले आफ्ना पक्षकाहरूलाई पोस्न मात्रै यस्ता परियोजनाहरूको प्रयोग हुने गरेको पाइन्छ ।

यो साना विकास परियोजना (एसडिपी) भारतको अनुदान सहयोगमार्फत सञ्चालित परियोजना भएकोले यसमार्फत भारतले नेपालको आन्तरिक मामिलामा ठाडै हस्तक्षेप गर्दै आएको र ओली सरकारको अहिलेको निर्णयले फेरी पनि भारतले नेपालको आन्तरिक मामिलामा ठाडै हस्तक्षेप गर्ने बाटो खोलिदिएको टिप्पणी भइरहेको छ । भारतीय दूतावासले यसरी उपलब्ध गराउने रकमको जवाफदेहिता र पारदर्शितामाथि पनि अनेकौ प्रश्नहरू उठ्ने गरेका छन । यति सम्मकी अर्थ मन्त्रालय वा अन्य कुनै पनि सरकारी निकायलाई भारतीय सहयोग दुतावासमार्फत कसरी परिचालन हुन्छ भन्नेबारे जानकारी समेत गराउन नपर्ने, र यस खालको सुविधा भारतबाहेक अन्य कुनै पनि विदेशी मुलुकका राजदुतावासले नेपालमा पाउँदैनन ।

विदेशी दूतावासले 'सरकार सरह' आयोजनाहरू आफ्नो खल्तीबाट बाँड्नु कुटनीतिक मर्यादा र प्रतिष्ठाको विपरित समेत भएको र यो भारतको नेपालको आन्तरिक मामिलामा ठाडो हस्तक्षेप पनि हो भन्नेमा बहुसंख्यक नेपालीहरूको सहमति छ ।

***सारांश***

यही परियोजनाबाट नेपालको आन्तरिक मामिलामा 'माइक्रो मेनेजमेन्ट' गर्दै आएको भारतले आफ्नो दूताबासमार्फत साना परियोजनामा लगानी गरेर नेपालमा समानान्तर सरकारकै हैसियतमा अर्बौं रूपैयाँ सिंधै परिचालन गर्दै आएको भारतलाई दशेभक्तको पगरी भिरेको ओली सरकारले रातो कार्पेट बिच्छ्याएको छ । नक्सा प्रकरणमा आफुलाई भारत विरोधी देखाउँदै आएको र राष्ट्रवादी भएको दावी गर्दै आएको ओली सरकारको छवि मन्त्रिपरिषद्को उक्त निर्णयबाट सबै कृत्रिम भएको स्पष्ट भएको छ । यसरी नेपालको आन्तरिक मामिलामा 'माइक्रो म्यानेजमेन्ट'लाई प्रोत्साहित गराउने काममा ओली मात्रै नभई सूर्यबहादुर थापापछिका विगतका सवै प्रधानमन्त्रीहरू संलग्न देखिन्छन् ।

यसरी भारतलाई स्थानीय तहसम्म खुलेआम 'माइक्रो म्यानेजमेन्ट' गर्न बाटो खोलिदिने यस्ता परियोजनाहरूका लागि (विकास ल्याउने नाममा) भारतीय दूतावासमा धाउने नेपाली नेता, सांसद र उच्च कर्मचारीको पहिचान गरी यसले हाम्रो सार्वभौमिकतामाथि प्रश्न चिह्न उठाउँछ भन्ने कुरा जनस्तरसम्म बहस र छलफलको अभियान लैजान आवश्यकता देखिएकोछ ।

*hukumsingh2012@yahoo.com*

## डबल...

किन सामर्थ्य वा नैतिकता राख्दैनन ? किनभने यो सबै काम खुद उनीहरू नै गरिरहेका छन । राज्य शक्तिको चरम दुरूपयोग गरि यसप्रकारका राज्य विरोधि रजनविरोधि निकृष्ट अपराध र गतिविधि गर्नु उनीहरूको धन्दा भएको छ ।

**निरन्तर उत्पीडन र निरन्तर भ्रमको प्रतिरोध गरौं**

राज्यले जनता माथि निरन्तर कयौं विभेद र उत्पीडन थोपरेको छ । महिला, दलित, आदिवासी र जनजाति, मधेसी, अल्प संख्यक र सिमान्तकृत जनसमुदायको अधिकार खोसिएको रअपहरण गरिएको छ । युवा विद्यार्थीहरूको युगलाई नै हत्कडि लगाएर स्वप्नहिन, गतिहीन र उर्जा बिहिन लङ्गडो र बन्दि बनाउने दुस्साहस हुँदै आएको छ । मजदुर,किसान र विपन्न समुदायले आफ्नो मुक्तिको मुलबाटो पहिल्याउन सकिरहेका छैनन । परन्तु नेपालको जनताको मुख्यतः राजनीतिक चेतना सहि राजनीतिक विचार र दृष्टिकोणको सचेत ज्ञान सहित वैज्ञानिक धारणा निर्माण गर्ने तहसम्म उठेको छैन । जनताको यहि दुर्वल पक्षको फाईदा उठाउदै आजको दलाल प्रतिक्रियावादी शासक वर्ग जनतालाई विभिन्न सुधारवादी नारा दिँदै निरन्तर भ्रम सृजना गरि युवा,विद्यार्थी, मजदुर,किसान, महिला, दलित, मधेसी, आदिवासी र जनजाति र सिमान्तकृत जनसमुदाय भित्र आफ्नो पकड बलियो बनाउने कसरतमा लागेको छ । कांग्रेस,डबल नेकपा सहितका दलाल संसदवादी गुटले संघ, प्रदेश र स्थानीय तहसम्म यसको प्रचार गर्न राज्यकोषबाट तलब भत्ताको व्यवस्था गरि व्यापक मात्रामा कार्यकर्ता र भाडाका गुन्डाहरूको परिचालन गरेका छन । यसरी उनीहरू निरन्तर उत्पीडन, निरन्तर भ्रम फेरि निरन्तर उत्पीडनको राजनीति गर्दै आएका छन । यो भनेको जनतालाई तथ्यहरूको खोज अन्वेषण मार्फत सत्य उद्घाटन गर्न पाउने जनताको अधिकार बाट निषेध गर्नु हो । हामीले यसको विरोध र भन्डाफोर र सशक्त प्रतिरोध गर्नुपर्दछ ।

**संसदीय व्यवस्था र संसदवादी गुटलाई बुझ्ने सन्दर्भमा**

आज नेपालको प्रत्येक सचेत जनताले विद्यमान दलाल प्रतिक्रियावादी संसदीय व्यवस्था र संसदवादी गुटलाई बुझ्ने सन्दर्भमा स्पष्ट दृष्टिकोण निर्माण गर्न जरुरी भएको छ । आज नेपालमा जुन व्यवस्थाको अभ्यास गरिदैछ प्रथमतः यो शोषित पीडित मजदुर,किसान, महिला, दलित, मधेसी, आदिवासी र जनजाति र सिमान्तकृत जन समुदायको वा सर्वहारा वर्गको कुनै नयाँ व्यवस्था नभएर विश्वले पहिल्यै प्रयोग गरेको र असफल सावित हुँदै गएको मुठ्ठीभर सामन्त दलाल पुँजिपतिहरूको व्यवस्था हो । आज विश्वका पुँजिवादि देशहरूले सामना गर्नु परेको निरन्तर संकट र अन्तरविरोध यहि व्यवस्थाको उपज हो । पुँजिवादी क्रान्ति सम्पन्न नभएका हाम्रो जस्तो अर्ध सामन्ती, अर्ध र नव उपनिवेशिक मुलुकहरूमा यो व्यवस्थाले सृजना गर्ने संकट अझै डरलाग्दो र भयानक छ । दोस्रो विषय भनेको यहाँका दलाल संसदवादी गुटलाई बुझ्ने विषय हो । इतिहासमा अक्सर के हुँदै आएको छ भने हाम्रो जस्तो अर्ध सामन्ती, अर्ध रनव उपनिवेशिक मुलुकमा विद्यमान व्यवस्थालाई स्वीकार गर्ने कुनै पनि राजनीतिक गुट वा सरकार जनता र राष्ट्र प्रति जिम्मेवार र उत्तरदायी हुन सक्दैनन । साम्राज्यवाद र विस्तारवादको आशीर्वाद सहित दलाल पुँजिपति वर्गको पक्षमा काम गर्नु उनीहरूको कर्तव्य हुन जान्छ । यसर्थ, के यो व्यवस्था र व्यवस्था भित्रका कुनै पनि दलाल प्रतिक्रियावादी संसदवादी गुटहरूले आजको देशको अन्तरविरोधको सहि राजनीतिक सम्बोधन गर्न सक्छन ? दुनियाँको अनुभव र हाम्रो आफ्नै देशको अनुभवको आधारमा पनि हामि भन्न सक्छौं कि उनीहरूले सक्दैनन । के डबल नेकपाको आगामी विकल्प कांग्रेस, जसपा वा अन्य कुनै संसदवादी गुट हुन सक्छ ? विल्कुल हुन सक्दैन । किन हुन सक्दैन ? किन हुन सक्दैन भने कुनै पनि राजनीतिक पार्टीको भिन्नता भनेको सामान्यतः नाम भए पनि मुख्यतः ती राजनीतिक पार्टीले अवलम्बन गर्दै आएको राजनीति, विचार, दृष्टिकोण, पद्धति र कार्यशैलीको भिन्नता हो, राजनीतिक सत्तालाई हेर्ने दृष्टिकोण बिचको भिन्नता हो । त्यसो हुनाले डबल नेकपा, कांग्रेस, जसपा वा अन्य संसदवादी गुटको मुख्यतः सत्तालाई बुझ्ने दृष्टिकोण, चरीत्र, विशेषता वा मुल्यको बिचमा कुनै भिन्नता छ ? कुनै भिन्नता छैन । यो व्यवस्था प्रति उनीहरूको समान बुझाई रहेको छ । यसर्थ नामको आधारमा फरक फरक पार्टी जस्तो देखिए पनि यिनिहरूले गर्ने अपराध र हिड्ने बाटोमा कुनै अन्तर छैन । विद्यमान व्यवस्था यिनिहरूको जननि हो । एउटै कुकुर बाट जन्मि हुर्केका छाउरा र छाउरी जस्तै नाम वा रङ उनिहरूलाई चिन्ने सामान्य चिनारी बाहेक अरु होइन । भुक्नु उनीहरूको साझा विशेषता हो । यसर्थ जनताले अब यो दलाल प्रतिक्रियावादी संसदीय व्यवस्था सँगै संसदवादी गुट प्रति बाँकी रहेको सम्पुर्ण मोह त्याग्नु जरुरी छ । युवा विद्यार्थीहरूले सहि राजनीति विचार र दृष्टिकोणलाई आत्मसात गर्दै यो दलाल सत्ता ध्वस्त गरि सर्वहारा वर्गको सत्ता स्थापना गर्ने साहस राख्नै पर्दछ । मजदुर,किसान, दलित, महिला, मधेसी, आदिवासी र जनजाति र सिमान्तकृत सबै सबैले एकपटक सहि राजनीतिक विचार दृष्टिकोणको आलोकमा एकताबद्ध भई अघि बढ्न प्रतिबद्ध हुनुपर्छ । त्यो सहि विचार भनेको के हो ? त्यो सहि विचार भनेको मार्क्सवाद-लेनिनवाद-माओवादको विचार हो, वर्गसंघर्षको महान प्रक्रिया बाट निर्माण हुने विचार हो ।

***अन्त्यमा***

आज समाजमा जुन विभेद र उत्पीडन छ यो अशंमा भिन्न प्रकारको देखिए पनि मुलतः यी सबै वर्गिय उत्पीडनसँग जोडिएका वर्गिय राज्यसत्ताका उपज हुन । वर्गसंघर्षको भीषण प्रक्रियाको बिचबाट हामीले यो शृङ्खलालाई तोड्न सक्छौं । वर्गसंघर्ष शासकीय उत्पीडन विरुद्धको एक त्यस्तो युद्ध वा उथलपुथल सहितको क्रान्ति हो जसले समाज, देश र पुरै विश्व भरि शोषित पीडित वर्ग समुदायको पक्षमा एउटा नयाँ विजयको इतिहास निर्माण गर्ने सामर्थ्य राख्छ । पुँजिवाद र नव उदारवादको विश्व साम्राज्यलाई ध्वस्त र खरानी गर्ने साहस र सामर्थ्य राख्छ ।

यसर्थ, आउ युवा साथि हो, विद्यार्थी हो आउ ! ब्युँझ मजदुर किसानहरू गाउँ बस्ति जगाउ !! महिला दलित मधेसी उठ जनजाति ! यो व्यवस्था ध्वस्त गर्न सँगै लडौं साथि !!

*दलाल प्रतिक्रियावादी संसदीय व्यवस्था-ध्वस्त गरौं !*

*नयाँ जनवादी क्रान्ति जिन्दावाद*

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.नं. १२-२ ०७६/०७७) वर्ष ५ अङ्क ११
वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# डबल नेकपा, कांग्रेसको भ्रष्ट राजनीति र दलाल संसदीय व्यवस्था

*वर्ग समाजमा सबैजना एक विशेष वर्गको सदस्यको रूपमा रहेका हुन्छन । हरेक प्रकारको सोचरविचार, अपवाद बिना, कुनै एक वर्गको ब्रान्डसँग स्ट्याम्प गरिएको छ ।*

*– माओत्सेतुङ*



● बसन्त बोगटी ●

**पृष्ठभूमि**

नेपाली जनता इतिहास देखि नै निरन्तर शासक वर्गको शोषण,दमन र उत्पीडनको पहाडले किचिएर बाँच्न बाध्य छन। यो क्रममा दरबार-राणा, दरबार-राणा-कांग्रेस, दरबार-पञ्चायत र दरबार-बहुदलवादी (मुख्यतः तत्कालीन कांग्रेस, एमाले र राप्रपा) गुटहरूले देशमा ठुलो लुट, आतंक र भ्रष्टाचार गरे । मुख्यतः सन १९५० को असमान सन्धि, विभिन्न पुरक सन्धि सहित कोशि,गण्डकी र महाकाली सन्धि सम्झौता मार्फत देशमा कयौं राष्ट्रघात गरे ।

मुख्यतः दश वर्षे महान जनयुद्धको मुल जगमा टेकेर भएको ०६२/६३ को जन आन्दोलनले सामन्ती राजतन्त्रको अन्त्य गर्दै केहि सुधारात्मक परिवर्तन गर्यो । प्रचार र नाराहरूमा हामि लोकतन्त्रको युगमा प्रवेश गर्यौं परन्तु यो परिवर्तन दलाल प्रतिक्रियावादी संसदीय व्यवस्थाको कुरूप र डरलाग्दो चरित्र बोकेर आयो । आज यसलाई मुख्यतः अमेरिकी साम्राज्यवाद र भारतिय विस्तारवाद परस्त नेपालका दलाल संसदवादी गुटहरूले चलाइरहेका छन । लोकतन्त्रको नाममा अहिले देशमा फाँसिवादको अभ्यास आक्रमक र डरलाग्दो रूपमा हुँदैछ । भ्रष्टाचार संस्थागत बनेको छ । जनतन्त्र र जन जीविकाको विषय कोमामा पुगेको छ । जन आवाज र जनाधिकार माथि घोषित र अघोषित प्रतिबन्ध छ । राष्ट्रघात कथित राष्ट्रवादको घुम्टो ओडेर सक्रिय भएको छ । कांग्रेस र डबल नेकपा गुट यसको मुख्य नेतृत्वमा छन ।

**कोभिड-१९ को त्रासदि र निरन्तर भ्रष्टाचार**

यो कोभिड-१९ ले विश्वव्यापी त्रासदी पैदा गरेको समय हो । यसले मुख्यतः आर्थिक, राजनीतिक र सामाजिक क्षेत्रमा नयाँ र विशिष्ट संकटको सृष्टि गरेको छ । विश्वका उत्पीडित वर्ग र जनसमुदाय एकसाथ यो संकट सँग जुधिरहेका छन । हामि पनि यहि स्थिति बाट अगाडि बढ्ने साहस गर्दै छौं । करिब ४ महिना लामो लकडाउनको सामना गरेका नेपाली जनता अहिले निषेधाज्ञा र कर्फ्युसँग जुधिरहेका छन । अहिले रोगको भय र त्रासदि, पुर्ण रोजगारी कटौतीको समस्या सहित मुख्यतः मजदुर,किसान र विपन्न वर्ग रोटिको लडाइँमा छन । वैदेशिक रोजगारीको शिलशिलामा मुख्यतः भारत, मलेसिया, मध्यपुर्व र संसार भरि रहेका नेपाली मजदुरहरूको ठुलो संख्यामा रोजगारी गुमेको छ । उनीहरू अधिकतम छिटो स्वदेश फर्कन चाहन्छन । नेपालमा रहेका उनीहरूको परिवारको अपेक्षा पनि यहि छ । यद्यपि यो विषय अन्योलको स्थितिमा छ । यो सँगै प्राकृतिक विपत्तिको रूपमा बाढि पहिरोले कयौं जनधनको क्षति भएको छ । लाखौं जनता बिचल्ली र बे-घरबार भएका छन । यो संगै जन जिविकाको समस्या विगत भन्दा डरलाग्दो स्थितिमा पुगेको छ ।

जनताले भोग्नु परेको यस प्रकारको अपुर्व संकटमा संघ,प्रदेश र स्थानीय सरकारहरू के गर्दैछन ? प्रतिपक्षी दल के गर्दैछ ? के उनीहरू जनताको दुःख सुखमा सँगै उभिएका छन ? सरकारको तर्फबाट विकास र निर्माणमा संघ, प्रदेश र स्थानीय तहमा भएको भ्रष्टाचार ३३ किलो सुनकाण्ड,वाईडबडि जहाज खरिद प्रकरण,एनसेल प्रकरण,यति प्रकरण,ओम्नि,सेना प्रकरण र कोरोना नियन्त्रणको नाममा भएको १२ अरब भन्दा बढिको लुट र भ्रष्टाचार सहित दर्जनौं भ्रष्टाचारका प्रकरण (जहाँ सरकार वा प्रतिपक्ष प्रत्यक्षरपरोक्ष जोडिएको छ ) को शृङ्खला कहिले सम्म चल्छ ? नेपालका युवाहरूले मरुभुमिको चर्कोको घाममा १८-२० घन्टा श्रम,पसिना र रगत बगाएर वार्षिक रूपमा पठाएको अरबौ रूपैयाँको हिसाब खोई ? सामाजिक हिंसा, जातीय विभेदका आधारमा हुने बर्बर हिंसा, महिला हिंसा र बलात्कारका अपराधीलाई किन फाँसीमा झुन्ड्याईदैन ? यो प्रश्न नेपालका दलाल संसदवादी गुटहरूलाई सम्पुर्ण नेपाली जनताको तर्फबाट सोधिएको जनताको प्रश्न हो । के उनीहरू जनताहरूलाई यी प्रश्नहरूको जवाफ दिन तयार छन ? पक्कै उनीहरू यसको जवाफ दिन तयार छैनन् । उनीहरू यसको जवाफ दिने सामर्थ्य र नैतिकता राख्दैनन । उनीहरू *बाँकी ७ पेजमा*

## सशक्त...

तहसम्म पुगेको छ । यसले मुख्यतः मजदुर,किसान र विपन्न वर्ग समुदायको दैनिकी कष्टकर बनेको छ । गाँस बासको समस्या डरलाग्दो बनेको छ ।

वैदेशिक रोजगारीको शिलशिलामा मुख्यतः मध्यपुर्व, मलेसिया, भारत र विश्वका अनेकौं देशमा रोजगारीमा रहेका नेपाली श्रमिक वर्गको ठुलो हिस्साले रोजगारी गुमाएको छ भने उनीहरूको स्वदेश फर्कने विषय अन्योल ग्रस्त छ ।

यो स्थितिमा नेपाल सरकार श्रमिक वर्ग र उत्पीडित जनताको संकट सम्बोधन र समाधानको पक्षमा दृढतापुर्वक उभिनुको सट्टा निरन्तर भ्रष्टाचारमा सक्रिय छ भने पुँजिपति वर्ग समेत मजदुर वर्गको रोजगारी कटौती, तलब सुविधा कटौती सहित मजदुर विरोधी सम्झौताको पक्षमा सक्रिय छन, जुन निकै दुःखद विषय हो । हाम्रो संगठन यसको सशक्त विरोध, भण्डाफोर र प्रतिरोधको पक्षमा छ ।

यसैगरी विज्ञप्तिमा नेपाल सरकारलाई श्रमिक वर्ग र सम्पुर्ण उत्पीडित नेपाली जनताको पक्षमा उल्लेखित कामहरू अविलम्ब गर्न माग गरिएको छ ।

१. राज्यले श्रमिकहरूको रोजगारी र तलब सुविधा यथावत राखि श्रमिक वर्गको गाँस, बास, स्वास्थ्य, शिक्षा र सुरक्षाको सम्पुर्ण ग्यारेन्टी गर्नु पर्दछ ।

२. राज्यले वैदेशिक रोजगारीमा रहेका श्रमिक हरूलाई उच्च संकट, मध्यम संकट र सामान्य संकटको आधारमा वर्गीकरण गरि हवाई भाडा, स्वास्थ्य परिक्षण सहित आवश्यक सम्पुर्ण व्यवस्थापन गर्नु पर्दछ ।

३. पुर्ण रोजगारी गुमाएका श्रमिक हरूलाई अविलम्ब नगद राहत र बेरोजगारी भत्ताको व्यवस्था गरि मजदुर वर्गलाई रोजगारीबाट निष्कासन गर्ने, तलब सुविधाको कटौती गर्ने र मजदुर विरोधी सम्झौता रगतिविधि गर्ने हरूलाई अविलम्ब कारवाही गरिनुपर्छ ।

४. निजि क्षेत्रको लगानीमा सञ्चालित सम्पुर्ण हस्पिटलहरूलाई अविलम्ब राष्ट्रियकरण गरि स्वास्थ्य सेवालाई जनताको आधरभुत अधिकारको रूपमा स्थापित गर्नु पर्दछ । क्रमशः निजि क्षेत्र बाट सञ्चालित सम्पुर्ण उद्योग, कलकारखानाहरूको पनि राष्ट्रियकरण गर्नु पर्दछ ।

५. राज्य दीर्घकालीन योजनाअनुसार रोजगारीका नयाँ सम्भावनाको खोज र कृषि मजदुरको विकासमा जोड दिई मौलिक तथा अन्तर्राष्ट्रिय सिप, स्वदेशी मजदुर, स्वदेशी उत्पादन र उपभोगको दिशामा अगाडि बढ्नु पर्दछ ।

पछिल्लो समय देशका विभिन्न स्थानमा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको नेतृत्वमा उत्पीडित मजदुरहरूको पक्षमा विरोध कार्यक्रम हुँदै आएका छन् ।

## डबल...

आफूलाई प्रधानमन्त्री र पार्टी अध्यक्षबाट हटाउन खोजेको सार्वजनिक दावी गरेका थिए । पार्टीभित्र विवाद समाधानका लागि बनाएको ६ सदस्यीय कार्यदलले अन्ततः ओलीका अडानलाई नै अनुमोदन गराएको छ । संशोधनसहित एमसीसी संसदबाट पास गर्ने भनिए पनि अमेरिकाले एमसीसी सम्झौता संशोधन नहुने पटक पटक स्पष्ट पारिसकेको पृष्ठभूमिमा डबल नेकपा राष्ट्रघाती एमसीसी सम्झौता प्रम ओलीकै अडान अनुसार निशर्त संसदबाट पास गर्ने दिशामा उन्मुख देखिएको छ । कार्यदलको सुझाब अनुसार दुवै अध्यक्षले भदौं १३ का लागि सचिवालयको बैठक बोलाएको छ । सचिवालय, स्थायी समिति, पीवी र केसभित्र केही विरोध भए पनि दुई अध्यक्षबीच सहमति भएपछि एमसीसीलाई संसदबाटै पास गराउने बटमलाइनलाई नै पार्टीको बटमलाइन बनाउने देखिन्छ ।

अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कम्प्याक्ट अर्थात् एमसीसी सम्झौता स्वीकार गर्ने या नगर्ने भन्नेमा नेकपामा लामै समय विवाद भयो । सम्झौताका प्रावधान नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतामाथि गम्भिर आँच आउने, उक्त सम्झौतामार्फत् अमेरिकाले चीनलाई घेर्ने रणनीति अनुसार नेपाललाई आफ्नो इण्डो प्यासिफिक सैन्य रणनीतिको अभिन्न अंग बनाउने, नेपालको प्राकृतिक तथा मानवीय स्रोधसाधन समेत अमेरिकाले चीनका विरुद्ध प्रयोग गर्ने र अन्ततः नेपाललाई अमेरिकाले गुलाम देश बनाउन सक्ने भन्दै एमसीसीको खारेजीका लागि चौतर्फी रूपमा तीव्र विरोध हुँदै आएको थियो । र, सडकमा ठूल्ठूला प्रदर्शनहरू पनि भए । त्यसको प्रभाव स्वरूप नेकपाभित्र पनि एमसीसीका पक्षधर र खारेजीका पक्षधरबीच खेमाबन्दी भयो । अन्ततः हरेक हिसाबले राष्ट्रघाती ठहर गरिएको एमसीसी सम्झौता पास गर्ने सहमति ओली र प्रचण्ड-नेपाल समूहबीच हुन पुग्नु नेपालका लागि अर्को बिडम्बना हो । कांग्रेस एमसीसी पास गर्ने हुटहुटीमा रहेको र जनसमाजवादी पनि त्यही लाइनमा रहेको अवस्थामा एमसीसी दुईतिहाइ मतका साथ पास गराउने खतरा प्रबल देखिएको छ ।

खासगरी प्रधानमन्त्री समेत रहेका अध्यक्ष केपी ओली समूह एमसीसी सम्झौता संशोधनबिनै कार्यान्वयन गर्नुपर्ने पक्षमा सुरुदेखि नै उभिदै आएको थियो । अर्का अध्यक्ष पुष्पकमल दहाल प्रचण्ड, वरिष्ठ नेता माधवकुमार नेपालसहित झलनाथ खनाल र नारायणकाजी श्रेष्ठलगायतका नेताहरू सम्झौता राष्ट्रघाती रहेको भन्दै हुबहु पास गर्न नहुने अडान राख्दै आएका थिए । पार्टीमा एमसीसीबारे ध्रुवीकरण बढेपछि स्थायी समिति हुँदै गत माघमा सम्पन्न केन्द्रीय समिति बैठकले वरिष्ठ नेता झलनाथ खनालको नेतृत्वमा तीन सदस्यीय कार्यदल गठन गर्यो । कार्यदलले झण्डै तीन साता लगाएर प्रतिवेदन त तयार गर्यो तर त्यो प्रतिवेदन अहिलेसम्म कुनै पनि पार्टी कमिटीमा छलफलका लागि अघि बढाइएन । यद्यपि पार्टीले निर्णय नगर्दासम्म एमसीसीका काम कारबाही अघि नबढाउने सचिवालय बैठकले यसअघि निर्णय गरेको थियो ।

पछिल्लो पटक गत साउन ३० गते नेकपाभित्रको विवाद समाधान गर्न गठित महासचिव विष्णु पौडेल नेतृत्वको ६ सदस्यीय कार्यदलले पनि एमसीसीबारे छलफल गर्दै केही सुझाव दिएको छ । पौडेल नेतृत्वको कार्यदलले तयार पारेको प्रतिवेदनमा एमसीसी सम्झौताबारे ‘राष्ट्रिय हितमा स्पष्ट पार्दै आवश्यकता अनुसार परिमार्जन र संशोधन गरी अनुमोदन गर्ने’ भनिएको छ ।

‘नेपाल सरकार र अमेरिकी सरकारको संस्था मिलेनियम च्यालेन्ज कर्पोरेसन बीच सन् २०१७ मा सम्पन्न भएको मिलेनियम च्यालेन्ज कम्प्याक्ट सम्झौता यतिबेला संसदमा अनुमोदनका लागि विचाराधीन अवस्थामा छ’, पौडेल नेतृत्वको कार्यदलले अध्यक्षद्वयलाई बुझाएको प्रतिवेदनले भनेको छ, ‘उक्त सम्झौताका सम्बन्धमा निर्णयमा पुग्नुअघि आवश्यक अध्ययन गरी सुझावसहितको प्रतिवेदन प्रस्तुत गर्न केन्द्रीय कमिटीको दोस्रो बैठकबाट कार्यदल गठन गरिएको थियो । कार्यदलले आफ्नो प्रतिवेदन प्रस्तुत गरिसकेको छ ।’

प्रतिवेदनको अन्तिममा थप प्रस्ट पार्दै भनिएको छ, ‘मिलेनियम च्यालेन्ज कम्प्याक्ट सम्झौता र सोसम्बन्धी कार्यदलको प्रतिवेदन उपर स्थायी कमिटी र सचिवालयमा छलफल गर्ने । उक्त सम्झौतालाई राष्ट्रिय हितमा स्पष्ट पार्दै आवश्यकता अनुसार परिमार्जन र संशोधन गरी अनुमोदन गर्ने ।’ एमसीसी सम्झौता संशोधन गर्न नसकिने कुरा अमेरिकाले पटक पटक स्पष्ट पारिसकेको पृष्ठभूमिमा नेकपाको कार्यदलले दिएको उक्त सुझावभित्र लुकेको नियत र रहस्य पदार्पणका लागि केही समय कुर्नुपर्ने देखिन्छ ।

## चार...

जोगाउन र कोरोना र लकडाउनका कारणले आर्थिक गतिबिधि ठप्प भएर जनतामाथि पर्न लागेको अनिकालको स्थितिबाट उनीहरूलाई बचाउन सरकारले सम्पूर्ण ध्यान केन्द्रित गरोस् भन्ने पुनः जोडदार माग गर्दछौं ।

हामी अमेरिकाको एउटा कम्पनीसँग नेपाल सरकारले गरेको अपमानजनक राष्टघाती एमसीसी सम्झौता खारेज गर्न बिभिन्न राजनीतिक दल र संघ संगठनहरूले चलाइरहेको आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदछौ र यो आन्दोलनलाई सशक्त तुल्याउन जोडदार अनुरोध पनि गर्दछौ ।

नेपालको अतिक्रमित भूमि भारतबाट फिर्ता ल्याउन, भारतीय सैन्य अखडा कालापानी क्षेत्रबाट हटाउन, अतिक्रमित सबै क्षेत्रको भूमिबाट अतिक्रमणलाई सदासदाका लागि अन्त्य गर्न तथा भारतसँगको सीमात ब्यबस्थित र सुरक्षित तुल्याउन देशमा चलिहरको आन्दोलनप्रति हामी ऐक्यबद्धता जनाउँदछौ र संघर्षशील रहिरहन्छौ भन्ने कुरा पनि हामी प्रष्ट पार्दछौ ।

हालै आएको बाढी पहिरोमा परेर नेपाली किसानहरूको ठूलो जन धनको क्षति पुग्न गएको छ । यसप्रति गम्भीर चिन्ता ब्यक्त गर्दै पीडित परिबारलाई पर्याप्त राहत प्रदान गर्न र किसानहरूलाई जोखिमपूर्ण स्थानबाट स्थानान्तरण गरी सुरक्षित बसोबासको ब्यबस्था मिलाउन र किसनारुलाई बर्षेनी आउने बाढी पहिरोबाट जोगाउन ठोस कार्ययोजना ल्याइयोस् भन्ने माग गर्दछौ ।

हामी सर्बत्र भइरहेको भ्रष्टाचारको जोडदार बिरोध गर्दछौं र कृषि मल तथा अनुदानमा भइरहेको ठूलो भ्रष्टाचारको छानबिन गर्न, भ्रष्टाचारीलाई कारबाही गर्न किसानलाई सुलभ तरीकाले समयमै गुणस्तरीय मलखाद उपलब्ध गराउन र उत्पादन बढाउन जोडदार माग गर्दै समयमा मलखान उपलब्ध नगराउँदा उत्पादनमा हुन जाने क्षतिको किसानलाई पूर्ति गर्न हामी हामी जोडदार माग गर्दछौ ।

बिदेशमा अलपत्र किसानका छोराछोरीलाई बिनाशर्त र बिनाभेदभाव सुरक्षित स्वदेश फिर्ता ल्याउन तथा क्वारेण्टाइनमा राखेर निसंक्रमित भएपछि घर पठाउन पनि हामी पुनः जोडदार माग गर्दछौं ।

अन्त्यमा, यो पछिल्लो भर्चुअल अन्तरक्रिया भन्दा पहिले पनि हामी ४ किसान संगठनका अतिरिक्त अन्य कृषि विज्ञ तथा सरोकारवालाहरू समेत सामेल भएर किसान समस्याको समाधानका लागि सरकार जिम्मेवार हुनुपर्ने निष्कर्ष निकालेको कुरा सर्बबिदितै छ । तर सरकारले किसानका जल्दाबल्दा समस्याप्रति कुनै ध्यान दिएन ।

अहिले विदेसमामा रहेका नेपालीहरूको पनि सहभागिता र किसानका व्यावसायिक तथा अन्य संघ संगठन समेतको सहभागिताले किसानको मुद्दा सर्वसम्मत हुन पुगेको र यसले किसानका माग केन्द्रित रहेर साझा आन्दोलन उठाउन सकिने उपयुक्त वातावरण बन्दै गएको र एक भएर साझा माग तयार गरी आन्दोलनमा उत्रने निष्कर्ष यो अन्तरक्रियाले निकालेको छ । अन्य वाहिर रहेका किसान संघ संगठनहरूको समेत राय सल्लाह, सहमति र सहभागी गराउन हामी आवश्यक पहल र तयारी गर्नेछौ । तत्काल कोभिड -१९ र वाढी पहिरो लगायत प्राकृतिक विपत्ति तथा किसानको खेतबारीमा तात्काल परेको समस्या समाधान कालागि सरकारलाई दवाब दिन लकडाउन खुकुलो भएपछि विरोध पत्र दिने तयारी गर्दै रहेको जानकारी पनि गराउँन चान्छौ ।

*१. भैरबराज रेग्मी - अध्यक्ष*
*अखिल नेपाल किसान महासंघ(अप्पो)*
*२. सीताराम तामाङ- अध्यक्ष*
*अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)*
*३. लोकनारायण सुबेदी-अध्यक्ष*
*अखिल नेपाल किसान यूनियन*
*४ कृष्ण राना- इञ्चार्ज*
*अखिल नेपाल प्रगतिशील किसान संघ*
*२०७७ भाद्र १४ गते*







**कोभिड–१९ को संक्रमण फैलन नदिन सम्पूर्ण उद्योग, व्यापारिक एवं व्यावसायिक फर्म, डिपार्टमेन्टल स्टोर, बिक्री केन्द्र एवं पसलहरुले वस्तु तथा सेवाको उत्पादन, प्रशोधन, ढुवानी तथा बिक्री वितरणलगायतका कार्यहरु गर्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वीकृत गरेको कोभिड–१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड (Protocal) अनिवार्य पालना गरौं ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।